# सिद्धार्थनगर नगरपालिका, रुपन्देहीको पञ्चवर्षीय शिक्षा योजना

# आ.व २०८१/८२ - २०८५/८६

## नगर कार्यपालिकाको मिति २०८२।१२।२० को बैठकको निर्णयबाट पारित

सिद्धार्थनगर नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

सिद्धार्थनगर, रूपन्देही

लुम्बिनी प्रदेश

नेपाल

# विषयसूची

क) विषय प्रवेशः ........ ७
ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यः........ ८
ग) सिद्धार्थनगर नगरपालिकामा शिक्षा योजना निर्माणको औचित्यः ........ ९
घ) शिक्षा योजना निर्माणका आधारहरुः........ ९
ङ) शिक्षा योजना निर्माण प्रक्रियाः........ १०
च) योजनाको लेखाजोखाः........ ११
छ) योजनाको दस्तावेजको स्वरुपः ........ ११
परिच्छेद १........ १२
परिचय........ १२
१.१ वर्तमान अवस्थाः........ १२
क) अवधारणाः ........ १३
ख) सन्दर्भ........ १५
१.२ नगर परिचय........ १५
क) धरातलीय अवस्थाः........ १६
ख) सांस्कृतिक उत्कृष्टताः ........ १६
ग) आर्थिक अवस्थाको विश्लेषणः........ १७
घ) जनसङ्ख्याको विवरण ........ १७
ङ) शिक्षा क्षेत्रको समग्र विश्लेषणः ........ २३
च) नगरपालिकाको शैक्षिक अवस्थाः........ २४
छ) विद्यालय विवरणः ........ २५
१.३ सिद्धार्थनगर नगरपालिकाको शिक्षा क्षेत्रका मुख्य समस्या, तिनका कारण, चुनौती र अवसरको विश्लेषणः ........ ३०
क) समस्याहरुः........ ३०
ख) समस्याका प्रमुख कारणहरुः ........ ३१
ग) चुनौतीहरू ;........ ३३
घ) अवसरहरूः ........ ३४
परिच्छेद २........ ३५
दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण........ ३५
२.१ सिद्धार्थनगर नगरपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः........ ३५
क) दूरदृष्टिः........ ३७
ख) लक्ष्यः........ ३७
ग) उद्देश्यहरूः........ ३७
घ) रणनीतिहरूः ........ ३८
ङ) कार्यनीतिहरुः ........ ३९
२.२ अपेक्षित उपलब्धिः........ ४२
२.३ सिद्धार्थनगर नगरपालिकाको मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य निर्धारण........ ४३
परिच्छेद ३........ ४५

शिक्षाका मुख्य उपक्षेत्र........ ४५
३.१ प्रारम्भिक बालविकास र शिक्षा........ ४५
३.१.१ परिचय र बर्तमान अवस्थाः ........ ४५
३.१.२ प्रारम्भिक बालविकासका मुख्य समस्या र चुनौतीः ........ ५०
३.१.३ प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका सूचकहरूः........ ५१
३.१.४ उद्धेश्यहरुः ........ ५१
३.१.५ रणनीतिहरुः........ ५१
३.१.६ प्रमुख उपलब्धि तथा नतिजाः ........ ५२
३.२ आधारभूत शिक्षा ........ ५४
३.२.१ परिचय र वर्तमान अवस्थाः ........ ५४
३.२.२ आधारभूत शिक्षाका मुख्य समस्या र चुनौतीहरू........ ५८
३.२.३ उद्देश्यहरुः........ ६०
३.२.४ रणनीतिहरू........ ६०
३.२.५ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः ........ ६१
३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः........ ६२
३.३ माध्यमिक शिक्षाः ........ ६४
३.३.१ परिचय र वर्तमान अवस्थाः ........ ६४
३.३.२ माध्यमिक शिक्षाका मुख्य समस्या र चुनौतीहरू ........ ६६
३.३.३ उद्धेश्यहरुः ........ ६९
३.३.४ रणनीतिहरुः........ ६९
३.३.५ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः ........ ७०
३.३.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः ........ ७०
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम........ ७२
३.४.१ परिचय र वर्तमान अवस्थाः ........ ७२
३.४.२ प्राविधिक शिक्षाका मुख्य समस्या र चुनौतीहरुः........ ७३
३.४.३ उद्धेश्यहरुः ........ ७४
३.४.४ रणनीतिहरुः........ ७४
३.४.५ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः ........ ७५
३.४.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः ........ ७५
३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाईः........ ७६
३.५.१ परिचय र वर्तमान अवस्थाः ........ ७६
३.५.२ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका मुख्य समस्या तथा चुनौतिहरुः ........ ७८
३.५.३ उद्धेश्यहरुः ........ ७८
३.५.४ रणनीतिहरुः........ ७८
३.५.५ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः ........ ७९
३.५.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः ........ ७९
परिच्छेद ४........ ८०
अन्तरसम्बन्धित विषय तथा क्षेत्र........ ८०

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ८०
४.१.१ परिचय र बर्तमान अवस्थाः ........ ८०
४.१.२ उद्धेश्यहरुः ........ ८२
४.१.३ रणनीतिहरुः ........ ८२
४.१.४ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः ........ ८३
४.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः ........ ८३
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ८४
४.२.१ परिचय र बर्तमान अवस्थाः ........ ८४
४.२.२ उद्देश्यहरूः ........ ८७
४.२.३ रणनीतिहरू ........ ८७
४.२.४ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः ........ ८८
४.२.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ८८
४.३ शैक्षिक समता र समावेशीकरण ........ ९०
४.३.१ परिचय र बर्तमान अवस्था ........ ९०
४.३.२ समस्या तथा चुनौतिहरू ........ ९२
४.३.३ उद्देश्यहरू ........ ९२
४.३.४ रणनीतिहरू ........ ९२
४.३.५ उपलब्धी ,नतिजा ,प्रमुख क्रियाकलाप र लक्ष्य ........ ९३
४.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ९३
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ९४
४.४.१ परिचय र वर्तमान अवस्था : ........ ९४
४.४.२ समस्या तथा चुनौतीहरू ........ ९७
४.४.३ उद्देश्यहरू : ........ ९७
४.४.४ रणनीतिहरू : ........ ९८
४.४.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ९८
४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ९९
४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता ........ १००
४.५.१ परिचय र वर्तमान अवस्था : ........ १००
४.५.२ उद्देश्यहरू ........ १०२
४.५.३ रणनीतिहरू ........ १०२
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ........ १०३
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १०४
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ १०४
४.६.१ परिचय र वर्तमान अवस्था ........ १०४
४.६.२ उद्देश्यहरू ........ १०८
४.६.३ रणनीतिहरू ........ १०८
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ........ १०९
४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ १०९

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि........ १०९
४.७.१ परिचय तथा बर्तमान अवस्था........ १०९
४.७.२ उद्देश्यहरू........ ११४
४.७.३ रणनीतिहरू........ ११४
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा........ ११५
४.७.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य........ ११५
परिच्छेद ५........ ११६
अन्य उपक्षेत्रहरू........ ११६
५.१ विद्यालय अतिरिक्त क्रियाकलाप र खेलकुद........ ११६
५.१.१ परिचय तथा बर्तमान अवस्था........ ११६
५.१.२ उद्देश्यहरू........ ११९
५.१.३ रणनितीहरूः........ ११९
५.१.४ प्रमुख उपलब्धि तथा नतिजा........ ११९
५.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्यः........ १२०
परिच्छेद ६........ १२०
सुशासन तथा व्यवस्थापन........ १२०
६.१ संस्थागत संरचना र क्षमता विकास........ १२०
६.१.१ परिचय र वर्तमान अवस्था........ १२०
६.१.२ उद्देश्यहरू........ १२२
६.१.३ रणनीतिहरू........ १२३
६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य........ १२३
६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ १२४
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध........ १२४
६.२.१ वर्तमान अवस्था........ १२५
६.२.२ उद्देश्यहरू........ १२६
६.२.३ रणनीतिहरू........ १२६
६.२.४ प्रमुख उपलब्धि तथा नतिजा........ १२७
६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ १२८
परिच्छेद ७........ १२८
लगानी र स्रोत व्यवस्थापन........ १२८
७.१ परिचय र बर्तमान अवस्था........ १२८
७.२ उद्देश्यहरू........ १३०
७.३ रणनीतिहरू........ १३०
७.४ प्रमुख उपलब्धि तथा नतिजा........ १३०
७.५ प्रमुख क्रियाकलाप र लक्ष्य........ १३०
७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया........ १३१
परिच्छेद ८........ १३३
अनुगमन तथा मूल्याङ्कन........ १३३

८.१ परिचय र बर्तमान अवस्था ........ १३३
८.२ उद्देश्यहरु ........ १३४
८.३ रणनीतिहरू ........ १३४
८.४ प्रमुख उपलब्धि तथा नतिजा ........ १३५
८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १३६

## पञ्चवर्षीय नगर शिक्षा योजना निर्माण कार्यदलका पदाधिकारीहरूः

| क्र.सं | पदाधिकारीहरूको नाम | पद |
|---|---|---|
| १. | इस्तियाक अहमद खाँ - नगर प्रमुख | संयोजक |
| २. | डा. शम्भुकुमार गुप्ता | सदस्य |
| ३. | प्रकृति उप्रेती | सदस्य |
| ४. | रूद्र प्रसाद ज्ञवाली | सदस्य |
| ५. | मकबुल अहमद | सदस्य |
| ६. | जाह्नवी पाण्डे | सदस्य |
| ७. | मोतिलाल सुवेदी | सदस्य |
| ८. | दिनेशकुमार मिश्र | सदस्य |
| ९. | डिल्लीराज भट्टराई | सदस्य |
| १०. | शुसिल गुरुङ | सदस्य |
| ११. | चेतनशील लम्साल | सदस्य सचिव |

## क) विषय प्रवेशः

नेपालको संविधानअनुसार राज्यको पुनर्संरचना भई एकात्मक राज्य ब्यवस्थाबाट संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । जसअनुसार हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ । नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हकसमेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक, समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन ।
संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

संघीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ । मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुर्याउन सकिन्छ । यहि वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बीच तादाम्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण गर्नुपर्ने विषयहरु, १५वर्षे दिगो विकास लक्ष्य, पन्ध्रौं आवधिक योजनाका लक्ष्यहरू र हालै कोभिड १९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १०वर्षे (वि.सं.२०७९ देखि २०८८ सम्म) विद्यालय शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ । विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं.२०७९ देखि २०८८ सम्म) नेपाल सरकार, शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयद्वारा तयार गरिएको दीर्घकालीन रणनीतिक योजना हो, जसको उद्देश्य विद्यालय शिक्षा प्रणालीलाई गुणस्तरीय, समावेशी, र सुलभ बनाउनु रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजना नेपालको संविधान, शिक्षा ऐन २०७५, र राष्ट्रिय शिक्षा नीति २०७६ लाई मार्गदर्शनको रूपमा राखेर

तयार गरिएको छ । स्थानिय तहको शिक्षा योजनामा पनि विद्यालय शिक्षा क्षेत्र योजनाका उद्देश्य र रणनितिलाई प्रमुख मार्गदर्शन मानि सोहि अनुसारका उद्देश्यहरु हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले समेट्ने मुख्य विषयबस्तुहरु खासगरि सर्वसुलभता र समानता, गुणस्तरीय शिक्षा, शिक्षा व्यवस्थापन सुधार, समावेशी शिक्षा, प्राविधिक र व्यावसायिक शिक्षा, सूचना प्रविधिको उपयोग, विपद् व्यवस्थापन र शिक्षा, अनुसन्धान, अनुगमन, र मूल्याङ्कन, र शिक्षा क्षेत्रमा दीर्घकालीन वित्तीय स्थिरता सुनिश्चित गर्ने रहेका छन् । तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०२२ सम्ममा विकासशील मुलुकको रूपमा र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यमआय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षा अनुरुप सिद्धार्थनगर नगरपालिकाले समेत स्थानीयतामा आधारित रहेर यो शिक्षा क्षेत्रको योजना निर्माण गरेको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यः

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, १६औं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय संरचना अनुसार कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।
नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य समेत रहेको छ.

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाई उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसै परिवेशमा यस सिद्धार्थनगर नगरपालिकाले पनि शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी पञ्चवर्षीय स्थानीय शिक्षा योजना निर्माण र कार्यान्वयन गरी शिक्षा क्षेत्रमा अपेक्षित सुधार गर्नुपर्ने आवश्यकता र औचित्य देखेको छ ।

## ग) सिद्धार्थनगर नगरपालिकामा शिक्षा योजना निर्माणको औचित्यः

१. तिनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजय सहसम्बन्ध स्थापित गर्न
२. संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
५. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन
६. नगरपालिकामा देखिएका मुख्य शैक्षिक समस्या, समस्याका कारणहरुको पहिचान गरि समस्या समाधानका उपायहरु कार्यान्वयन गर्न,
७. स्थानीय साधन, स्रोत र मानव संसाधनको अधिकतम सदुपयोग गर्न,

## घ) शिक्षा योजना निर्माणका आधारहरुः

सिद्धार्थनगर नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ। यसका अतिरिक्त अन्य सान्दर्भिक र सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ

क) नेपालको संविधान
ख) १६ औं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना र सिकाई आपुरण तथा दुरत सिकाई योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालीन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी संघसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि
ढ) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको प्रतिवेदनहरू

### ङ) शिक्षा योजना निर्माण प्रक्रियाः

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याई मिठो प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढंगले योजना निर्माणकार्य गरिएको छ । सिद्धार्थनगर नगरपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

१. नगर शिक्षा समितिको मिति २०८१/०५/१८ को बैठकले नगर शिक्षा योजना निर्माणका लागि कार्यदिश सहितको ११ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।
२. कार्यदलको मिति २०८१/०५/१९ गते बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाँड गरिएको ।
३. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको । योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको ।
४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको ।
५. सरोकारवालाहरू सँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या समस्या वृक्ष, क्धइत् बलबथिकष्क तथा नबउ बलबथिकष्क गरिएको ।
६. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।
७. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको
८. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको ।
९. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको
१०. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।
११. नगर शिक्षा योजना निर्माण कार्यदलले ...........मितिमा अन्तिम सुझावबाट आएका पक्षहरुलाई समेटि निर्माण भएको अन्तिम मस्यौदालाई नगर शिक्षा समितिमा पेश गरिएको ।
१२. नगर कार्यपालिकाको मिति ....................गतेको बैठकबाट स्वीकृत तथा सिफारिस भई मिति............गतेको नगर सभाबाट प्रमाणित गरिएको

१३. नगर शिक्षा समितिको मिति .........को बैठकबाट नगर सभामा सिफारिस सहित पेश गरेको ।

**च) योजनाको लेखाजोखाः** नगर शिक्षक योजना लागू भएपछि सोको प्रभावकारीताको **लेखाजोखा गरिने छ ।**

**छ) योजनाको दस्तावेजको स्वरुपः** योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरू सँगको प्रत्यक्ष सहभागितामा पालिकाका बर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्धेश्य, रणनिति र कार्यनितिहरुका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाइ प्राथमिक स्रोतकारूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ । सिद्धार्थनगरको आगामी ५ बर्षे शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुँदा योजनामा समाबेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय वर्तमान, अवस्थाको विश्लेषण, अवसर र चुनौति, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई जिम्मेवारीका साथ महत्वपूर्ण स्थान दिइएको छ । शिक्षा योजनाको दस्तावेजको स्वरुप यहाँ उल्लेख गरिएको छ ।

योजनाको सारांश

परिच्छेद १: परिचय

परिच्छेद २: दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण

परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

परिच्छेद ५: अन्य उपक्षेत्र

परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन

# परिच्छेद १

## परिचय

### १.१ वर्तमान अवस्थाः

नेपालको संविधानले शिक्षा सम्बन्धी पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल््क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ । त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत समेत गरेको छ ।

दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धि २३ वटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस सिद्धार्थनगर नगरपालिकाले पनि शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका ठहर गरी पाँच वर्षे शिक्षा योजना (२०८१-०८२-२०८५-०८६)कार्यान्वयनमा ल्याएको छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) कार्यान्वयनमा रहेको अवस्थामा यस सिद्धार्थनगर नगरपालिकाको पाँच वर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । संघीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ भने विद्यालय क्षेत्र विकास योजना (२०७३'२०७९) कार्यान्वयन भई हाल विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) कार्यान्वयनमा रहेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु-व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरि सम्वृद्ध नेपाल सुखि नेपालीको नारालाई साकार पार्न सिद्धार्थनगर नगरपालिकाले शिक्षा योजना २०८१ तयार गरेको छ । यसका साथै नगरपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्वन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस

योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ । यसमा भएका व्यवस्थाहरूलाई आ-आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र समृद्ध नगरपालिकाको रूपमा विकास गर्न यस शैक्षिक योजनाले उल्लेख्य भूमिका खेलेको छ ।

## क) अवधारणाः

नेपालको संविधानको धारा ३१ मा शिक्षालाई मौलिक हकका रूपमा उल्लेख गरिएको छ । शिक्षामा पहुँच वढाउन र शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने सम्बन्धी धारा ३१ को उपधारा १ र २ मा व्यवस्था गरेको छ । त्यसैगरी उपधारा ३,४ र ५ मा क्रमशः अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ ।
नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्र् विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो नेपालको संविधानले प्रत्याभूत गरेअनुसार आधारभूत तहको शिक्षा अनिवार्य तथा निः शुल्क र माध्यमिक तहको शिक्षा निः शुल्क गर्ने सुनिश्चितता गर्न, राष्ट्रिय शिक्षा नीति, २०७६ ले निर्देश गरेका नीतिको कार्यान्वयन गर्न र सन् २०३० सम्ममा समावेशी र गुणस्तरीय शिक्षा तथा जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्न अन्तर्राष्ट्रिय समुदायले पहिचान गरेका दिगो विकास लक्ष्य ४ हासिल गर्ने प्रतिवद्दता पुरा गर्न शिक्षा विकासको १० वर्षे (२०७९ देखि २०८८) दृष्टिकोणसहित पहिलो पाँच वर्षका लागि आवश्यक स्रोतसहितको विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा आएको छ । जसको दिर्घकालिन सोच सक्षम, सृजनशील र मूल्यउन्मुख नागरिक तयार गरी नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका माध्यमबाट "समृद्ध नेपाल, सुखी नेपाली" को आकाङ्क्षा पूरा गर्ने रहेको छ भने अन्तर्राष्ट्रियस्तरसँग तुलनायोग्य गुणस्तरसहितको सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सक्षम, सुशासित, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास गर्नु विद्यालय शिक्षा क्षेत्र योजनाको ध्येय रहेको छ । विद्यालय शिक्षामा सबै बालबालिका विशेषतः आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु, प्रत्येक बालबालिकामा न्यूनतम् सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु, सबै नागरिकलाई आधारभूत कार्यमूलक तथा जीवनोपयोगी सिपसहित साक्षर बनाउनु र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसर विस्तार गर्नु, सबै नागरिकलाई आधारभूत कार्यमूलक तथा जीवनोपयोगी सिपसहित साक्षर बनाउनु र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसर विस्तार गर्नु विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८ का मुख्य उद्देश्यहरु रहेका छन् ।

दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ।

साविकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४-२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९-२०१६) का एकीकृत कार्यसूचीहरू र विद्यालय शिक्षा क्षेत्र योजना (२०२२-२०३२) यस योजनाका प्रमुख मार्गदर्शक हुन् । राष्ट्रिय शिक्षा नीति,२०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, सोह्रौ योजना, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार मानिएको छ । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक पर्दछ । सङ्घीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढङ्गले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा नीतिको जरुरत पर्दछ । शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी एकीकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्नु परेको कुरा उल्लेख गरेको छ ।

अनिवार्य तथा निः शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ शिक्षा प्राप्त गर्ने प्रत्यक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधानमा प्रदत्त मैलिक हकलाई व्यवहारमा कार्यन्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मखु राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गरी शिक्षालाई सर्वव्यापी जीवनोयोगी, प्रतिस्पर्धा एवं गुणस्तरिय वनाउनका लागि अनिवार्य तथा निःशुल्क र अनिवार्य शिक्षाको व्यवस्था गरेको र यस सम्वन्धि नियमावली, २०७७ ले परिच्छेद-६ सम्म व्यवस्था गरेको छ ।

दिगो विकासको लक्ष्य २०३० मा शिक्षा सम्वन्धि लक्ष्य ४ मा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने दिगो विकास लक्ष्य ४ अन्तर्गतः

(क) सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले निशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,

(ख) सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने,

(ग) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,

(घ) रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सिप र दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने र

(ङ) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष राखेको छ ।यसरी शिक्षको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दै स्थानीय तहको जनशक्ति र आवश्यकतालाइ समेटी कार्यन्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ ।

### ख) सन्दर्भ

शैक्षिक क्षेत्रको विकेन्द्रीकरण सँगसँगै नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकार सञ्चालनका लागि अधिकार प्रत्यायोजन गरेको छ । सोही अनुसार आधारभूत शिक्षा र माध्यमिक तहको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेकोले शैक्षिक योजना वनाइ सोको कार्यान्वयन गर्नका लागि महत्वपूर्ण रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन भित्र पर्ने शिक्षा सम्वन्धी २३ वटा अधिकार व्यवस्था गरेको छ नीतिगत व्यवस्थामा सुधार भएको, निशुल्क र अनिवार्य शिक्षा लागु ,शिक्षामा लगानि वृद्धि, विद्यालयको संस्थागत संरचनामा सुधार भएको देखिन्छ ।

नेपाल आफैंमा विविधतायुक्त देश हो । नेपालमा सयभन्दा बढी जातजाति र भाषाभाषी, विविध धर्मावलम्बी र संस्कृति छन् । नेपालमा भौगोलिक विविधतामा आधारित सांस्कृतिक र सामाजिक विविधता पनि विद्यमान रहेको छ । यो विविधतामा अनेकौं सौन्दर्यता पनि लुकेको छ । विधितामा एकता नेपाली समाजको विशेषता हो । विविधताको सौन्दर्यतालाई राष्ट्रिय भावनामा बदल्न सके मात्र विविधताले सकारात्मक परिणाम दिन सक्छ । सकारात्मक परिणाम दिन सक्ने गरी गरिएको व्यवस्थापन अहिलेको आवश्यकता हो । विविधता नेपाल राज्यको मौलिक पहिचान हो । यसैले विविधताको व्यवस्थापन नेपालको सन्दर्भमा समेत सामयिक बन्ने गरेको छ ।

## १.२ नगर परिचय

सिद्धार्थनगर नगरपालिका लुम्बिनी प्रदेशको रूपन्देही जिल्लाको दक्षिण भेगमा अवस्थित छ । सिद्धार्थनगर नगरपालिकामा नेपालको दोस्रो अन्तराष्ट्रिय विमानस्थल "गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल" रहेको छ ।सिद्धार्थनगर नगरपालिका नेपाल र भारतको सिमानामा पर्ने मुख्य प्रवेशद्वारहरु मध्ये एक महत्वपूर्ण पर्यटकीय, व्यापारिक र औद्योगिक केन्द्रको रूपमा स्थापित छ । भगवान गौतम बुद्धको बाल्यकालको नाम सिद्धार्थ (सर्वअर्थसिद्ध) बाट यस नगरपालिकाको नामकरण गरिएको छ । सांस्कृतिक परम्परा र मान्यताहरू साहित्य, भाषा, कला, धर्म, सस्कृतिको साझा संगमको रूपमा यो नगरपालिका रहेको छ । वि.सं. १९९० सम्म नगन्य रूपमा मात्र वस्तीहरू भएको यस नगरमा वि.सं २०१० सालमा शान्तिनगरमा हवाई मैदान निर्माण भएपछि बस्ती विकासको गतिमा तीव्रता आएको पाईन्छ । वि.सं. २०२४ सालमा भैरहवा नगर पञ्चायतको नामबाट औपचारिक रूपमा नगरपालिका घोषणा भएको थियो । वि.स. २०३३ सालदेखि नगरपालिकाको नाम भैरहवा नगरबाट सिद्धार्थनगरमा रुपान्तरित भएको हो । यस नगरपालिकाको संक्षिप्त परिचय तल उल्लेख गरिएको छ।

| भौगोलिक | विवरण |
|---|---|
| अवस्थिति अक्षांशः | २७°३१' उत्तर |
| देशान्तरः | ८३° २६' पूर्व |
| पालिकाको क्षेत्रफल कि मि. | ३६.०३ बर्ग कि.मि. |
| सिमानाः | पूर्वः रोहिणी गाँउपालिका र ओमसतिया गाँउपालिका<br>पश्चिमः मायादेवी गाँउपालिका<br>उत्तरः ओमसतिया गाँउपालिका र मायादेवी गाँउपालिका<br>दक्षिणः महाराजगञ्ज जिल्ला उत्तर प्रदेश भारत |
| उचाईः | समुद्र सतहबाट ११० मिटर |
| हावापानी | उष्णप्रदेशीय |
| स्थान | सिद्धार्थनगर नगरपालिका , भैरहवा, रूपन्देही |
| प्रशासनिक विभाजन विवरण | |
| जम्मा वडा सङ्ख्या | १३ |
| संघीय निर्वाचन क्षेत्र नं. | ३ |
| प्रदेश निर्वाचन क्षेत्र नं. | ३ (क) |

### क) धरातलीय अवस्थाः

सिद्धार्थनगर नगरपालिकाको धरातलीय अवस्था समथर खालको रहेको छ । साथै यसको ठूलो भाग शहरीकरण र व्यापार व्यवसाय लगायत उद्योगहरुले ओगटेका छन् भने ग्रामीण क्षेत्रका भागहरुमा कृषि उत्पादन गरिन्छ । यस नगरपालिकामा उष्ण प्रदेशीय हावापानी पाइन्छ । अधिकतम तापक्रमः ४५.२० डिग्री सेल्सियस र न्यूनतम तापक्रम २.४० डिग्री सेल्सियस सम्म पुगेको देखिन्छ भने औसत वर्षाः १४३६.५ मि.मि. सम्म भएको पाइएको छ । मंसिरदेखि माघसम्म जाडो हुने, बैशाखदेखि आश्विनसम्म गर्मी हुन्छ । लगभग ८० प्रतिशत वर्षा आषाढ, श्रावण, भाद्र महिनामा मनसुनी वर्षा हुने गर्दछ ।

### ख) सांस्कृतिक उत्कृष्टताः

अनेक जाति, भाषा, धर्म र संस्कृति रहेको यहाँ दशैं, तिहार, तीज, हरितालिका, श्रीकृष्णज न्माष्टमी, छठ, फागु, माघेसंक्रान्ती, ईद आदि चाडबाडहरु मनाईन्छन् । सिद्धार्थनगर नगरपालिका नेपाल र भारतको सिमानामा पर्ने मुख्य प्रवेशद्वारहरुमध्ये एक महत्वपूर्ण पर्यटकीय, व्यापारीक र औद्योगिक केन्द्रको रूपमा स्थापित छ । भगवान गौतम बुद्धको बाल्यकालको नाम सिद्धार्थ सर्वअर्थसिद्ध बाट यस नगरपालिकाको नामकरण गरिएको छ। सांस्कृतिक परम्परा र मान्यताहरू साहित्य, भाषा, कला, धर्म, सस्कृतिको साझा संगमको रूपमा यस नगरपालिका

रहेको छ । यसको साथै नगरपालिका भित्र मनाईने चाडपर्वको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | चाडपर्व तथा जात्राहरू | क्र.सं. | चाडपर्व तथा जात्राहरू |
|---|---|---|---|
| १ | दशै | ५ | शिवरात्री |
| २ | तिहार | ६ | ईद |
| ३ | छठ | ७ | होली |
| ४ | तीज | ८ | जितिया पर्व |

### ग) आर्थिक अवस्थाको विश्लेषणः

सामाजिक क्रियाकलापको केन्द्रबिन्दु नै आर्थिक विकास हो । आर्थिक हैसियतकै आधारमा सामाजिक व्यवहार, मूल्यमान्यता, क्रियाकलाप, सम्बन्धको दायरा तथा अन्य अवस्थाको विकास हुन्छ । जब मानिस आर्थिक रूपले सम्पन्न हुन्छ तब शिक्षा, स्वास्थ्य, सञ्चार, खाद्यसुरक्षा, पोषण लगायतका क्षेत्रमा उसको पहुच विस्तार हुन्छ । आर्थिक विकाससंग सम्बन्धित विषयवस्तु सिद्धार्थनगर नगरपालिकाको प्रमुख आर्थिक विकास स्थानीय सरकारको प्रमुख उद्देश्यका रूपमा रहेको छ । रोजगारीको अवस्था, उद्योगधन्दा तथा भौतिक पूर्वाधारको पूर्ण विकास तथा व्यावसायिक आधुनिक खेती प्रणालीको प्रवर्दनबाट आर्थिक विकास हुन सक्ने मानिन्छ । आधारभूत सर्भेक्षण २०७७ को अध्ययन अनुसार यस नगरपालिकाका बासिन्दाको प्रमुख आर्थिक स्रोतका रूपमा व्यापार रहेको छ भने यसका अलावा बैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्स, कृषि, सरकारी कर्मचारी, नोकरी, श्रमिक, अटो चालक, वकिल, इन्जिनियर डाक्टर पाईलट, न्यायाधीश, पशुपालन तथा अवकाश कर्मचारीहरु नै नगरपालिकाका आर्थिक स्रोत हुन् ।

### घ) जनसङ्ख्याको विवरण

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस सिद्धार्थनगर नगरपालिकाको परिवार सङ्ख्या र जनसङ्ख्या विवरण यहाँ उल्लेख गरिएको छ ।

| परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | पुरूष | महिला | परिवारको औषत आकार | लैङ्गिक अनुपात | बार्षिक जनसङ्ख्या बृद्दिदर | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १५८७१ | ७४४३६ | ३७२४९ | ३७१८७ | ४.६९ | १००.१७ | १.५३ | २०६६ |

**वडागत जनसङ्ख्या विवरणः**

| वडा नं. | पुरूष | महिला | जम्मा | पुरूष प्रतिशत | महिला प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| वडा नं. १ | ३८५५ | ३८४१ | ७६९६ | ५०.०९ | ४९.९१ | १००.३६ |
| वडा नं. २ | १८४७ | १८८५ | ३७३२ | ४९.४९ | ५०.५१ | ९७.९८ |
| वडा नं. ३ | ४६३० | ४६७७ | ९३०७ | ४९.७५ | ५०.२५ | ९९.०० |
| वडा नं. ४ | २७०३ | २६२७ | ५३३० | ५०.७१ | ४९.२९ | १०२.८९ |
| वडा नं. ५ | ४५२ | ३७७ | ८२९ | ५४.५२ | ४५.४८ | ११९.८९ |
| वडा नं. ६ | ५६९५ | ५४५२ | ११९४७ | ५१.०९ | ४८.९१ | १०४.४६ |
| वडा नं. ७ | १७९२ | १८३४ | ३६२६ | ४९.४२ | ५०.५८ | ९७.७१ |
| वडा नं. ८ | ५२९५ | ५२७७ | १०५७२ | ५०.०९ | ४९.९१ | १००.३४ |
| वडा नं. ९ | ४१०२ | ४२६८ | ८३७० | ४९.०१ | ५०.९९ | ९६.११ |
| वडा नं. १० | १४११ | १३७४ | २७८५ | ५०.६६ | ४९.३४ | १०२.६९ |
| वडा नं. ११ | १६८८ | १५३८ | ३२२६ | ५२.३२ | ४७.६८ | १०९.७५ |
| वडा नं. १२ | २०५२ | २१७१ | ४२२३ | ४८.५९ | ५१.४१ | ९४.५२ |
| वडा नं. १३ | १७२७ | १८६६ | ३५९३ | ४८.०७ | ५१.९३ | ९२.५५ |
| स्रोतः राष्ट्रिय जनगणना २०७८ | | | | | | |

**प्रमुख १० धर्मको आधारमा जनसंख्याको विवरण प्रतिशतमाः**

| क्र.सं. | धर्म | पुरुष प्रतिशत | महिला प्रतिशत | जम्मा |
|---|---|---|---|---|
| १. | हिन्दु | ८१.६ | ८१.३ | ८१.५ |
| २. | बौद्ध | ३.२ | ३.६ | ३.४ |
| ३. | इस्लाम | १३.८ | १३.४ | १३.६ |
| ४. | किरात | ०.०३ | ०.०२ | ०.०२ |
| ५. | क्रिश्चियन | ०.७ | ०.९ | ०.८ |
| ६. | प्रकृति | ०.०३ | ०.०३ | ०.०३ |
| ७. | बोन | ०.०६ | ०.०६ | ०.०६ |
| ८. | जैन | ०.०२ | ०.०२ | ०.०२ |
| ९. | बहाई | ०.०० | ०.०० | ०.०० |
| १०. | सिख | ०.०५ | ०.१ | ०.०५ |
| **स्रोतः राष्ट्रिय जनगणना २०७८** | | | | |

**जातजातीको आधारमा जनसंख्याको विवरणः**

| जातजाती | पुरुषको संख्या | महिलाको संख्या | जम्मा | पुरुष प्रतिशत | महिला प्रतिशत | औसत |
|---|---|---|---|---|---|---|
| क्षेत्री | २,९९३ | ३,२११ | ६,२०४ | ८.०४ | ८.६३ | ८.३३ |
| ब्राम्हण पहाड | ५,०९० | ५,१०० | १०१९० | १३.६६ | १३.७१ | १३.६९ |
| मगर | २,४५५ | २७६८ | ५२२३ | ६.५९ | ७.४४ | ७.०२ |
| थारु | ७२४ | ७४८ | १४७२ | १.९४ | २.०१ | १.९८ |
| तामाङ | १०० | ११३ | २१३ | ०.२७ | ०.३० | ०.२९ |
| नेवार | १,१०९ | १२४२ | २३५१ | २.९८ | ३.३४ | ३.१६ |
| विश्वकर्मा | ७५१ | ८९३ | १६४४ | २.०२ | २.४० | २.२१ |
| मुसलमान | ४९६२ | ४८४७ | ९८०९ | १३.३२ | १३.०३ | १३.१८ |
| इादव | २२२९ | २०३७ | ४२६६ | ५.९८ | ५.४८ | ५.७३ |
| राई | ५४ | ६० | ११४ | ०.१४ | ०.१६ | ०.१५ |
| गुरुङ | १३४८ | १६६१ | ३००९ | ३.६२ | ४.४७ | ४.०४ |
| परियार | १६५ | २०७ | ३७२ | ०.४४ | ०.५६ | ०.५० |
| ठकुरी | ४३६ | ४८९ | ९२५ | १.१७ | १.३१ | १.२४ |
| लिम्बु | ११ | १४ | २५ | ०.०३ | ०.०४ | ०.०३ |
| मिजार | ११६ | १३५ | २५१ | ०.३१ | ०.३६ | ०.३४ |
| तेली | १२५० | ११५० | २४०० | ३.३६ | ३.०९ | ३.२२ |
| चमार हरिजन राम | १२४५ | ११५६ | २४०१ | ३.३४ | ३.११ | ३.२३ |
| कोइरी कुशहवा | ५८६ | ५४७ | ११३३ | १.५७ | १.४७ | १.५२ |
| कुर्मी | ७८१ | ७४८ | १५२९ | २.१० | २.०१ | २.०५ |
| सन्यासी दशनामी | ७८ | ६६ | १४४ | ०.२१ | ०.१८ | ०.१९ |
| धानुक | ७ | ६ | १३ | ०.०२ | ०.०२ | ०.०२ |
| दुशाद पासवान पासी | ३१७ | २९५ | ६१२ | ०.८५ | ०.७९ | ०.८२ |
| मल्लाह | ९९१ | ९०४ | १८९५ | २.६६ | २.४३ | २.५५ |
| केवट | ४६५ | ४३१ | ८९६ | १.२५ | १.१६ | १.२० |
| कठाबानीया | ३०९ | २७८ | ५८७ | ०.८३ | ०.७५ | ०.७९ |
| ब्राम्हण तराई | १४६६ | १३५४ | २८२० | ३.९४ | ३.६४ | ३.७९ |
| कलवार | ५०३ | ४६३ | ९६६ | १.३५ | १.२५ | १.३० |
| कानु | ६५२ | ६२२ | १२७४ | १.७५ | १.६७ | १.७१ |
| कुमाल | ८६ | ६८ | १५४ | ०.२३ | ०.१८ | ०.२१ |
| घर्ती भुजेल | १७ | २३ | ४० | ०.०५ | ०.०६ | ०.०५ |
| हजाम ठाकुर | ३०५ | ३०८ | ६१३ | ०.८२ | ०.८३ | ०.८२ |
| राजबंशी | १२ | ८ | २० | ०.०३ | ०.०२ | ०.०३ |
| शेर्पा | १२ | १३ | २५ | ०.०३ | ०.०३ | ०.०३ |
| धोबी | ५५१ | ४९६ | १०४७ | १.४८ | १.३३ | १.४१ |
| तात्मा तात्वा | ५६ | ५२ | १०८ | ०.१५ | ०.१४ | ०.१५ |
| लोहार | १२७ | १३४ | २६१ | ०.३४ | ०.३६ | ०.३५ |
| सुण्डी | २१ | १३ | ३४ | ०.०६ | ०.०३ | ०.०५ |
| हलुवाई | १६३ | १३६ | २९९ | ०.४४ | ०.३७ | ०.४० |

| जातजाती | पुरुषको संख्या | महिलाको संख्या | जम्मा | पुरुष प्रतिशत | महिला प्रतिशत | औसत |
|---|---|---|---|---|---|---|
| माझी | २८ | २७ | ५५ | ०.०८ | ०.०७ | ०.०७ |
| बरई | ३०९ | २७३ | ५८२ | ०.८३ | ०.७३ | ०.७८ |
| नुनिया | ४७ | ५१ | ९८ | ०.१३ | ०.१४ | ०.१३ |
| सोनार | २०६ | २०१ | ४०७ | ०.५५ | ०.५४ | ०.५५ |
| कमहार | ४१५ | ४१५ | ८३० | १.११ | १.१२ | १.१२ |
| सुनुवार | ३२ | ३० | ६२ | ०.०९ | ०.०८ | ०.०८ |
| कहार | ७३२ | ६८८ | १४२० | १.९७ | १.८५ | १.९१ |
| मारवाडी | २६२ | २५० | ५१२ | ०.७० | ०.६७ | ०.६९ |
| कायश्थ | ३१५ | ३१९ | ६३४ | ०.८५ | ०.८६ | ०.८५ |
| राजपुत | १९८ | १९२ | ३९० | ०.५३ | ०.५२ | ०.५२ |
| ओराओन कुदुख | १० | १३ | २३ | ०.०३ | ०.०३ | ०.०३ |
| लोध | ११८ | १०६ | २२४ | ०.३२ | ०.२९ | ०.३० |
| बधाई बाधी | १४९ | १३९ | २८८ | ०.४० | ०.३७ | ०.३९ |
| बंगाली | ४८ | ४६ | ९४ | ०.१३ | ०.१२ | ०.१३ |
| गडेरी भेडियार | १७२ | १४९ | ३२१ | ०.४६ | ०.४० | ०.४३ |
| माली | १७ | २० | ३७ | ०.०५ | ०.०५ | ०.०५ |
| धुनिया | ४१ | ३८ | ७९ | ०.११ | ०.१० | ०.११ |
| डोम | ६५ | ६७ | १३२ | ०.१७ | ०.१८ | ०.१८ |
| थकाली | ५१ | ६९ | १२० | ०.१४ | ०.१९ | ०.१६ |
| कोरी | १७ | १३ | ३० | ०.०५ | ०.०३ | ०.०४ |
| छन्त्याल | ६ | ६ | १२ | ०.०२ | ०.०२ | ०.०२ |
| राजभर | २३२ | २०६ | ४३८ | ०.६२ | ०.५५ | ०.५९ |
| पन्जाबी सिख | २२ | २५ | ४७ | ०.०६ | ०.०७ | ०.०६ |
| गाइने | ६ | ८ | १४ | ०.०२ | ०.०२ | ०.०२ |
| पत्थरकट्टा | ११ | ८ | १९ | ०.०३ | ०.०२ | ०.०३ |
| धरिकार | ७५ | ७२ | १४७ | ०.२० | ०.१९ | ०.२० |
| ढाडी | १२२ | १०५ | २२७ | ०.३३ | ०.२८ | ०.३० |
| पुन | ९ | १४ | २३ | ०.०२ | ०.०४ | ०.०३ |
| रौनियार | ८ | ११ | १९ | ०.०२ | ०.०३ | ०.०३ |
| बनिया | ३८८ | ३५४ | ७४२ | १.०४ | ०.९५ | १.०० |
| बेलदार | २६ | २४ | ५० | ०.०७ | ०.०६ | ०.०७ |
| अन्य | ४८ | ५१ | ९९ | ०.१३ | ०.१४ | ०.१३ |
| विदेशी नागरिक | ५२१ | ४०१ | ९२२ | १.४० | १.०८ | १.२४ |
| | | | | | | स्रोतः राष्ट्रिय जनगणना २०७८ |

## उमेर समूह अनुसार अपाङ्गताको विवरण :

| उमेर समूह | जम्मा जनसङ्ख्या | अपाङ्गताका प्रकार | | | | | | | | | | | | नखुलेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शारीरिक अपाङ्गता | न्यून दृष्टियुक्त | दृष्टिविहीन | बहिरोपन | न्यून श्रवण शक्ति | बहिरोपन एवं दृष्टिविहीन | बेलाइ समस्या | मानसिक वा मनोसामाजिक | बौद्धिक अपाङ्गता | अनुवंशीय रक्तश्राव हेमोफेलिया | अटिजम् | बहुअपाङ्गता | |
| ० देखि ०४ वर्ष | ५१२५ | ३० | १ | ५ | २ | १ | १ | १ | १ | १ | ० | २ | ६ | ० |
| ०५ देखि ०९ वर्ष | ६०५९ | २४ | ३ | ७ | ४ | ० | १ | ३ | ६ | २ | ० | ० | ६ | ० |
| १० देखि १४ वर्ष | ६६३२ | १३ | ७ | ९ | २ | २ | २ | ५ | ६ | ४ | ० | ० | २ | १ |
| १५ देखि १९ | ७०६४ | १८ | ७ | ६ | १ | ३ | ० | ६ | ३ | ४ | ० | २ | ३ | ० |
| २० देखि २४ | ७६३३ | २३ | ७ | ८ | ३ | ५ | ० | ३ | ५ | ४ | ० | ० | ११ | ० |
| २५ देखि २९ | ६८१० | २१ | ४ | ३ | ३ | २ | ० | ४ | ८ | ४ | ० | ० | ७ | ० |
| ३० देखि ३४ | ६१९२ | १९ | ६ | ५ | २ | २ | ० | ३ | ८ | ४ | ० | १ | ६ | ० |
| ३५ देखि ३९ | ६१४६ | ३२ | ६ | १ | ३ | ४ | १ | २ | ४ | ३ | ० | १ | १० | ० |
| ४० देखि ४४ | ५२५६ | २९ | ६ | ४ | ५ | २ | ० | ७ | ६ | ४ | १ | २ | ९ | ० |
| ४५ देखि ४९ | ४०६७ | २१ | १२ | ३ | २ | ३ | १ | ३ | ६ | १ | ० | १ | ५ | २ |
| ५० देखि ५४ | ३६४४ | ३२ | ७ | ३ | ३ | ३ | १ | ३ | ८ | ३ | ४ | ० | १० | ० |
| ५५ देखि ५९ | २८४१ | २४ | २० | ३ | ४ | ३ | ० | १ | ४ | २ | ४ | ० | ४ | १ |
| ६० देखि ६४ | २४८१ | २८ | १९ | ३ | ६ | ६ | १ | ३ | २ | २ | १ | १ | ४ | ० |
| ६५ देखि ६९ | १७९९ | २५ | २० | ३ | ११ | ४ | २ | १ | ४ | २ | १ | ० | २ | ० |
| ७० देखि ७४ | १३५७ | २६ | १५ | १ | १५ | ७ | ३ | १ | ० | ० | १ | ० | ८ | १ |
| ७५ + | १३३० | २५ | ३० | २ | ५ | १७ | २ | २ | १ | १ | २ | १ | १३ | ० |
| जम्मा | ७४४३६ | ३९० | १७० | ६६ | ७१ | ६४ | १५ | ४८ | ७२ | ४१ | १४ | ११ | १०६ | ५ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## ५ वर्ष भन्दा माथिको साक्षरता सम्बन्धि विवरणः

| उमेर | जम्मा | जनसङ्ख्या जसले | | | नखुलाइएको |
|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | |
| ०५ वर्ष | १२६९ | ११२१ | १४ | १२४ | १० |
| ६ वर्ष | ११७९ | ११२१ | १ | ५५ | २ |
| ७ वर्ष | ११९३ | ११५६ | ९ | २६ | २ |
| ८ वर्ष | १३३७ | १३०४ | ३ | २६ | ४ |
| ९ वर्ष | १०८१ | १०६७ | ५ | ९ | ० |
| १० वर्ष | १४६९ | १४५० | १ | १८ | ० |
| ११ वर्ष | १०७० | १०६१ | १ | ७ | १ |
| १२ वर्ष | १४११ | १३९९ | १ | १० | १ |
| १३ वर्ष | १३२३ | १३११ | १ | १० | १ |
| १४ वर्ष | १३५९ | १३४३ | १ | १५ | ० |
| १५ वर्ष | १३४६ | १३२४ | ० | २१ | १ |
| १६-१९ वर्ष | ५७१८ | ५६०३ | २ | १११ | २ |
| २०-२४ वर्ष | ७६३३ | ७३१९ | ३ | ३११ | ० |
| २५-२९ वर्ष | ६८१० | ६३२५ | ८ | ४७६ | १ |
| ३०-३४ वर्ष | ६१९२ | ५५१८ | १४ | ६६० | ० |
| ३५-३९ वर्ष | ६१४६ | ५१३८ | १६ | ९९० | २ |
| ४०-४४ वर्ष | ५२५६ | ४२६० | १८ | ९७८ | ० |
| ४५-४९ वर्ष | ४०६७ | ३२३३ | १३ | ८२० | १ |
| ५०-५४ वर्ष | ३६४४ | २७२८ | १४ | ९०२ | ० |
| ५५-५९ वर्ष | २८४१ | १९३६ | १३ | ८९२ | ० |
| ६०-६४ वर्ष | २४८१ | १६०९ | १२ | ८६० | ० |
| ६५-६९ वर्ष | १७९९ | १०६५ | १३ | ७२० | १ |
| ७०-७४ वर्ष | १३५७ | ७१२ | ११ | ६३४ | ० |
| ७५ वर्षभन्दा माथि | १३३० | ५८५ | १४ | ७३१ | ० |
| जम्मा | ६९३११ | ५९६८८ | १८८ | ९४०६ | २९ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## ङ) शिक्षा क्षेत्रको समग्र विश्लेषणः

देश विकासका निम्ति शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो । शिक्षाले व्यक्तिको सर्बाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । "समृद्ध नेपाल, सुखी नेपाली" हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो । सिपमूलक, वैज्ञानिक, व्यावहारिक एवं गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशीला हो । मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुच स्थापित गर्नु आजको आवश्यकता हो । नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेखित छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । यो संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकास जरुरी भएको छ । मुलुकको समग्र विकासको दृष्टिकोण तथा प्राथमिकता स्पष्ट रूपमा निर्धारण गर्न लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरू तर्जुमा गरिन्छ । राष्ट्रको शैक्षिक विकासको दृष्टिकोण र कार्यदिशा शिक्षा नीति मार्फत प्रतिविम्बित हुने गर्दछ । कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ । यसै परिप्रेक्ष्यमा नेपाल सरकारले सङ्घीय संरचना अनुरूप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रूपमामा राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको छ ।

- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति नेपालको संविधानमा उल्लेख छ ।
- उमेर समूह अनुसार प्रारम्भिक बालशिक्षाका लागि ४ वर्षदेखि ५ वर्षमुनी, कक्षा १-५ का लागि ५-९ वर्ष, कक्षा ६-८ का लागि १०-१२ वर्ष र माध्यमिक तह कक्षा (९-१२) का लागि १३-१६ वर्ष तोकिएको छ ।
- नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी,सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास

कक्षा र बालविकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्न नीतिगत प्रबन्ध गर्ने प्रारम्भिक बालशिक्षाको नीति रहेको छ ।

- सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहुच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय सेवाक्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरूलाई सेवाक्षेत्र (School Zone) को अवधारणा अनुरूपमा व्यवस्थित गर्ने ।
- आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययन निरन्तरताको व्यवस्था मिलाउने ।
- माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधिकृत विद्यालयहरूको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने माध्यमिक शिक्षाको नीति रहेको छ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नुका साथै विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरूप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने ।

### च) नगरपालिकाको शैक्षिक अवस्थाः

विश्व शान्तिका अग्रदूतका रूपमा परिचित सिद्धार्थ गौतमबुद्धका नामबाट सिद्धार्थनगर नगरपालिकाको नामकरण गरिएको हो । यस नगरपालिकाको सर्वप्रथम स्थापना विक्रम सम्वत् २०२४ सालमा भएको हो । यस नगरपालिकामा जम्मा १३ वटा वडाहरु रहेका छन् । नगरपालिका अन्तर्गत सञ्चालित शैक्षिक संस्थाको प्रसङ्ग उठाउँदा दुई संस्थागत मन्टेस्वरी विद्यालय, ४४ वटा संस्थागत विद्यालयहरू, १७ वटा सामुदायिक सरकारी विद्यालयहरू (जसमा ७ वटा आधारभूत विद्यालय र १० वटा माध्यमिक विद्यालय) १३ वटा मदरसा, १ संस्कृत विद्याश्रम, १ सामुदायिक सिकाई केन्द्र गरी जम्मा ७६ वटा शैक्षिक संस्थाहरू रहेका छन्। जसमध्ये १ मा.वि मा सिटीभिटी अन्तर्गतको ३ वर्षे डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ र १ विद्यालयमा कक्षा ९-१२ प्राविधिक धारको कम्प्युटर साइन्स पढाइ हुने गरेको छ । साथै विश्वविद्यालय अन्तर्गतका २ आङ्गिक क्याम्पस जसमा १ कृषि क्याम्पस, ३ संस्थागत क्याम्पस जसमध्ये १ मेडिकल कलेज र २ सामुदायिक पब्लिक क्याम्पस मुख्य रूपमामा सञ्चालित उच्चस्तरीय शैक्षिक संस्था हुन । साथै ५ विद्यालयमा ऋत्भ्खत् द्वारा सञ्चालित ३ वर्षे डिप्लोमा कक्षाहरू सञ्चालनमा रहेका छन् ।

शिक्षाको माध्यमबाट देश विकासमा महत्वपूर्ण टेवा पुग्न सक्छ भन्ने मान्यताका साथ जीवन उपयोगी शिक्षा प्रदान गर्न यस नगरपालिकाबाट भरमगदुर प्रयास गरिएको छ । शिक्षक विद्यार्थी अभिभावक एवं सबै शिक्षासँग सरोकारवाला पक्षसँगको समन्वय र सहकार्यमा सिकाईलाई अगाडि बढाउन सकिएमा थप सकारात्मक नतिजा हासिल गर्न सकिन्छ भन्ने कुरामा कहीकसैको दुईमत नहोला तथापि शैक्षणिक सिकाई सुधारका लागि सबै शिक्षा सम्बद्ध सरोकारवाला पक्ष मिलेरै अगाडि बढ्नु वर्तमान अवस्थाको टड्कारो आवश्यकता छ। सबै शिक्षा क्षेत्रसँग सम्बद्ध सरोकारवाला पक्षहरू बीच आपसी समन्वय र सहकार्य प्रभावकारी ढंगबाट अगाडि बढाई

बालबालिकाहरुले प्राप्त गर्ने शिक्षाको गुणस्तरमा थप वृद्धि गरी हामी सबैले अपेक्षा गरे अनुरूपको सिकाइ उपलब्धि हासिल गर्न हामी सबैको निरन्तर प्रयास रहिरहनेछ भन्ने विश्वास छ । नगरपालिकाको शैक्षिक विवरण तपसिलमा उल्लेख गरिएको छ ।

## छ) विद्यालय विवरणः

### सामुदायिक विद्यालयको विवरणः

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कक्षा | प्रधानाध्यापक | मोवाइल नं. |
|---|---|---|---|---|---|
| १. | बिन्दबासिनी मिसुजु आ.वि | सि.न.पा ९ | बाल कक्षा देखि ८ | चतुर्भुज रेग्मी | ९८४७०३२५२४ |
| २. | भैरहवा बाल मन्दिर | सि.न.पा ५ | बाल कक्षा देखि १ | धन थापा | ९८६७०३९७३९ |
| ३. | शान्ति बगैंचा आ.वि | सि.न.पा १२ | बाल कक्षा देखि २ | रविन्द्र नाथ दुबे | ९८४७०३२४९४ |
| ४. | सूर्यदेव मा.वि | सि.न.पा १० | बाल कक्षा देखि १० | दुर्गा पाण्डेय | ९८६७१८९८१३ |
| ५. | भुजौली आ.वि | सि.न.पा ११ | बाल कक्षा देखि ५ | राधा आचार्य | ९८४७०१२०४३ |
| ६. | मेउडिहवा आ.वि | सि.न.पा २ | बाल कक्षा देखि ५ | आशा थापा | ९८४७०३९६४२ |
| ७. | बहिरा बाल मा.वि | सि.न.पा २ | बाल कक्षा देखि १२ | भिमबहादुर थापा | ९८५७०१५९९४ |
| ८. | खजहना आ.वि | सि.न.पा ३ | बाल कक्षा देखि ८ | सुरेन्द्रप्रसाद मिश्र | ९८४७०३०१०५ |
| ९. | नवदुर्गा मा.वि | सि.न.पा ४ | बाल कक्षा देखि ९ | दिपेन्द्र गौंड | ९८५७०२४०९९ |
| १०. | सिद्धार्थ आ.वि | सि.न.पा १२ | बाल कक्षा देखि ५ | ममता प्रधान | ९८४७१५१९१८ |
| ११. | बेलहिया मा.वि | सि.न.पा १ | बाल कक्षा देखि १० | बिना भण्डारी पाठक | ९८४७०२२२४६ |
| १२. | पक्लिहवा मा.वि | सि.न.पा १ | बाल कक्षा देखि १० | बसन्त कुमार बस्नेत | ९८४७०३२७६८ |
| १३. | महात्मा बुद्ध मा.वि | सि.न.पा ६ | बाल कक्षा देखि १० | प्रवीण श्रीवास्तव | ९८४७०३०६९७ |
| १४. | सुसंस्कृत मा.वि | सि.न.पा १३ | बाल कक्षा देखि १२ | रविन्द्र यादव | ९८५७०१२४३४ |
| १५. | भानु मा.वि | सि.न.पा ९ | बाल कक्षा देखि १२ | मोतिलाल सुवेदी | ९८५७०२०७६६ |
| १६. | रुपन्देही लिलाराम न्यौपाने मा.वि | सि.न.पा ८ | बाल कक्षा देखि १२ | रुपकुमार रायमाझी | ९८५७०१६४०८ |
| १७. | भैरहवा नमुना मा.वि | सि.न.पा ५ | बाल कक्षा देखि १२ | चुन्नप्रसाद पाण्डे | ९८५७०११०७० |

### मदरसाहरूको विवरणः

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कक्षा | प्रधानाध्यापक | मोवाइल नं. |
|---|---|---|---|---|---|
| १ | खुशलैन इस्लामिक गल्स स्कुल | सि.न.पा १ | ५ | अख्तर हुसेन | ९८५७०१०२११ |
| २ | मदरसा जामिया मोहम्मदिया स्कुल | सि.न.पा ६ | ५ | मो. अकिल अहमद मुसलमान | ९८०४४६०२६० |
| ३ | मदरसा अरविया अहले सुन्नत गौसिय नुरुल वलुम | सि.न.पा १ | ५ | सनबर अली | ९८१९४७७८३९ |
| ४ | मदरसा गौसिया रिजाविया अहले सुन्नत | सि.न.पा ७ | ५ | अब्दुल बाफा | ९८४७०८७९०० |
| ५ | मदरसा अरविया असरफिया फैजुल स्लाम | सि.न.पा ६ | ६ | फैजुल्लाह मुसलमान | ९८०४४५६३०८ |
| ६ | मदरसा कादरिया मिस्बाहुल वलुम | सि.न.पा ४ | ५ | साजमा खातुन | ९८१४४२४८९३ |
| ७ | मदरसा अलबिया नूरुल वलुम | सि.न.पा १ | ३ | बदरे आलम | ९८१५४४५९१५ |

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कक्षा | प्रधानाध्यापक | मोवाइल नं. |
|---|---|---|---|---|---|
| ८ | मदरसा दारुल वलुम मोहमदिया गौसुल वलुम | सि.न.पा ३ | ५ | जाफिर अलि | ९८६९६७०५४२ |
| ९ | मदरसा इस्लामिया कासिमुल वलुम | सि.न.पा ६ | १ | मुख्तार अहमद | ९८०७५४७४०४ |
| १० | मदरसा अरविया इस्लामिया दारुल कुरान | सि.न.पा ११ | २ | लक्ष्मी पौडेल | ९८२१४९३४३८ |
| ११ | मदरसा अरविया अहले सुन्नत नुरुल वलुम | सि.न.पा १० | ५ | मुस्ताफ अहमद | ९८०४४४२४६१ |
| १२ | मदरसा अरविया अहले सुन्नत निजामिया | सि.न.पा ८ | ४ | वारिस अली वारसी | ९८४७०३०७८६ |
| १३ | जामिया कमरुन निशा निस्वा कालेज | सि.न.पा १ | ३ | हैदर अली | ९८६९७४७३४४ |

## संस्कृत विद्यालयको विवरण

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कक्षा | प्रधानाध्यापक | मोवाइल नं. |
|---|---|---|---|---|---|
| १. | संस्कृत विद्याश्रम मा वि भैरहवा | सि.न.पा ३ | ६ देखि १० | नारायण पौडेल | ९८४७०५१५३४ |

## सामुदायिक विद्यालयहरुको विवरणः

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कक्षा | प्रधानाध्यापक | मोवाइल नं. |
|---|---|---|---|---|---|
| १ | सनसाइन आवासिय इ.बो | सि.न.पा ८ | बाल कक्षा -१२ | निकेश देव हटुवाल | ९८५१२३४५७७ |
| २ | काशी नोबेल एकाडेमी इ.बो | सि.न.पा १२ | बाल कक्षा -१२ | राजेन्द्र घिमिरे | ९८५७०१२८६३ |
| ३ | जेसिस इ.बो | सि.न.पा ८ | बाल कक्षा -१२ | हिरा गुरुङ | ९८५७०२०२८४ |
| ४ | मुनलाइट इ.बो | सि.न.पा ६ | बाल कक्षा -१२ | राजेशराज जोशी | ९८४७०२३००३ |
| ५ | सिबि पब्लिक इ.बो | सि.न.पा ७ | बाल कक्षा -१० | उदयकुमार मल्लिक | ९८४७०५०५५९ |
| ६ | मनकामना इ.बो | सि.न.पा ४ | १० | सफल बस्नेत | ९८०८३३७०२५ |
| ७ | आर्य पब्लिक इ.बो | सि.न.पा ६ | १० | कृति सिंह | ९८६०२५४३३० |
| ८ | एआरडी मोडेल इ.बो | सि.न.पा ३ | १० | प्रतिभा कर्ण | ९८०४४३७९४८ |
| ९ | नेपाल नालन्दा आवासीय इ.बो | सि.न.पा ९ | बाल कक्षा -१२ | युवराज पोखरेल | ९८५७०१७८०१ |
| १० | बृहस्पति इ.बो | सि.न.पा ९ | बाल कक्षा -१२ | इभराज उपाध्याय | ९८४७०२७९५६ |
| ११ | पश्चिमाञ्चल इ.बो | सि.न.पा ६ | १० | राजु शर्मा ढकाल | ९८५७०२१४५५ |
| १२ | न्यु इरा आवासीय इ.बो | सि.न.पा १२ | बाल कक्षा -१२ | कुन्ती सेन | ९८४७०९७४६९ |
| १३ | युनिभर्सल पब्लिक स्कुल | सि.न.पा ८ | १० | गोकुल पोखेल | ९८५७०११६०६ |
| १४ | मोर्डन पब्लिक इ.बो | सि.न.पा ६ | १० | कमल नेपाल | ९८४७०२२०९८ |
| १५ | अमरज्योती इ.बो | सि.न.पा ३ | बाल कक्षा -१२ | सि जोशी | ९८५७०१२९११ |
| १६ | बुद्ध ज्ञान निकेतन इ.बो | सि.न.पा १३ | १० | लालबहादुर बस्नेत | ९८४७०२२०३० |
| १७ | साई ग्लोबल इ.बो | सि.न.पा ८ | बाल कक्षा -१२ | कौशलराज गौतम | ९८४७०३२४४८ |

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कक्षा | प्रधानाध्यापक | मोवाइल नं. |
|---|---|---|---|---|---|
| १८ | बुद्ध ज्योती इ.बो | सि.न.पा | बाल कक्षा -१२ | अरुण प्रताप राणा | ७१५२०१६३ |
| १९ | मन्टेश्वरी मेमोरियल इ.बो | सि.न.पा ९ | १० | धर्मेन्द्र मिश्र | ९८४७०३१६२९ |
| २० | ब्राइट स्टार इ.बो | सि.न.पा ३ | १० | एल बि रौतार | ९८०४४८८५०६ |
| २१ | लुम्बिनी विज्डम इ.बो | सि.न.पा ९ | ८ | महेश भुर्तेल | ९८५७०२४२५३ |
| २२ | पशुपति शिक्षा मन्दिर इ.बो | सि.न.पा ६ | १० | प्रेमधर पाण्डे | ९८२१०६९८१३ |
| २३ | लुम्बिनी सिर्जना इ.बो | सि.न.पा १ | ८ | सिर्जना पाठक | ९८०६००५८५१ |
| २४ | सिद्धार्थ ज्ञानज्योती इ.बो | सि.न.पा ४ | ७ | दिपेन्द्र मल्लिक | ९८४७०३०२३२ |
| २५ | आदर्श विद्या मन्दिर | सि.न.पा ५ | १० | बिष्णुप्रपाद पन्थी | ९८५७०२०९४८ |
| २६ | शुभ संस्कार इ.बो स्कुल | सि.न.पा ५ | ६ | सिमा मित्तल | ९८४७०२३५६४ |
| २७ | न्यु रोज चिल्ड्रेन एकेडेमी | सि.न.पा १२ | ३ | मनप्रित कौर गान्धी | ९८४७०१२२०१ |
| २८ | ग्रिन फिल्ड एकेडेमी | सि.न.पा ८ | ४ | अभयकुमार उपाध्याय | ९८४७०३८२५३ |
| २९ | ड्रिमल्याण्ड मन्टेश्वरी | सि.न.पा ७ | ३ | गंगा भुसाल | ९८४७१११७७० |
| ३० | हिमाल ग्लोबल इ.बो | सि.न.पा ८ | ४ | बद्रुजमा मुसलमान | ९८१४४८२९५२ |
| ३१ | हेभेनली पद्मज्योती इ.बो | सि.न.पा ८ | ९ | सिलिमाया हिताङ्ग | ९८१७४३०३७७ |
| ३२ | हेभेनली गार्डेन किड्स इ.बो | सि.न.पा ९ | ५ | रचना क्षेत्री | ९८५७०१०८९४ |
| ३३ | टाइनि टोडलर्स एकेडेमी | सि.न.पा ३ | ३ | प्रतिष्ठा चालिसे | ९८४१२३१५९१ |
| ३४ | सिद्धार्थ एकेडमी | सि.न.पा ७ | ६ | अमित यादव | ९८४१६३५६५३ |
| ३५ | इस्ट वेस्ट एजुकेशन सेन्टर इ.बो | सि.न.पा ३ | १० | एस सि उपाध्याय | ९८४७०२०८९९ |
| ३६ | चिल्ड्रेन किङडम एकेडेमी | सि.न.पा ६ | २ | रामावतार मौर्य | ९८६७१६६९८८ |
| ३७ | बाल नेत्र एकेडेमी | सि.न.पा १२ | २ | बालकृष्ण भट्टराई | ९८४७०३०६६६ |
| ३८ | लिटिल बुद्ध इन्टरनेशनल मन्टेश्वरी स्कुल | सि.न.पा १२ | १ | उर्मिला सिलवाल | ९८४४७११३२५ |
| ३९ | बेबी स्टार मन्टेश्वरी प्रा.लि | सि.न.पा १२ | १ | दिपिका भट्टराई | ९८५७०१६३०२ |
| ४० | भैरहवा सिटि किड्स केयर | सि.न.पा ८ | पूर्व प्रा.वि | मुक्ति घले | ९८५७०१२७८३ |
| ४१ | पाठशाला प्रि प्राइमरी स्कुल | सि.न.पा ८ | पूर्व प्रा.वि | | |
| ४२ | फूलबारी एकेडेमी | सि.न.पा १ | पूर्व प्रा.वि | | |
| ४३ | मोर्डन नेपलिज स्कुल प्रा.लि | सि.न.पा १३ | १ | | |
| ४४ | बुद्ध पायनियर इ. स्कुल | सि.न.पा १० | | पराग मौर्य | ९८५७०१२७८३ |

## सामुदायिक सिकाइ केन्द्रको विवरण

| क्र.सं. | केन्द्रको नाम | ठेगाना | कक्षा | परिचालक | मोवाइल नं. |
|---|---|---|---|---|---|
| १. | भैरहवा सामुदायिक सिकाइ केन्द्र | सि.न.पा | अनौपचारिक | बिन्दा कुमारी तिवारी | ९८२१४४९३३० |

## सिद्धार्थनगर न.पा भित्र विश्वविद्यालय तह तथा उच्च शिक्षाको पढाइ हुने संस्थाहरुको विवरण

| क्र. सं | उच्च शिक्षाको पढाइ हुने संस्थाहरु | ठेगाना | तह | मुख्य विषय | किसिम | प्रमुखको नाम | मोवाइल नं. |
|---|---|---|---|---|---|---|---|
| १. | भैरहवा बहुमुखी क्याम्पस | सि.न.पा | स्नातक/स्नातकोत्तर | साधारण सबै | सरकारी आङ्गिक | अनिल कुमार झा | ९८५७०२२२०९ |
| २. | साइ ग्लोवल एकेडेमी | सि.न.पा | स्नातक | वि.वि.एस | संस्थागत | विष्णु पाण्डे | ९८४७१२४५६७ |
| ३. | वृहस्पति कलेज | सि.न.पा | स्नातक | वि.वि.एस/वि.वि.ए | संस्थागत | इवराज उपाध्याय | ९८४७०२७९५६ |
| ४. | पक्लिहवा कृषि क्याम्पस | सि.न.पा | स्नातक | कृषि तथा पशु विज्ञान | सरकारी | राम भजन मण्डल | ९८४१७६५३९८ |
| ५. | युनिभर्सल मेडिकल कलेज एण्ड रिसर्च सेन्टर | सि.न.पा | स्नातकोत्तर | एम.वि.वि.एस/एम.डि चिकित्साशास्त्र | संस्थागत | कमलराज ढकाल | ९८५७०२३९५२ |
| ६. | भैरहवा नमुना क्याम्पस | सि.न.पा | स्नातक | वि.वि.एस/वि.एड | सामुदायिक | टुमानाथ अर्याल | ९८४७३१७३०९ |
| ७. | रुपन्देही क्याम्पस | सि.न.पा | स्नातक/स्नातकोत्तर | वि.वि.एस/वि.एड | सामुदायिक | लक्ष्मण ज्ञवाली | ९८५७०२३१२५ |

## सिद्धार्थनगर न.पा भित्र प्राविधिक धारको कोर्ष पढाइ हुने संस्थाहरुको विवरण

| क्र.सं. | प्राविधिक शिक्षाको पढाइ हुने संस्थाहरु | ठेगाना | तह | मुख्य विषय | किसिम | प्रमुखको नाम | मोवाइल नं. |
|---|---|---|---|---|---|---|---|
| १. | सुसंस्कृत मा.वि | सि.न.पा १३ | ९-१२ | कम्प्युटर इन्जिनियर | सामुदायिक | रविन्द्र यादव | |

## सिद्धार्थनगर न.पा भित्र सि.टि.ई.भि.टि.का कोर्ष पढाइ हुनेशैक्षिक संस्थाहरुको विवरण

| क्र.सं. | उच्च शिक्षाको पढाइ हुने संस्थाहरु | ठेगाना | तह | मुख्य विषय | किसिम | प्रमुखको नाम | मोवाइल नं. |
|---|---|---|---|---|---|---|---|
| १. | रुपन्देही लिलाराम न्यौपाने मा.वि | सि.न.पा | ३ वर्षे डिप्लोमा कोर्ष | कम्प्युटर इन्जिनियर | सामुदायिक | रुपकुमार क्षेत्री | ९८५७०२४३५१ |
| २. | प्रतिमान निमा मेमोरियल हेल्थ ईन्स्टिच्युट | सि.न.पा | ३ वर्षे डिप्लोमा कोर्ष | मेडिकल | संस्थागत | स्वाती थापा | ९८५११६४७४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर | सि.न.पा | ३ वर्षे डिप्लोमा कोर्ष | आँखा सम्बन्धि | संस्थागत | ज्ञानेन्द्र लामिछाने | ९८४७२८१३३३ |
| ४. | ओमसाइ नर्सिङ्ग कलेज | सि.न.पा | ३ वर्षे डिप्लोमा कोर्ष | स्टाफ नर्स | संस्थागत | मिना पन्थी | ९८४७०२९७७२ |
| ५ | सिद्धार्थ टेक्निकल ईन्स्टिच्युट | सि.न.पा | ३ वर्षे डिप्लोमा कोर्ष | एच.ए | संस्थागत | किरण श्रेष्ठ | ९८४७२६११३९ |

## तहगत विद्यालय विवरणः

| क्र.सं. | तह | सामुदायिक | | | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत | धार्मिक | जम्मा | | |
| १. | प्राथमिक | ५ | ११ | १६ | १५ | १५ |
| २. | निम्न माध्यमिक (६-८) | २ | २ | ४ | ५ | ५ |
| ३. | माध्यमिक (१-१०) | ५ | १ | ६ | १४ | १४ |
| ४. | उच्च माध्यमिक (१-१२) | ५ | ० | ५ | १० | १० |
| जम्मा | | १७ | १४ | ३१ | ४४ | ४४ |

## स्वीकृत शिक्षक दरबन्दी, राहत/शिक्षक अनुदान विवरण

| क्र.सं. | किसिम | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | माध्यमिक ११, १२ | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | दरबन्दी | ९-१० | | | ३ | |
| २. | राहत | ९१ | ३८ | ३३ | ० | |
| ३. | संघीय शिक्षक अनुदान (साधारण) | ६ | ६ | ८ | ४ | |
| ४. | संघीय शिक्षक अनुदान (प्राविधिक) | ० | ० | ० | २ | |
| जम्मा | | ९७ | ४४ | ४५ | ९ | |

## सामुदायिक, धार्मिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी विवरणः

| क्र.सं. | तह | कुल विद्यार्थी | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १ | बालविकास | १९५८ | २५७७ | ४५३५ |
| २ | आधारभूत १-५ | ४८१४ | ६१३९ | १०९५३ |
| ३ | आधारभूत ६-८ | २५६५ | ३१२५ | ५६९० |
| ४ | माध्यमिक ९-१० | १२५५ | १८०७ | ३०६२ |
| ५ | माध्यमिक ११-१२ | ५२४ | ७९२ | १३१६ |
| जम्मा | | ११११६ | १४४४० | २५५५६ |

**स्रोत : IEMIS 2081**

## १.३ सिद्धार्थनगर नगरपालिकाको शिक्षा क्षेत्रका मुख्य समस्या, तिनका कारण, चुनौती र अवसरको विश्लेषणः

सिद्धार्थनगर नगरपालिकाको वर्तमान अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका मुख्यमुख्य समस्या, ती समस्याको समाधानमा देखिएका चुनौती र अवसरको पहिचान गरिएका समस्याहरुलाई विश्लेषण गरिएको छ । सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष, SWOT analysis र Gap analysis प्रक्रिया अवलम्बन गरिएको छ । सरोकारवालाहरूबाट प्राप्त विश्लेषणबाट समस्याका कारणलाई नै योजनाको रणनीति तथा कार्यनीतिको रुपमा ल्याइएको छ । जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेषगरी शिक्षा योजनामा समावेश गरिएका शैक्षिक समस्याहरु उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ । नगरपालिका क्षेत्रको तथ्याङ्क, अवस्थाहरूको विश्लेषणका आधारमा शिक्षा क्षेत्रको विकासका समस्या, समस्याका कारण, चुनौती र अवसरहरुलाई प्रस्तुत गरिएको छ ।

### क) समस्याहरुः

१. बालविकास र आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू विशेषत सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर रहिरहनु ।
२. विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुन ु।
३. आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क हुन नसक्नु ।
४. सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु ।
५. सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा हुनु ।
६. विद्यालयको भौतिक अबस्था सन्तोषजनक नहुनु ।
७. शैक्षिक गुणस्तर कमजोर हुनु, कमजोर नतिजा भएका विद्यालयहरु जिम्मेवार तथा जवाफदेही नहुनु ।
८. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु ।
९. विद्यार्थी सँख्याको आधारमा शिक्षक दरवन्दी नहुनु ।
१०. शिक्षकहरूको पेशागत विकास तालिम प्रशस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठामा शिक्षणमा कम प्रयोग हुनु ।
११. कोभिड १९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन, वैकल्पिक सिकाइका अवसरहरु कम हुनु तथा विद्यार्थीको सिकाईमा क्षति हुनु ।
१२. विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु ।
१३. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गरी शिक्षण गर्न स्रोतको अभाव तथा उपलब्ध स्रोतको प्रयोग गर्न ज्ञानको कमी हुनु ।

१४. विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु ।

१५. पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामाग्रीको कक्षाकोठामा सही ढंगले प्रयोग हुन नसक्दा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको ।

१६. अभिभावक शिक्षाको कमि तथा विद्यार्थीले घरमा पढ्ने वातावरणको सिर्जना हुन नसकेको ।

१७. निरन्तर विद्यार्थी मूल्याङ्कनको उद्धेश्यअनुसार कार्यान्वयन नभएको ।

१८. विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री भौतिक संरचनाको अभाव रहेको ।

१९. अतिरिक्त क्रियाकलापमा सबै बालबालिकाको पहुँच पुग्न नसकेको

२०. विपद् व्यवस्थापनका लागि विद्यालयगत अभ्यास, उद्धार, परामर्श र पूर्वावस्थामा ल्याउने व्यवस्था गर्न संयन्त्रको कमी

### ख) समस्याका प्रमुख कारणहरुः

१. अभिभावकले उपयुक्त उमेरमा बालबालिकालाई बालविकास केन्द्रमा नपठाउनु, पालिकाका ५ देखि १२ वर्ष उमेर समूहका लगभग सबै बालबालिका विद्यालयमा रहेको तर केही विद्यार्थी माथिल्लो कक्षा (कक्षा ६-८) मा पुगेर विद्यालय छोड्ने गरेको पाइएको छ

२. विपन्न समुदायका बालबालिका ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि न्युन उपस्थित हुने गरेका छन् । अभिभावकहरु दैनिक ज्यालादारी काम गर्न जाने र अभिभावक काममा गएपछि अभिभावकले विद्यालय पठाउदा समेत केही बालबालिकाहरु विद्यालय नगई घरमा नै बस्ने गरेको देखिएको छ ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या अनुसार शिक्षक अभाव तथा अंग्रेजी माध्यमबाट शिक्षण सिकाई सञ्चालन गर्नुपर्ने भएकाले निजी स्रोत शिक्षक व्यवस्थापनार्थ मासिक रुपमा शुल्क नलिए पनि भर्नाको समयमा अभिभावकबाट आर्थिक सहयोग लिने गरिएकोले आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क छ भन्न सकिएको छैन ।

४. सार्वजनिक शिक्षामा स्थानीय समुदायको कम चासो रहने गरेका कारण सामुदायिक विद्यालयमा समुदायको अपनत्व कम हुने गरेको छ ।

५. सामुदायिक विद्यालयका सिकाई उपलब्धि न्यून रहेको कारणले सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा छन्, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्ने गरेका छन् ।

६. भौतिक निर्माणका क्षेत्रमा नगरपालिकासँग आर्थिक स्रोत न्यून हुनु, संघ र प्रदेश सरकारका योजनाहरु प्राथमिकतामा नरहदा विद्यालयको भौतिक अबस्था सन्तोषजनक छैनन् ।

७. विद्यार्थी शिक्षक अनुपात धेरै हुनु, विषयगत शिक्षकको अभाव तथा उपचारात्मक शिक्षण विधिको कम प्रयोगका कारणले शैक्षिक गुणस्तर कमजोर हुनु, कमजोर नतिजा भएका विद्यालयहरु जिम्मेवार नहुँदा शैक्षिक उपलब्धि कमजोर रहेको छ ।

८. शिक्षकलाई पुरस्कार र दण्डको ब्यवस्थापन अथवा शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न सकिएको छैन ।

९. संघ सरकारले कम दरबन्दी उपलब्ध गराउनु, संघीय शिक्षण सिकाई अनुदान कम हुनु, नगर शिक्षण सिकाई अनुदान शिक्षक ब्यवस्थापन गर्न पालिका सँग स्रोतको अभाव हुनु तथा विद्यालयले निजी स्रोत शिक्षक ब्यवस्थापन गर्न नसक्दा विद्यार्थी सँख्याको आधारमा शिक्षक दरवन्दी कम भएको छ ।

१०. निरन्तर कक्षा अवलोकन, पृष्ठपोषण र शिक्षक उत्प्रेरणको कमीले शिक्षकहरूको पेशागत विकास तालिम प्रशस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठा शिक्षणमा प्रयोग हुन सकेको छैन।

११. पारिवारिक आर्थिक अवस्था, सबै विद्यार्थीले प्रविधिको प्रयोग गर्न नसक्नु, वैकल्पिक सिकाई विधिको कम प्रयोगका कारणले कोभिड १९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन, वैकल्पिक सिकाइका अवसरहरु कम भएकाले विद्यार्थीको सिकाईमा क्षति हुन पुगेको छ ।

१२. अंग्रेजी माध्यममा अभिभावकहरुको रुचि बढ्नु तर सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमको पठन पाठनका लागि सरकारी तवरबाट निर्देशनको स्पष्ट अभावले सञ्चालन नहुनु तर कक्षा , तह थप एवम् विद्यार्थी - शिक्षकको अनुपात नमिल्ने अवस्थामा निजी स्रोतका शिक्षक ब्यवस्थापन गर्न विद्यालयलाई आर्थिक समस्या परेको छ ।

१३. शिक्षक विद्यार्थी निर्मित सिकाई सामाग्रीलाई प्राथमिकता नदिईनु, बजारमा पाईने शैक्षिक सामाग्री खरिद गर्न श्रोतको अभाव, शैक्षिक सामाग्री खरिदका लागि ३ वटै तहबाट बजेटको ब्यवस्था नहुनाले विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैनन्, भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन सकेको छैन ।

१४. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गरि शिक्षण गर्न विद्यालयसँग स्रोतको अभाव छ उपलब्ध स्रोतको प्रयोग गर्न पनि शिक्षकलाई प्रविधिमैत्री तालिम सञ्चालन गर्न नसक्दा शिक्षकहरुमा प्राविधिक ज्ञानको कमी छ ।

१५. पालिका तहमा अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण तथा शिक्षक सहायताका कार्यका लागि मानवश्रोतको अवस्था कम रहेको, विज्ञ समुहलाई निरन्तर परिचालनका लागि श्रोतको अभाव भएका कारणले विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन सकिरहेको छैन ।

१६. शिक्षण सिकाइका क्रममा शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामाग्रीको तालमेल ,शिक्षक निर्देशिकालाई कम अनुशरण र शिक्षकको शिक्षण तयारी कम भएकाले कक्षाकोठामा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको ।

१७. विपन्न समुदायमा दैनिक गुजारा गर्नुपर्ने अवस्थामा अभिभावकले बालबालिकालाई समय दिन सकेका छैनन् ,चेतना तथा अभिभावक शिक्षाको कमिका कारणले विद्यार्थीले घरमा पढ्ने वातावरणको सिर्जना हुन सकेको छैन ।

१८. परीक्षा केन्द्रित शिक्षण प्रणालीको निरन्तरता, अभिभावकलाई परीक्षा प्रणालीको चाहाना तथा कक्षाकोठामा आधारित मूल्याङ्कन र उपचारात्मक शिक्षणको प्रयोग कम भएका कारण निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी हुन सकेको छैन ।

१९. नयाँ बनेका संरचनाहरु बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री भौतिक संरचना भएपनि पुराना भौतिक संरचनाहरुको समेत अत्याधिक प्रयोग भएकाले सबै विद्यालयका भौतिक संरचनाहरु बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री छैनन् ।

२०. सबै विद्यालयहरुले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापमा सबै बालबालिकाको पहुँच पुग्न सकेको छैन जस्तैः अपाङ्गता भएका बालबालिकाहरु अतिरिक्त क्रियाकलापमा भाग नलिने वा वञ्चित हुने गरेका छन्।

२१. विद्यालय विपद् व्यवस्थापनका लागि बजेटको अभावका कारण विद्यालयगत अभ्यास, उद्धार, परामर्श र पूर्वावस्थामा ल्याउने व्यवस्था गर्ने संयन्त्रको विकास हुन सकेको छैन ।

### ग) चुनौतीहरू ;

१. उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु,

२. विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु ,शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु,

३. विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु,

४. विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु,

५. कक्षा छाड्ने दर शुन्यमा झार्नु र अपेक्षित सिकाइ उपलब्धि प्राप्ति,

६. शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु ,

७. सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्नु,

८. सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु,

९. शैक्षिक सुधारका लागि सरोकारवालाहरूबिच अपनत्व सिर्जना गर्नु ,

१०. सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु,

११. शिक्षक तथा शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु ,
१२. शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु ,
१३. सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नुपनि शिक्षा क्षेत्रका चुनौतीहरू हुनु ।
१४. नक्साङ्कनको आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्न
१५. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्ृयाई विद्यालयलाई बालमैत्री बनाउन,
१६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निः शुल्क एवं माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्न क्षमता विकास गर्न,
१७. सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र प्रभावकारी ढंगले प्रयोग गर्न,
१८. विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन,
१९. बालबालिकाहरूको पोषण,विद्यालय दिवा खाजा लगायत सरसफाई तथा स्वच्छता आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालय मार्फत प्रदान गर्न,
२०. गरिब तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायता सहित सिकाइमा सहभागी बनाउन,
२१. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गरि समावेशी र समतामूलक वातावरण सिर्जना गर्न,
२२. साक्षरता निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइ को अवसरमा वृद्धि गर्न र विद्यालयमा नियमित उपस्थित भई शिक्षा प्राप्त गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्न,

### घ) अवसरहरूः

१. शिक्षालाई मौलिक हकको रूपमा स्थापित भई निःशुल्क र अनिवार्य भएको आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारभित्र रहनु,
२. तहगत रुपमा समावेशी सहभागितामा वृद्धि हुनु सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम स्थानीय तहसम्म सर्वसुलभ हुनु
४. माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रदेश सरकार र संघीय सरकार समेतको उत्तिकै चासो हुनु,
५. तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु
६. शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु
७. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु,

८. विश्वविद्यालय अन्तर्गतका २ आङ्गिक क्याम्पस जसमा १ कृषि क्याम्पस, ३ संस्थागत क्याम्पस जसमध्ये १ मेडिकल कलेज र २ सामुदायिक पब्लिक क्याम्पस मुख्य रुपमा सञ्चालित उच्चस्तरीय शैक्षिक संस्थाका साथै विद्यालयमा सञ्चालित (९-१२) प्राविधिक धार - १, चार वटा ३ वर्षे डिप्लोमा कक्षाहरू सञ्चालनमा रहेका शैक्षिक संस्थाहरु समेत रहेका कारणले माध्यमिक तह पार गरेका विद्यार्थीहरुका लागि स्थानीय स्तरमै प्राविधिक तथा उच्च शिक्षामा अध्ययन गर्न कलेजहरु रहनु,

# परिच्छेद २

## दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ सिद्धार्थनगर नगरपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । प्रत्येक नागरिकलाई आधारभुत तहको शिक्षा अनिवार्य तथा निःशुल्क ग्यारेन्टी गरेको छ भने माध्यमिक तहको शिक्षालाई अनिवार्य गरेको छ। त्यसैगरी गरीब तथा जोखिममा रहेका बालबालिकाकालाई कानुन बमोजिम निशुल्क शिक्षाको हक प्रदान गरेको छ । संविधानको अनुसुची ८ ले स्थानीय तहको अधिकारको सुचीको क्र.सं. (८) मा आधारभुत र माध्यमिक तहको शिक्षा स्थानीय तहको क्षेत्राधिकार भित्र रहेको व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) अनुसार शिक्षाका २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा स्थानीय सरकारले अधिकार कार्यान्वयन गर्न तथा गुणस्तरिय शिक्षा मार्फत समृद्ध सिद्धार्थनगर नगरपालिका निर्माणका लागि शिक्षा योजना निर्माण गरिएको हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६(२४) मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयमा क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न सक्ने अधिकारको व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ ले पनि स्थानीय तहले वार्षिक योजना र बजेट तर्जुमा गर्नु पुर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पुर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण ९एचयाष्भि० तयार तथा अद्यावधिक गर्नुपर्ने तथा अद्यावधिक वस्तुगत विवरण आफ्ना धभदकष्तभ मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले स्थानीय आश्यकतामा आधारित शिक्षामा जोड दिएको छ । यी नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न पनि शिक्षा योजनाको आवश्यकता रहेको छ । सिद्धार्थनगर नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा विभिन्न आधारहरूको विस्तृत विश्लेषण र अवलोकन गरिएको छ, जसले गर्दा नगर क्षेत्रको शिक्षा क्षेत्रको वास्तविक आवश्यकताहरुलाई समेट्ने प्रयास भएको छ। यस योजनामा सिद्धार्थनगर नगरपालिकामा बिभिन्न जातजाति, धर्म, र सांस्कृतिक पृष्ठभूमिका व्यक्तिहरू बसोबास गर्ने गर्दछन र यसलाई ध्यानमा राख्दै, शिक्षा योजनाले सबै समुदायहरूको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको छ । जनसंख्याको वितरण, यथार्थपरक अध्ययन, र स्थानीय सांस्कृतिक संवेदनशीलता, नगरपालिकाको आर्थिक स्थिति, विकासको स्तर, र शिक्षा क्षेत्रमा लगानीको उपलब्धतालाई विचारमा राखिएको

छ । संघीय, प्रदेश र स्थानीय सरकारको बजेट, निजी क्षेत्रको योगदान, र विभिन्न विकास परियोजनाका लागि समर्पित स्रोतहरूको विश्लेषण, आर्थिक अवस्थाको आधारमा आवश्यक शिक्षण सामग्री, संरचनात्मक सुधार, शिक्षक तालिम, विद्यालयहरूको अवस्था, शिक्षणको गुणस्तर, र शिक्षकहरूको दक्षता, विद्यालयहरूको भौतिक संरचना, शिक्षण विधिहरू, शिक्षामा रहेका सामाजिक र सांस्कृतिक बाधाहरू जसमा लिङ्गको आधारमा हुने भेदभाव, असमानता, जातीय भेदभाव, र पारिवारिक आर्थिक समस्याहरू प्रमुख रहेका छन । शिक्षामा प्रविधिको प्रयोग र नयाँ शिक्षण विधिहरू, डिजिटल शिक्षा, अनलाइन शिक्षण सामग्री, र ई लर्निङका अवसरहरूको विकासमा जोड दिइएको छ । स्थानीय समुदायको संलग्नता, अभिभावक शिक्षा र सहभागिता सुनिश्चित गर्नका लागि शिक्षा योजनाले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।

सिद्धार्थनगर नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा लिइएका आधारहरु यसप्रकार छन ।

१. स्थानीय आवश्यकताहरूको पहिचानः समुदायका बालबालिका, शिक्षक, र अभिभावकहरूको आवश्यकता तथा समावेशी समानताका आधारमा सबैलाई शिक्षा क्षेत्रमा समेट्नका लागि स्थानीय सरोकारवालाहरुसँग छलफल गरियो । यसबाट शिक्षा क्षेत्रको प्राथमिकता र चुनौतिहरू पहिचान गर्न सहज भएको छ ।
२. स्रोत र पूर्वाधारको मूल्याङ्कनः विद्यालयको भौतिक पूर्वाधार, जनशक्ति, सिकाइ सामग्री, र वित्तीय स्रोतको उपलब्धता र अवस्था अध्ययन गरिएको छ ।
३. समावेशी शिक्षाः महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, र अन्य पिछडिएको समुदायको शिक्षामा पहुँचलाई प्राथमिकतामा राखिएको छ ।
४. नीतिगत निर्देशनः नेपाल सरकारको शिक्षा नीति, संविधानमा व्यवस्था भएका शिक्षा अधिकारहरू, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ (योजना निर्माण सम्बन्धी), अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७, १६औं योजना, विद्यालय शिक्षा क्षेत्र योजना, सिद्धार्थनगर नगरपालिकाको आवधिक योजना, सिकाई आपूरण तथा दुरत सिकाई योजना र अन्तर्राष्ट्रिय शिक्षा मानकहरूको अध्ययन गरी तिनलाई योजना निर्माणमा समावेश गरियो ।
५. गुणस्तरीय शिक्षा प्रवर्धनः गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न पाठ्यक्रम, शिक्षक तालिम, प्रविधिमैत्री सिकाई, बालमैत्री शिक्षण सिकाई विधि र सिकाइको अनुगमन तथा मूल्याङ्कनलाई आधार बनाईयो ।
६. सहकार्य र साझेदारीः तीनवटै तहका सरकार (संघ, प्रदेश र स्थानीय) का विचमा आपसी समन्वय, शिक्षामा सुधार गर्न स्थानीय संघसंस्था, गैरसरकारी संस्था, र समुदायसँगको सहकार्य र साझेदारीलाई ध्यानमा राखीएको ।
७. दिगो विकास लक्ष्यहरूः विशेष गरी चौथो लक्ष्य (गुणस्तरीय शिक्षा) लाई ध्यानमा राखिएको, जसले समग्र शिक्षा प्रणालीमा सुधार ल्याउने उद्देश्य राख्दछ ।

८. पूर्व अनुभव र उपलब्धिः नगरपालिकाको विगतका शिक्षासम्बन्धि क्रियाकलापहरुको समीक्षा गरी तिनबाट सिकेका पाठहरूलाई योजनामा समावेश गरिएको ।

## क) दूरदृष्टिः

युग सुहाउँदो शिक्षा प्रणाली अवलम्बन गरी जीवनोपयोगी, सीपयुक्त र रोजगारमूलक शिक्षामार्फत समृद्ध र सुखी सिद्धार्थनगर बनाउन योगदान गर्ने ।

## ख) लक्ष्यः

२०८५ सम्म सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

## ग) उद्देश्यहरूः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्नु ,
२. सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु,
३. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
४. उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्नु ,
५. प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,
६. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिबृद्धिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्नु
७. आधारभुत तहको शिक्षा अनिवार्य तथा निशुल्क, माध्यमिक तहको शिक्षा अनिवार्य गरी सबै बालवालिकाको शिक्षामा पहुँच सुनिश्चिता गर्नु ।
८. स्थानीय परिवेश, संस्कृति, परम्परा अनुरुप निर्माण भएको स्थानीय पाठ्यक्रम लागु गर्नु ।
९. औपचारिक शिक्षावाट वञ्चित वालवालिका, युवा, प्रौढलाई अनौपचारिक तथा वैकल्पिक शिक्षाको माध्यमद्धारा शिक्षाको मुल धारमा ल्याई पहुँच र शिक्षाको सबै किसिमको अवसरको सुनिश्चित गर्नु।
१०. विद्यालय नेतृत्व विकास, व्यवस्थापन, सुशासन तथा पारदर्शिता कायम गरी विद्यालयमा सरोकारवालाहरुको सहभागिता बढाउनु ।

११. आपतकालिन तथा संकटपुर्ण अवस्थामा बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्नु ।

१२. नगरपालिकाका सवै शिक्षकको शैक्षिक योग्यता अभिवृद्धि गरि शिक्षण सिकाई कार्यमा दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम प्रदान गर्नु ।

१३. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय सुपरिवेक्षणमा जोड दिनु ।

१४. विशेष शिक्षाको आवश्यकता भएका वालवालिकाको पहिचान गरी उनीहरुको आवश्यकताअनुसार शिक्षाको पहुँच सुनिश्चित गर्नु ।

१५.समुदायस्तरमा बालवालिकाको पढाईको वातावरण सिर्जनाका लागि अभिभावक तथा समुदायको परिचालन गर्नु

१६.गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्नु ,

१७.विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्नु,

१८.नगरपालिका भित्रको सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्नु,

१९.सुचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवर्धन गर्नु,

२०.विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउनु

## घ) रणनीतिहरूः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच र अवसर सुनिश्चित गर्न समुदायमा आधारित कार्यक्रमहरू स्थापना गर्ने ।

२. सबै बर्ग र क्षेत्रका बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत र निःशुल्क शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

३. माध्यमिक शिक्षालाई निशुल्क गर्न सबै बालबालिकाहरुको पहुँचलाई प्राथमिकतामा राखी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने

४. उच्च शिक्षाका लागि नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत शिक्षण संस्थाहरुमा पहुँचको सुनिश्चित गर्ने।

५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा विपन्न तथा पिछडिएका क्षेत्र र समुदायका विद्यार्थीहरुलाई समेट्ने ।

६. परिवर्तित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट पाठ्यक्रमले निर्दिष्ट गरेका उद्धेश्यहरु पुरा गर्ने।

७. संघिय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको समायोजन तथा दरबन्दी पुनर्वितरण गरी सबै बालवालिकाको पहुँच तथा सहभागिताको सुनिश्चित गर्ने ।

८. स्थानीय परिवेश, आवश्यकता, सामाजिक सँस्कृति अनुरुप निर्माण भएको स्थानीय पाठ्यक्रमलाई सबै सामुदायिक, मदरसा तथा संस्थागत विद्यालयमा लागु गर्ने,

९. सबै निरक्षरहरूलाइ औपचारीक तथा अनौपचारिक माध्यमबाट पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने,

१०. विद्यालयहरुको नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने ,

११. आपतकालिन तथा संकटपुर्ण अवस्थामा वैकल्पिक सिकाई विधि र माध्यमहरुको प्रयोग गर्ने, सिकाई आपूरण तथा द्रुत सिकाई योजना कार्यान्वयन गर्ने,

१२. शिक्षकको शैक्षिक क्षमता अभिवृदी गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारी हरुलाई तालिम कार्यशाला हरु संचालन गर्ने ,

१३. शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिकास्तरमा विज्ञ समुह, साथी समुह, विषयगत रोस्टर समुह गठन गरि परिचालन गर्ने ,

१४. विशेष शिक्षा आवश्यकता भएका वालवालिकाहरुका लागी विशेष कक्षा संचालनका लागि स्रोत कक्षा तथा विशेष विद्यालयको व्यवस्था गर्ने ,

१५. पढाई वातावरण, विद्यार्थी नियमितता, अभिभावक शिक्षाका सन्दर्भमा समुदाय परिचालनको लागि अभिभावक तथा समुदायको सहभागितालाई शुनिश्चित गर्ने ,

१६. गुणस्तरीय शिक्षाका लागि योग्य, पेसागत रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकलाई कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष उत्कृष्ट शिक्षक छनौट गरि पुरस्कृत गर्ने ,

१७. शिक्षामा सुशासन प्रवर्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार गर्ने निति अवलम्बन गर्ने,

१८. विद्यार्थी उपलब्धिको परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने सुदृढ पद्धति अवलम्बन गर्ने,

१९. शैक्षिक सूचना तथा तथ्याङ्क प्रणालीमा सुधार गर्ने, शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्था गर्ने,

२०.विपदको समयमा बैकल्पिक सिकाईका अवसर प्रदान गर्नका लागि बैकल्पिक सिकाइका माध्यमहरुको खोजी, शिक्षक र विद्यार्थीहरुको प्रविधिको प्रयोगमा सिप विकास गरि सिकाइका क्रियाकलापहरुलाई निरन्तरता दिने ,

### ङ) कार्यनीतिहरुः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न समुदायमा आधारित सचेतनाका कार्यक्रमहरू, शिक्षकहरूको क्षमता विकास, शैक्षिक सामग्रीको पहुँच,

परिवार तथा समुदायको संलग्नताका साथै, सबै बालबालिकाको समान पहुँच सुनिश्चित गर्दै स्थानीय अनुकूलतासहितका नीतिहरू कार्यान्वयन गरिनेछ । (रणनीति नं. १)

२. शिक्षण स्रोतहरूको समान वितरण, तालिम प्राप्त शिक्षकहरूको उपलब्धता र विविधता अनुकूलको सिकाई वातावरण सिर्जना, अपांगता, जातजाती, लिङ्ग र आर्थिक अवस्थाका आधारमा सबै बालबालिकालाई समान अवसर प्रदान गरिनेछ । (रणनीति नं. २)

३. माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्न विद्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्दै बालमैत्री, समावेशी र सुरक्षित वातावरणको निर्माण, गुणस्तर सुधारका लागि शिक्षक तालिम, आधुनिक शिक्षण विधिहरू, शैक्षिक सामाग्रीको प्रयोगका साथै लैंगिक समानता, अपांगता मैत्री सुविधा, नियमित अनुगमन र समुदायको सक्रिय सहभागितालाई प्रोत्साहित गरिनेछ । (रणनीति नं. ३)

४. उच्च शिक्षाका लागि नगर स्तरिय छात्रवृत्ति कार्यक्रमहरू, प्राविधिक शिक्षाको प्रवर्धन, विज्ञान र प्रविधिमा अभिप्रेरित शिक्षा दिन प्रविधिमैत्री शिक्षकहरू र अत्याधुनिक स्रोतहरूको व्यवस्थापन गरिनेछ । (रणनीति नं. ४)

५. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा विपन्न तथा पिछडिएका क्षेत्र र समुदायका विद्यार्थीलाई समेट्ने गरि विशेष सहुलियत दिने नितिको ब्यवस्था, नगरपालिका भित्र प्राविधिक धारका पढाई हुने सामुदायिक विद्यालयहरुमा प्रशिक्षक, स्रोत, अनुगमन तथा मूल्याङ्कनको उचित ब्यवस्थापन गरिनेछ । (रणनीति नं. ५)

६. पाठ्यक्रम अनुसारको परियोजनामुखी शिक्षण विधिहरुको प्रयोग, नयाँ पाठ्यक्रमका आधारमा शिक्षक तालिम, प्रविधिमैत्री शैक्षिक साधनहरुको प्रयोग, शिक्षणका क्रममा सृजनशीलता र उद्यमशीलताका गतिविधिहरुलाई समावेश गरिनेछ । (रणनीति नं. ६)

७. संघिय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको समायोजन तथा दरबन्दी पुनर्वितरण गरी सबै बालवालिकाको पहुँच तथा सहभागतिाको सुनिश्चित गर्न विद्यालयमा आधारभूत भौतिक तथा शैक्षणिक स्रोत तथा साधनको सुनिश्चितता गरिनेछ । (रणनीति नं. ७)

८. स्थानीय परिवेश, आवश्यकता, सामाजिक सँस्कृति अनुरुप निर्माण भएको स्थानीय पाठ्यक्रमलाई सबै सामुदायिक, धार्मिक तथा परम्परागत र संस्थागत विद्यालयमा लागु गरिनेछ । (रणनीति नं. ८)

९. सबै निरक्षरहरूलाई औपचारिक र अनौपचारिक माध्यमबाट पूर्ण साक्षर बनाउन, स्थानीय साक्षरता कक्षा सञ्चालन, प्रविधिको प्रयोग र व्यावहारिक साक्षरता कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ । (रणनीति नं. ९)

१०. साक्षरता कार्यक्रमलाई सीप विकाससँग एकीकृत गरी रोजगारीका अवसरहरू सिर्जना गर्न स्थानीय सरकार र समुदायको सक्रिय सहभागितालाई प्राथमिकता दिइनेछ । (रणनीति नं. ९)

११. विद्यालयको नेतृत्व विकास, पारदर्शिता, र जवाफदेहिता सुनिश्चित गर्न, नेतृत्व तालिम कार्यक्रम र पारदर्शी निर्णय प्रक्रियामा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ साथै सामाजिक

लेखापरिक्षणका आधारमा प्राप्त सुझावहरु कार्यान्वयनमा विद्यालय नेतृत्वलाई जिम्मेवार बनाइनेछ। (रणनीति नं. १०)

१२. आपतकालिन तथा संकटपुर्ण अवस्थामा वैकल्पिक सिकाई विधि र माध्यमहरुको प्रयोग, सिकाई आपूरण तथा द्रुत सिकाई योजना कार्यान्वयनका साथै विद्यार्थीको सिकाई क्षतिको मूल्यांकन गरि उपचारात्मक शिक्षण विधिलाई कार्यान्वयन गरिनेछ । (रणनीति नं. ११)

१३. शिक्षक तथा विद्यालय कर्मचारीहरूको शैक्षिक क्षमता अभिवृद्धि गर्न नियमित रूपमा आवश्यकता आधारित तालिम तथा कार्यशालाहरू आयोजना गरिनेछ जसले आधुनिक शिक्षण विधि, पाठ्यक्रम कार्यान्वयन र प्रविधिको प्रयोगमा केन्द्रित भई विशेषज्ञहरूसँग सहकार्य गर्दै तालिमहरूको प्रभावकारिता मूल्याङ्कन गरी निरन्तर पेसागत विकास सुनिश्चित गरिनेछ । (रणनीति नं. १२)

१४. शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिकास्तरमा विज्ञ समुह, साथी समुह, विषयगत रोस्टर समुह गठन गरि सिकाई आदानप्रदानका साथै शिक्षण सिकाई प्रक्रियालाई सरलिकृत र सहज बनाउन कक्षाकोठा अवलोकन गरि पृष्ठपोषण प्रदान गर्ने ब्यवस्था मिलाइनेछ । (रणनीति नं. १३)

१५. विशेष शिक्षाको अवसरबाट बञ्चित भएका बालबालिकाहरुको पहिचान गरि आवश्यकताका आधारमा वालवालिकाहरुका लागी विशेष कक्षा संचालनका लागि स्रोत कक्षा तथा विशेष विद्यालयमा पहुँच शुनिश्चित गरिनेछ । (रणनीति नं. १३)

१६. पढाइको वातावरण सुधार्न, विद्यार्थी नियमितता बढाउन, र अभिभावक शिक्षामा समुदाय परिचालन गर्न, अभिभावक(शिक्षक बैठकहरू नियमित रूपमा आयोजना गरिनेछ । (रणनीति नं. १५)

१७. शिक्षण प्रक्रियामा अभिभावकहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नुका साथै, समुदायमा जनचेतना कार्यक्रम सञ्चालन गरी शिक्षाको महत्त्वबारे जानकारी दिने र समुदायको सहकार्यलाई प्रोत्साहित गरिनेछ । (रणनीति नं. १५)

१८. गुणस्तरीय शिक्षाका लागि योग्य, पेसागत रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकलाई कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष उत्कृष्ट शिक्षक छनौट गरि पुरस्कृत गरिनेछ । (रणनीति नं. १६)

१९. शिक्षामा सुशासन प्रवर्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास, सबै बालबालिकाको विद्यालयमा समतामूलक पहुँच शुनिश्चित गर्नका लागि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिनेछ । (रणनीति नं. १७)

२०. विद्यार्थी उपलब्धिको परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने सुदृढ पद्धति अवलम्बन गर्न बार्षिक शैक्षिक कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई सुदृढ गरिनेछ । (रणनीति नं. १८)

२१. शैक्षिक सूचना तथा तथ्याङ्क प्रणालीमा सुधार गर्नका लागि भ्ःक्ष्क् तालिमलाई निरन्तरताका साथै शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्था गर्न शिक्षकको सिप विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । (रणनीति नं. १९)

२२. विपदको समयमा बैकल्पिक सिकाईका अवसर प्रदान गर्नका लागि बैकल्पिक सिकाइका माध्यमहरुको खोजी, शिक्षक र विद्यार्थीहरुको प्रविधिको प्रयोगमा सिप विकास गरि सिकाइका क्रियाकलापहरुलाई निरन्तरता दिइनेछ । (रणनीति नं. २०)

## २.२ अपेक्षित उपलब्धिः

योजनाको अन्त्य वि.स. २०८५ सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१) सिद्दार्थनगर नगरपालिकाभरिका सबै बालबालिकाहरूलाई सुविधा सम्पन्न कक्षाकोठामा गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित हुने,

२) नगरपालिकाभरि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र प्राविधिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने,

३) सिद्दार्थनगर नगरपालिकाभरि माध्यमिक शिक्षामा सूचना प्रविधिसहितको शिक्षण हुने र सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय शिक्षामा सुधार आउने,

४) नगरपालिकाभरि पछि परेका गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको निमित्त अभिभावक आय आर्जन कार्यक्रम सञ्चालन गरी सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुने,

५) नगरपालिका शिक्षा शाखा लगायत नगरपालिकाभरिका विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,

६) योग्य, सक्षम, प्रविधिमा निपुणतामा राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार हुने,

७) नगरपालिकाभित्र सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने,

८) विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रमको निर्माण भई सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने,

९) सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुने,

१०) सहज र अप्ठ्यारो तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुने,

११) नगरपालिकाभरिका विद्यार्थीहरूलाई सुरक्षित, उच्च व्यवस्थापनयुक्त उपयुक्त र बालमैत्री भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने,

१२) सबै विद्यालयहरूमा सूचना सञ्चार प्रविधिको विस्तार भई सिकारूलाई प्रविधियुक्त समयानुकूल, गुणस्तरीय बनाउन सहयोग पुग्ने,

१३) नगरपालिकाभरिका विद्यालयहरूमा खेलकुद, स्वास्थ्य शिक्षकको प्रबन्ध, ल्याब, लाईब्रेरी लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा प्रदान गर्नमा सहयोग पुग्ने,

## २.३ सिद्धार्थनगर नगरपालिकाको मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | लम्विनी प्रदेशको आधार वर्ष २०८१ | रूपन्देही जिल्लाको आधार वर्ष २०८१ | सिद्धार्थनगर न.पाको आधार वर्ष २०८१ | सिद्धार्थनगर न.पाको लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ९९.९ | १०६.८ | १२०.२ | १५२.९ | १४०.० | १३५.० | १२५.० | १२०.० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७०.६ | ७२.६ | ७१.४ | ९३.४ | ९५.५ | ९७.० | ९८.० | ९९.० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.९ | ८४.३ | ८६.८ | ८१.१ | ८५.० | ९०.० | ९५.० | १००.० |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८२ | ०.८१ | ०.७९ | ०.७५ | | | | |
| ५ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर | ९५.७ | ९५.८ | ९५.७ | ९६.१ | ९७.० | ९८.० | ९९.० | १००.० |
| ६ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कुल प्रवेशदर | ११५.९ | ११९.५ | ११७.९ | १३९.८ | १३५.० | १३०.० | १२५.० | १२०.० |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.५ | ९५.७ | ९७.० | ९८.० | ९९.० | १००.० |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १२४.८ | १२८.४ | १२८.२ | १६०.७ | १५०.० | १४०.० | १३०.० | १२०.० |
| ९ | आधारभूत तह कक्षा १-५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९१ | ०.८९ | ०.७८ | ०.८० | ०.८५ | ०.९० | ०.९५ |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९५.२ | ९५.१ | ९५.२ | ९५.१ | ९७.० | ९८.० | ९९.० | १००.० |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२१.६ | १२३.९ | १२५.१ | १४९.६ | १४५.० | १३५.० | १२५.० | ११५.० |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.३ | ८६.२ | ८५.९ | ८६.२ | ८८.० | ९२.० | ९६.० | ९९.० |
| १३ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९१ | ०.८७ | ०.७९ | ०.८४ | ०.९० | ०.९३ | ०.९८ |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | लुम्बिनी प्रदेशको आधार वर्ष २०८१ | रूपन्देही जिल्लाको आधार वर्ष २०८१ | सिद्धार्थनगर न.पाको आधार वर्ष २०८१ | सिद्धार्थनगर न.पाको लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७६.५ | ७५.७ | ७६.२ | ८०.४ | ८३.० | ८६.० | ८९.० | ९२.० |
| १५ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ९८.७ | ९६.८ | १०६.९ | १२९.४ | १२५.० | १२०.० | ११५.० | ११०.० |
| १६ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९७ | ०.८७ | ०.६९ | ०.७५ | ०.८० | ०.८५ | ०.९० |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३७.१ | ३५.९ | ३७.८ | ५१.३ | ५५.० | ५९.० | ६३.० | ६७.० |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ६७.७ | ६६.० | ८२.७ | ९२.४ | ९३.० | ९४.० | ९५.० | ९६.० |
| १९ | माध्यमिक तह (कक्षा ११-१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०२ | १.०६ | ०.८४ | ०.६२ | ०.६५ | ०.७० | ०.७५ | ०.८० |
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५६.८ | ५५.२ | ५६.१ | ६५.१ | ६८.० | ७१.० | ७४.० | ७७.० |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ८३.२ | ८०.९ | ९४.२ | १०९.९ | १०७.० | १०६.० | १०५.० | १०४.० |
| २२ | माध्यमिक तहको कक्षा ९-१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १.०१ | ०.८५ | ०.६६ | ०.७० | ०.७५ | ०.८० | ०.८५ |
| २३ | कक्षा चढ्ने दर १ देखि ५ | ८३.८ | ८२.९ | ७६.० | ८८.१ | ९०.० | ९२.० | ९४.० | ९६.० |
| २४ | कक्षा चढ्ने दर ६ देखि ८ | ८८.२ | ८७.३ | ८७.० | ९०.७ | ९२.० | ९४.० | ९६.० | ९८.० |
| २५ | कक्षा चढ्ने दर ९ देखि १० | ९३.४ | ९३.१ | ८९.९ | ९४.६ | ९५.० | ९६.० | ९७.० | ९८.० |
| २६ | कक्षा चढ्ने दर ११ देखि १२ | ९१.३ | ९१.२ | ९१.१ | ९०.४ | ९२.० | ९४.० | ९६.० | ९८.० |
| २७ | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ८.७ | ९.५ | १४.० | ४.६ | ४.० | ३.५ | ३.० | २.५ |
| २८ | कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८ | ५.२ | ६.३ | ५.१ | ३.७ | ३.० | २.५ | २.० | १.५ |
| २९ | कक्षा दोहोर्याउने दर कक्षा ९ देखि १० | २.२ | २.३ | ३.८ | १.५ | १.० | ०.५ | ०.० | ०.० |
| ३० | कक्षा दोहोर्याउने दर कक्षा ११ देखि १२ | ०.८ | ०.५ | २.५ | ०.० | ०.० | ०.० | ०.० | ०.० |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | लम्बिनी प्रदेशको आधार वर्ष २०८१ | रूपन्देही जिल्लाको आधार वर्ष २०८१ | सिद्धार्थनगर न.पाको आधार वर्ष २०८१ | सिद्धार्थनगर न.पाको लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ |
| ३१ | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ३.२ | ३.३ | ५.० | २.३ | २.० | १.५ | १.० | ०.५ |
| ३२ | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | २.८ | २.९ | ३.७ | २.० | १.५ | १.० | ०.५ | ०.० |
| ३३ | कक्षा छाड्ने दर कक्षा ९ देखि १० | १.९ | २.१ | ३.० | १.७ | १.५ | १.० | ०.५ | ०.० |
| ३४ | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ | ०.९ | १.० | १.३ | ०.७ | ०.५ | ०.४ | ०.३ | ०.० |
| ३५ | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ४.३ | ४.३ | ४.९ | ५.० | ५.५ | ६.० | ६.५ | ७.० |
| ३६ | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ३.८ | ३.६ | ४.३ | ३.५ | ४.० | ४.५ | ५.० | ५.५ |
| ३७ | नयाँ भर्ना दर कक्षा ९ देखि १० | २.५ | २.५ | ३.३ | २.२ | २.५ | २.७ | ३.० | ३.२ |
| ३८ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | ७.८ | ७.९ | ७.६ | ९.० | १०.० | १२.० | १४.० | १६.० |

(स्रोतः CEHRD Flash Report २०८०)

## परिच्छेद ३
# शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा
### ३.१.१ परिचय र बर्तमान अवस्थाः

चार वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ । आफ्नो उमेर समूहका बालबालिकासँग उपयुक्त वातावरणमा ४ घन्टासम्म बालमनोविज्ञान बुझेका महिला सहयोगी कार्यकर्ताको रेखदेखमा विभिन्न सकारात्मक सीपहरू सिक्ने स्थानलाई बालविकास केन्द्र भनिन्छ । बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित २ प्रकारका हुन सक्छन् । शारीरिक, मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई "बालविकास" भनिन्छ । यी चार पक्षमध्ये कुनै एक पक्षको अभावमा पूर्ण रूपमा बालविकास भएको मानिदैन । प्रारम्भिक बालविकास कक्षादेखि १२ सम्मलाई सरकारले विद्यालय शिक्षाको संरचनामा राखेको छ ।

पाठ्यक्रम प्रारूप २०७६ को परिभाषा अनुसार प्रारम्भिक बालविकास र शिक्षा चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिनेछ । चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका ब्रिmयाकलाप सञ्चालन गर्न सकिनेछ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण ब्रिmयाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पु¥याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुनेछ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम बालबालिकाको उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिनेछ । यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्नेछन् ।

प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरू निम्नानुसार रहेका छन ।

१. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता
२. पोषणयुक्त खाना र स्वस्थकर बानी विकास
३. वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन
४. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन
५. सिर्जनात्मक सोचको विकास
६. भाषिक तथा सञ्चार सीपको विकास

नेपालमा प्रारम्भिक बालविकासको संवैधानिक र नीतिगत व्यवस्थाले बालबालिकाको समग्र विकास र कल्याणलाई प्राथमिकता दिने उद्देश्य राख्छ । यसले कानूनी र नीतिगत स्तरमा बालबालिकाहरूको शिक्षा, स्वास्थ्य, र पोषणको आवश्यकता पूरा गर्नका लागि ठोस आधार प्रदान गर्दछ । नेपालको संविधानले बालबालिकाको अधिकार र विकासलाई विशेष महत्व दिएको छ । विशेष गरी अनुच्छेद ३५ ले बालबालिकाको विशेष संरक्षण र सुविधा सुनिश्चित गर्ने राज्यको कर्तव्यलाई स्पष्ट पार्दछ । यसअनुसार, राज्यले बालबालिकाको शिक्षा, स्वास्थ्य, र अन्य आवश्यक सेवाहरूमा ध्यान दिनेछ । त्यसैगरी अनुच्छेद ३९ ले बालबालिकालाई शिक्षाको अधिकार र उचित जीवनस्तरको आश्वासन दिन्छ । प्रारम्भिक शिक्षा र बालविकासलाई प्राथमिकता दिने संविधानको प्रावधानले यस क्षेत्रको महत्वलाई मान्यता दिएको छ । नेपाल सरकारले प्रारम्भिक बालविकासको लागि विभिन्न नीतिहरू लागू गरेको छ जसले बालबालिकाको समग्र विकासलाई सुनिश्चित गर्न मद्दत पुर्याउँछ जसमा शैक्षिक, पोषण र स्वास्थ्य सेवाहरूलाई एकीकृत रूपमा प्रदान गर्नका लागि प्रारम्भिक बालविकास नीति, सार्वजनिक प्राथमिक शिक्षा नीति, बाल स्वास्थ्य र पोषण कार्यक्रम, सामाजिक सुरक्षा र कल्याण योजनाहरू कार्यान्वयनमा समेत रहेको छ ।

विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) ले सम्म प्रारम्भिक बालविकासलाई समग्र सुधार र विकासको दृष्टिकोणले प्राथमिकता दिएको छ । यस योजनाले प्रारम्भिक शिक्षा र बालविकासको क्षेत्रलाई बलियो बनाउनका

लागि ठोस रणनीतिहरू र कार्यक्रमहरूको कार्यान्वयनमा ध्यान दिएको छ, जसले भविष्यमा बालबालिकाको समग्र विकासमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । स्थानीय सरकारले पनि प्रारम्भिक बालविकासका लागि विभिन्न योजनाहरू र कार्यक्रमहरूको कार्यान्वयन गर्ने क्रममा निति तथा योजनाहरुको कार्यान्वयनका लागि स्थानीय आवश्यकताहरूलाई ध्यानमा राख्दै बालबालिकाको समग्र विकासमा योगदान पुर्याउँने महत्वपूर्ण जिम्मेवारी रहि आएको छ ।

सिद्धार्थनगर नगरपालिकामा सामुदायिक विद्यालय तर्फ २० वटा, मदरसामा ८ वटा गरी जम्मा २८ वटा प्रारम्भिक बालविकास केन्द्रहरु संचालनमा रहेका छन् । सिद्धार्थनगर नगरपालिकामा अन्तर्गत ४ वर्ष उमेर समूहका बालबालिकाको संख्या ११७३ रहेको र शैक्षिक सत्र २०८१ को नगरपालिकाको तथ्यांकको आधारमा कुल भर्नादर १५२.९ प्रतिशत देखिन्छ । संख्यात्मक आधारमा सामुदायिक विद्यालयमा ६७६ जना र संस्थागत विद्यालयमा ३०२३ जना र धार्मिक विद्यालयमा २५६ जना गरी जम्मा ३९५५ जना विद्यार्थी यस शैक्षिक बर्ष २०८१ मा अध्ययनरत रहेका छन् । लैङ्गिक आधारमा १७५० जना छात्रा र २२०५ जना छात्र रहेका छन् । कक्षा १ मा भर्ना हुने विद्यार्थी मध्ये १३९.८ प्रतिशत प्रारम्भिक बालविकास कक्षाको अनुभव सहित भर्ना हुन आउने रहेका छन् ।

यस नगरपालिकामा सामुदायिक वालबिकास तर्फ महिला शिक्षक संख्या २८ जना रहेकोमा प्रतिशतका आधारमा १०० प्रतिशत र शैक्षिक योग्यताको आधारमा सबैजना १० कक्षा भन्दा माथि अध्ययन पुरा गरेको देखिन्छ । प्रारम्भिक बालविकास र शिक्षाको सहजकर्ताहरुले सेवाकालिन तालिम प्राप्त गरेका छैनन भने पालिका स्तरबाट क्षमता विकास तालिम् भने सबै सहजकर्ताहरुले प्राप्त गरेका छन् । अभिभावकको आर्थिक अवस्था कमजोर हुनुका साथै प्रारम्भिक बालविकासको महत्व बुझ्ने अभिभावकको संख्या न्यून रहेकोले विद्यार्थीको सिकाइ र नियमित उपस्थितिमा समेत समस्या देखिने गरेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा शिक्षण गर्ने शिक्षकहरूका लागि संघीय सरकारमार्पmत निकासा भएको रु १०,०००/- नगरपालिकाबाट रु ६,०००/- थपगरी मासिक तलबमान जम्मा रु १६,०००/- प्रदान गर्ने गरेको छ । सामुदायिक र मदरसा केन्द्रित समुदाय परिचालनको अवस्था न्यून छ यद्यपी अभिभावक शिक्षा प्रभावकारी रुपमा सञ्चालन गर्न सकिएको छैन । संस्थागत विद्यालयले संचालन गरेका बालविकास केन्द्रमा समुदायको सहभागीता भने प्रभावकारी रहेको छ । बढी र कम उमेरका ५२.९ प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका छन् । संस्थागत विद्यालयहरूले भर्ना गरेका धेरै बालबालिकाहरू ५ वर्ष उमेरमा कक्षा १ मा पुगेका छैनन् जसले गर्दा नगरपालिकाको खुद प्रवेश दर र खुद भर्नादरमा कमी देखिन्छ। प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा १ मा भर्ना दर ८१.१ बाट १०० मा पुयाउनुपर्नेछ । प्रा.बालविकास तथा शिक्षामा शिक्षण गर्ने सबै सहजकर्ताहरूको मन्टेश्वरी विधिबाट शिक्षण गर्न क्षमता विकास गर्नुपर्नेछ । यसको लागि आधारभूत तथा पुनर्ताजगी तालिम संचालन गर्नुपर्ने छ साथै तलबमान तोकेर वृत्तिविकासको सुनिश्चितता गर्नुपर्नेछ । समुदायको

बालबालिका र केन्द्रमा भएका उमेरगत बालबालिकाको सङ्ख्या घरधुरी सर्वेक्षणमार्फत सुनिश्चित गर्नुपर्नेछ । पहिचान भएका बालबालिकाको संख्याअनुसार सहजकर्ताको दरवन्दी व्यवस्था गनुपर्नेछ । निरन्तर अनुगमन तथा मूल्याङ्कन गरी सहजकर्ताहरुलाई केन्द्रमा सहयोग गर्नुपर्ने आवश्यकता रहेको छ । सिद्धार्थनगर नगरपालिकामा बालविकास केन्द्रहरुको अवस्था यसप्रकार रहेको छ ।

| क्र.स. | नाम | छुट्टै कोठाको व्यवस्था | | बसाई व्यवस्था | | | भित्ता सजावट | | सिकाई सामाग्री व्यवस्था | | | खेल सामाग्री व्यवस्था | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छ | छैन | खाली भुई | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor or outdoor दुबै | Indoor मात्र | outdoor मात्र | कुनै छैन | |
| १ | खजहना आ.वि | ✓ | | | ✓ | | ✓ | | | ✓ | | ✓ | | | | |
| २ | पक्लिहवा मा.वि | ✓ | | | ✓ | | ✓ | | | ✓ | | | ✓ | | | |
| ३ | भानु मा.वि | ✓ | | | | ✓ | ✓ | | | ✓ | | | | | ✓ | |
| ४ | बेलहिया मा.वि | ✓ | | | | ✓ | ✓ | | | ✓ | | | | | ✓ | २ वटा बा.वि.के |
| ५ | माहात्मा बुद्ध मा.वि | ✓ | | ✓ | | | ✓ | | | ✓ | | | ✓ | | | २ वटा बा.वि.के |
| ६ | भैरहवा नमुना मा.वि | ✓ | | | | ✓ | ✓ | | | ✓ | | | ✓ | | | |
| ७ | सुसंस्कृत मा.वि | ✓ | | | ✓ | | ✓ | | | ✓ | | | ✓ | | | |

| क्र.स. | नाम | छुट्टै कोठाको व्यवस्था | | बसाई व्यवस्था | | | भित्ता सजावट | | सिकाई सामाग्री व्यवस्था | | | खेल सामाग्री व्यवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छ | छैन | खाली भुई | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indo or out door दुबै | Indoor मात्र | out door मात्र | कुनै छैन | कैफियत |
| ८ | शान्ति बगैचा आ.वि | | | | | | | | | | | | | | | |
| ९ | भुजौली आ.वि | | ✓ | | | | | | | | | | | | | |
| १० | सिद्धार्थ आ.वि | ✓ | | | ✓ | | ✓ | | | ✓ | | | | | ✓ | |
| ११ | मेउडिहवा आ.वि | ✓ | | | ✓ | | ✓ | | | ✓ | | | | | ✓ | २ वटा बा.वि.के |
| १२ | विन्दबासिनी मिसुजु आ.वि | ✓ | | | | ✓ | ✓ | | | ✓ | | ✓ | | | | २ वटा बा.वि.के |
| १३ | भैरहवा बाल मन्दिर | | ✓ | | ✓ | | ✓ | | | ✓ | | | ✓ | | | |
| १४ | बहिरा बाल मा.वि | ✓ | | | ✓ | | | ✓ | ✓ | | | | ✓ | | | |
| १५ | नवदुर्गा मा.वि | ✓ | | | ✓ | | ✓ | | | ✓ | | ✓ | | | | २ वटा बा.वि.के |

| क्र.स. | नाम | छुट्टै कोठाको व्यवस्था | | बसाई व्यवस्था | | | भित्ता सजावट | | सिकाई सामाग्री व्यवस्था | | | खेल सामाग्री व्यवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छ | छैन | खाली भुई | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor outdoor दुबै | Indoor मात्र | outdoor मात्र | कुनै छैन | कैफियत |
| १६ | रूपन्देही लिलाराम न्यौपाने मा.वि | ✓ | | | ✓ | | ✓ | | ✓ | | | ✓ | | | | |
| १७ | सुर्यदेव मा.वि | ✓ | | | ✓ | | ✓ | | ✓ | | | ✓ | | | | |

स्रोतः प्र.अ बाट संकलन गरिएको सर्वेक्षण फारम

### ३.१.२ प्रारम्भिक बालविकासका मुख्य समस्या र चुनौतीः

प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित, पूर्वाधारयुक्त बनाई वालविकास केन्द्रलाई बालबालिकाको सहज पहुँचमा ल्याई गुणस्तरयुक्त शिक्षा प्रदान गर्नु पर्नेमा सो हुन सकेको छैन । जसमा निम्न प्रकारका समस्या र चुनौतीहरु रहेका छन् ।

१. बालमैत्री, सिकाइ कर्नरसहितको कक्षाकोठाको व्यवस्थापन नहुनु ।
२. पुर्ण सेवाकालिन र मन्टेश्वरी तालिम प्राप्त सहजकर्ताहरुको व्यवस्थापन हुन नसकेको ।
३. खुद भर्नादरमा उल्लेख्य सुधार हुन नसक्नु ।
४. विद्यार्थीको नियमित उपस्थितिमा सुधार हुन नसक्नु ।
५. अभिभावकलाई प्रारम्भिक बालविकासको महत्वप्रति जिम्मेवारी बनाउन नसक्नु ।
६. बालविकासका बालबालिकाको लागि सबै विद्यालयमा वालवालिकामैत्री भौतिक संरचनाको व्यवस्था नहुनु ।

### ३.१.३ प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका सूचकहरू:

| क्र.सं | सूचक | सूचाङ्क |
|---|---|---|
| १ | कुल भर्ना GER | १५२.९ |
| २ | खुद भर्ना दर NER | ९३.४ |
| ३ | लैङ्गिक समता दर GPI | ०.७५ |
| ५ | प्रा.बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा १ मा भर्ना दर | ८१.१ |
| ६ | महिला शिक्षक प्रतिशत | १०० |
| ७ | १० कक्षा वा सोभन्दा माथि योग्यता भएका शिक्षक प्रतिशत | १०० |

**वडागत सामुदायिक विद्यालयमा बालविकास तथा शिक्षा केन्द्र वितरण (सामुदायिक र मदरसा )**

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ३ | ३ | १ | २ | १ | २ | ० | १ | ३ | १ | १ | १ | १ |
| मदरसा | २ | | १ | २ | | | १ | १ | | १ | | | |

प्रारम्भिक बालविकास र शिक्षामा संघीय सरकारको अनुदान सहजकर्ताको पारिश्रमिकमा खर्च हुन्छ भने नगरपालिकाको आन्तरिक स्रोतबाट शिक्षकहरुलाई प्रोत्साहन भत्ता मात्र उपलब्ध गराइएको छ । यसलाई हेर्दा प्रारम्भिक बालविकास र शिक्षाको भौतिक र कक्षाकोठाको सिकाइ व्यवस्थापनमा बजेटको अभाव देखिएको छ जसबाट विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा बालविकास सहयोगी कार्यकर्ता र कक्षा कोठामा उचित ब्यवस्थापन हुन नसकेको अवस्था छ ।

### ३.१.४ उद्धेश्यहरु:

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु ।

२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु ।

३. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.५ रणनीतिहरु:

१. सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।

२. घरधुरी सर्वेक्षण गरी ३ र ४ वर्ष उमेरका बालबालिकाको किटान गर्ने र सोही संख्याको आधारमा बालविकास सहजकर्ताको व्यवस्था गर्ने ।

३. पहिचान भएका बालबालिकालाई बाल विकास केन्द्रमा भर्ना गर्न जनचेतनामूलक कार्यक्रम र अभिभावक शिक्षा संचालन गर्ने ।

४. पाठ्यक्रमको परिमार्जन अनुसारको अनुकूलन गर्ने

५. लागत सहभागिता वृद्धिका लागि साझेदार संस्थाहरूसँग समन्वय गर्ने

६. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।

७. प्रा.बालविकास तथा शिक्षामा शिक्षण गर्ने सबै शिक्षकहरूको मन्टेसरी विधिबाट शिक्षण गर्न आधारभूत तथा पुनर्ताजगी तालिम संचालन गर्ने ।

### ३.१.६ प्रमुख उपलब्धि तथा नतिजाः

**क) उपलब्धि**

प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने

**ख) नतिजाः**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त हुने

२. सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिमप्राप्त शिक्षक सहजकर्ता तथा बालबालिकाले न्यूनतम मापदण्ड पूरा गरेका हुने

३. बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने

४. आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित बालविकास तथा शिक्षा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन हुने ।

५. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार हुने ।

### ३.१.७ प्रारम्भिक बालविकास तथा शिक्षाको प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.सं. | कार्यक्रम | एकाइ | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण (मन्टेसरी ढाँचा) | पटक | २ | ० | १ | ० | १ | ० | |

| क्र.सं. | कार्यक्रम | एकाइ | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| २ | सामुदायिक विद्यालयमा संचालित बालविकास केन्द्रका लागि शैक्षिक सत्रको सुरूको महिनामा अभिभावक शिक्षा कार्यक्रम संचालन | बा.वि.के | २८ | ० | २८ | २८ | २८ | २८ | |
| ३ | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ४ | सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था | बा.वि.के | १० | ० | ३ | २ | ४ | १ | |
| ५ | बालबालिकाको अभिलेखीकरण | बा.वि.के | २८ | ० | २८ | २८ | २८ | २८ | |
| ६ | बालविकासका बालबालिकाहरुलाई पोषणयुक्त दिवा खाजाको व्यवस्था | जना | ३५१७ | ६७६ | ६९० | ७०३ | ७१७ | ७३२ | |
| ७ | सहजकर्ताहरुका लागि पाठ्यक्रम प्रबोधीकरण | पटक | १ | ० | १ | ० | ० | ० | |
| ८ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | बा.वि.के | २८ | २८ | २८ | २८ | २८ | २८ | |
| ९ | बर्षको २ पटक नजिकको स्वास्थ्य कार्यालबाट बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य परिक्षण गरि अभिलेख व्यवस्थापन | बा.वि.के | २८ | २८ | २८ | २८ | २८ | २८ | |
| १० | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | बा.वि.के | २८ | २८ | २८ | २८ | २८ | २८ | |
| ११ | परिवार, समुदाय, निजी क्षेत्र तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | बा.बि.के | २८ | ५ | ५ | ५ | ५ | ८ | |
| १२ | प्रारम्भिक बालविकास सहजकर्ता व्यवस्थापन | बा.बि.के | २८ | २८ | २८ | २८ | २८ | २८ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय र वर्तमान अवस्थाः

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवन पर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रूपमा लिएको हुनाले आधारभूत शिक्षामा मतामूलक पहुँच पुर्याई गुणस्तर सुनिश्चित गर्नु सिद्धार्थनगर नगर सरकारको दायित्व हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुने कुरा उल्लेख गरेको छ । यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार प्रदेश सरकार र स्थानीय सरकारको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भनेर उल्लेख गरेको छ । नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहमा अधिकारसहितको स्थानीय शासनको परिकल्पना गरेको छ । सोअनुसार स्थानीय तहले सम्बन्धित क्षेत्रको वस्तुगत विवरण तयार गर्ने, स्रोत अनुमान गर्ने, आवधिक योजना तथा वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, विकासका गतिविधि तथा सेवा प्रवाह गर्ने, विकास कार्यहरूबाट प्राप्त प्रतिफलको अनुगमन तथा लेखाजोखा गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षा ऐन २०२८ ले प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत तहको शिक्षा मानेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा (२) को खण्ड (ज) अनुसार आधारभूत तथा माध्यामिक तहको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेसँगै विद्यालयको सम्पूर्ण शैक्षिक, आर्थिक, व्यवथापकीय तथा भौतिक पक्षको कार्यान्वयन, व्यवस्थापन तथा अभिलेखीकरण गर्ने काम स्थानीय तह अन्तर्गत सिद्धार्थनगर नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाले गर्दै आइरहेको छ ।

नेपालको संविधानले आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षाको रूपमा संविधानको धारा ३१ मा उल्लेख गरेसँगै सबै बालबालिकालाई आधारभूत शिक्षामा पहुँच सुनिश्चितता गर्नु राज्यको प्रमुख दायित्व हो । तसर्थ यस सिद्धार्थनगर नगरपालिकाभित्र रहेका बालबालिकाहरूलाई कम्तीमा सबैलाई अनिवार्य रूपमा आधारभूत तहसम्मको शिक्षा निःशुल्क प्रदान गरी साक्षर बनाउने मुख्य लक्ष्य रहेको छ साथै उनीहरूलाई जीवन निर्वाह गर्ने सक्ने बनाउनु आधारभूत शिक्षाको आजको आवश्यकता हो । नेपालको संविधान २०७२ को धारा ३१ शिक्षा सम्बन्धी हकको व्यवस्था गरेको छ । धारा ३१ को उपधारा (१) मा आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनिएको छ, साथै उपधारा (२) मा आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनेछ भनिएको छ, त्यसै गरी नेपालको शिक्षासम्बन्धी हक कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, दिगो विकासको लक्ष्य को लक्ष्य नं. ४, १६औं आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सिद्धार्थनगर नगरपालिकाको शिक्षा ऐन

२०७४ मा आधारभूत शिक्षालाई प्राथमिकताका साथ उल्लेख गरिएको छ । त्यसै गरी आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क रूपमा कार्यान्वयनको लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) मा बृहत् रूपमा कार्यक्रम समावेश गरिएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठयक्रम प्रारूप २०७६ ले ४ वर्षदेखि १२ वर्ष उमेर समूहका बालबालिकालाई आधारभूत तहको शिक्षा प्रदान गर्नुपर्ने उल्लेख गरेको छ । सोही उमेर समूहलाई लक्षित गरेर पाठयक्रम निर्माण र कार्यान्वयन भएको छ । पाठयक्रमले तोकेका सक्षमताहरू हासिल गराउन आधारभूत शिक्षाको आवश्यकता छ । आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार ग र्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन् । आधारभूत शिक्षाका सक्षमता देहायबमोजिम रहेका छन् ।

१. देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन
२. भाषिक तथा सञ्चार सीपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सीप एवम् अभिवृत्ति विकास र प्रयोग
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
६. मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीपको विकास
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सीपको प्रयोग
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

सिद्धार्थनगर नगरपालिकामा सामुदायिक तर्फ ७ वटा, मदरसातर्फ १३ वटा र संस्थागतमा १५ गरि जम्मा ३५ वटा आधारभूत विद्यालय सञ्चालनमा रहेका छन् । सिद्धार्थनगर नगरपालिकाले नेपाल सरकारको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐनको व्यवस्था अनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यका साथ कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसबाट आधारभूत शिक्षामा पहुँचमा सुधार हुदै आएको अवस्था भए पनि आधारभूत

तहको गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न भने थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने अवस्था विद्यमान रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिएर आएका बालबालिकाको भर्नादर ८१.१ रहेको छ । नगरपालिकाभित्रको आधारभूत तहका विद्यालयको सङ्ख्या र विद्यार्थी अनुपात प्रति विद्यालय १:४५० रहेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको व्यवस्था अनुसार आधारभूत तह सम्म पूर्ण रूपमा स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि स्थानीय पाठयक्रम तथा सोहि अनुसारको पाठ्यपुस्तकको विकास गरी कार्यान्वयनमा आएको छ, तर संस्थागत विद्यालयमा यस प्रकारको कार्यान्वयनको अवस्थाका सम्बन्धमा अनुगमन हुन सकेको छैन । त्यसैगरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन सकेको अवस्था छैन । यस्तो अवस्थामा शिक्षाको दीर्घकालिन योजनाले आधारभूत शिक्षामा उच्च प्राथमिकता प्रदान गरी शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गर्नु पर्ने अवस्था विद्यमान रहेको छ । आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्याउन विगतमा गरिएका प्रयासहरूको नतिजा स्वरूप सिद्धार्थनगर नगरपालिकाको कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९५.७ प्रतिशत र कक्षा १ देखि ८ को खुद भर्नादर ९५.१ प्रतिशत पुगेको छ आधारभूत शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्था सिमान्तकृत समुदाय दलित जनजाति कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर छ । आधारभूत तहमा निःशुल्क शिक्षालाई पूर्ण रूपमा कार्यान्वयन गर्न सकिएको छैन सामुदायिक तथा मदरसा विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री समावेशी र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित गर्ने पोषण स्वास्थ्य सरसफाई दिवा खाजा जस्ता सेवाहरूमा विस्तार तथा सुधार गर्नुपर्नेछ । पेशागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरुले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ आधारभूत तहमा बालबालिकाको विद्यालय छोड्ने र कक्षा दोर्होयाउने उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नु आवश्यक देखिएको छ ।यस नगरपालिकामा कक्षा १ मा भर्ना भएका बालबालिकाले आधारभूत तह पार गर्ने कक्षा १-५ मा promotion rate ८८.१ र कक्षा ६-८ मा promotion rate ९०.७ रहेको छ । साथै विद्यालयबाहिर रहेका बालबालिका झन्डै २.५ प्रतिशत (अनुमानित) रहेको छ । यसबाट पनि के देखिन्छ भने बालबालिका विद्यालयमा टिकाइराख्नु र विद्यालयको पहुँचभन्दा टाढा रहेका बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउनु आजको मुख्य चुनौती हो ।

सिद्दार्थनगर नगरपालिकामा सामुदायिक र धार्मिक विद्यालहरूको विषयगत सिकाइ उपलब्धीलाइ तल प्रस्तुत गरिएको छ ।

## कक्षा १-३ को विषयगत सिकाइ उपलब्धी

| कक्षा/तह | नेपाली | | | अंग्रेजी | | | गणित | | | सेरोफेरो | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| कक्षा १ | ५८.३५ | ५७.५३ | ५७.८९ | ५६.३७ | ५४.०४ | ५५.१७ | ५७.१६ | ५६.२० | ५६.६६ | ६१.०५ | ५७.६९ | ५९.३४ |
| कक्षा २ | ५७.९५ | ५७.३३ | ५७.६१ | ५०.८८ | ५२.७० | ५१.७६ | ५५.३७ | ५८.०० | ५६.६७ | ५२.६९ | ५३.८५ | ५३.२५ |
| कक्षा ३ | ५४.३२ | ५९.१३ | ५६.७० | ५२.९७ | ५६.४८ | ५४.६८ | ५५.३८ | ५८.४७ | ५६.९० | ५६.९२ | ६१.७६ | ५९.२९ |
| कक्षा १-३ मा औषत सिकाइ उपलब्धी | ५६.८७ | ५७.९९ | ५७.४० | ५३.४१ | ५४.४१ | ५३.८७ | ५५.९७ | ५७.५६ | ५६.७४ | ५६.८९ | ५७.७७ | ५७.२९ |

स्रोतः EMIS

## कक्षा ४-८ को विषयगत सिकाइ उपलब्धी

| कक्षा/तह | नेपाली | | | अंग्रेजी | | | गणित | | | विज्ञान तथा प्रविधि | | | सामाजिक अध्ययन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| कक्षा ४ | ५७.४९ | ५७.७१ | ५७.५७ | ४६.१८ | ४७.६४ | ४६.८८ | ४६.१५ | ४६.२७ | ४६.२० | ४२.७३ | ४३.८६ | ४३.२६ | ४५.१५ | ४५.३५ | ४५.२१ |
| कक्षा ५ | ६१.९२ | ५७.७३ | ५९.८१ | ६१.५९ | ५७.८९ | ५९.७३ | ५८.६१ | ५७.०६ | ५७.८२ | ५८.८५ | ५४.७६ | ५६.७८ | ६०.३४ | ५८.३३ | ५९.३३ |
| कक्षा ६ | ५२.२८ | ४८.९७ | ५०.६२ | ५१.६५ | ४८.२३ | ४९.९३ | ५०.६२ | ४९.१३ | ४९.८७ | ५४.७९ | ५०.२९ | ५२.५२ | ५४.१६ | ४८.५० | ५१.३२ |
| कक्षा ७ | ४९.०७ | ४८.४३ | ४८.७० | ५१.६६ | ५३.४६ | ५२.५२ | ४७.१६ | ४७.५२ | ४७.३२ | ५२.९४ | ४७.८१ | ५०.३५ | ५३.९४ | ४८.०४ | ५१.०० |
| कक्षा ८ | ६३.७७ | ६३.७१ | ६३.७१ | ६०.३० | ६३.९५ | ६२.१३ | ५९.४८ | ६०.३९ | ५९.९१ | ६७.२१ | ६२.४८ | ६४.८१ | ६३.८५ | ५९.४६ | ६१.६३ |
| कक्षा ४-८ मा औषत सिकाइ उपलब्धी | ५६.९१ | ५५.३१ | ५६.०८ | ५४.२८ | ५४.२३ | ५४.२४ | ५२.४१ | ५२.०७ | ५२.२२ | ५५.३० | ५१.८४ | ५३.५४ | ५५.४९ | ५१.९४ | ५३.७० |

स्रोतः EMIS

### ३.२.२ आधारभूत शिक्षाका मुख्य समस्या र चुनौतीहरू

**समस्याहरूः**

१. अनिवार्य र निशुल्क आधारभूत शिक्षाको सुनिश्चितता नहुनु ।
२. सबै बालबालिकाकाको शैक्षिक पहुँच सुनिश्चित नहुनु ।
३. आधारभूत तहका माथिल्ला कक्षाहरूमा विद्यालय छाड्ने दर उच्च हुनु ।
४. अभिभावकमा सार्वजनिक विद्यालय शिक्षाप्रतिको चासो र सहभागिता वृद्धि नहुनु ।
५. अभिभावकमा दिनानुदिन संस्थागत विद्यालय प्रतिको आकर्षण वृद्धि हुँदै जानु ।
६. विद्यार्थी सङ्ख्या, र विषयको आधारमा शिक्षक व्यवस्थापन नहुनु ।
७. विद्यालयको भौतिक पूर्वाधारलाई लैङ्गिक मैत्री र अपाङ्गता मैत्री नहुनु ।
८. शिक्षकहरू प्रविधि मैत्री शिक्षण सिकाइका लागि तयार नहुनु ।
९. प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास तथा प्रयोगको अवस्था सिर्जना नहुनु ।
१०. विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास नहुनु
११. शिक्षकलाई शिक्षण सिकाइका लागि उपयुक्त परामर्श तथा सहयोग गर्ने पद्दति विकास हुन नसक्नु
१२. विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा तथा स्टोर कोठाको उपलब्धता नहुनु
१३. विद्यालयमा किशोरीहरूका लागि प्रदान हुने सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु ।
१४. विद्यालयमा प्राथमिक उपचारसम्बन्धी किटको व्यवस्था तथा त्यसको प्रयोग भएको अवस्था नहुनुको साथै विद्यालय नर्स कार्यक्रमको व्यवस्था नहुनु।
१५. विद्यालयका बालबालिकाहरूका लागि वार्षिक रूपमा स्वास्थ्य परीक्षण गरी रिफरल गर्ने अवस्था नहुनु ।
१६. सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूका लागि उपचारात्मक सिकाइको प्रबन्ध गरी सिकाइ सुधारका कार्यक्रमहरू सञ्चालन नहुनु
१७. विद्यालयमा पुस्तकालय तथा सिकाइ कुनाको प्रबन्ध नहुनु, भएका विद्यालयहरुमा प्रयोग नहुनु
१८. विद्यालयलाई उत्थानशील विपद बनाउन नसक्नु

**चुनौतीहरुः**

१. सबै बालबालिकाको आधारभूत तहको अनिवार्य र निशुल्क शिक्षाको पहुँच सुनिश्चित गर्नु ।
२. आधारभूत तहको शिक्षालाई समतामूलक, समावेशी, गुणस्तरीय, प्रविधि मैत्री र अपाङ्ग मैत्री बनाउनु।
३. आधारभूत तहमा टिकाउ दर वृद्धि गर्नु ।
४. नक्शाङ्कन तथा जनसङ्ख्याको आधारमा विद्यालयको पुनव्यवस्थापन गर्नु ।
५. विषय तथा विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी मिलान गर्नु ।
६. विद्यालय सुशासनको प्रत्याभूति दिनु ।
७. सबै विद्यालयलाई विपद उत्थानशील बनाउनु ।

### स्थानीय तहको आधारभूत तहमा सेवा प्रवाहको अवस्थाः

| सामुदायिक | | | | धार्मिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | आधारभूत | कक्षा १-५ | कक्षा ६-८ | आधारभूत | कक्षा १-५ | कक्षा ६-८ | आधारभूत | कक्षा १-५ | कक्षा ६-८ |
| १ | ७ | ५ | २ | १३ | १२ | १ | १५ | १० | ५ |

स्रोतः EMIS 2081

### स्थानीय तहको आधारभूत तहमा विद्यार्थी सङ्ख्या :

| सामुदायिक | | | | धार्मिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | आधारभूत | कक्षा १-५ | कक्षा ६-८ | आधारभूत | कक्षा १-५ | कक्षा ६-८ | आधारभूत | कक्षा १-५ | कक्षा ६-८ |
| १ | ४४६३ | २५८९ | १८७४ | १०५० | ९२२ | १२८ | १०२३४ | ६७४३ | ३९९१ |

स्रोतः EMIS 2081

### शैक्षिक वर्ष २०८१ को अधारभूत तहमा जम्मा विद्यार्थी सङ्ख्या (सामुदायिक, धार्मिक र संस्थागत समेत)

| कक्षा | दलित | | जनजाति | | अन्य | | अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | १४३ | १९७ | २२४ | २३६ | १७१ | २३६ | ० | १ |
| २ | ११७ | १३६ | १५७ | १९२ | १४४ | १५० | १ | ३ |
| ३ | १०६ | १४६ | १९० | १७६ | १३७ | १५० | २ | १ |
| ४ | ११७ | ११४ | १८१ | २२१ | १३५ | १७८ | १ | १ |
| ५ | ९८ | १२३ | १९० | २३२ | १३९ | १४२ | १ | ३ |
| ६ | १२७ | १२८ | २१७ | २५७ | १४३ | २०१ | ० | ० |
| ७ | ११४ | ९६ | १९७ | २३६ | १३८ | १७४ | ० | ० |
| ८ | ८९ | १०२ | २५५ | २१९ | १२६ | १५९ | २ | ० |
| जम्मा | ९११ | १०४२ | १६११ | १७६९ | ११३३ | १३९० | ७ | ९ |

स्रोतः EMIS 2081

### आधारभूत तहअन्तर्गतका सामुदायिक र धार्मिक विद्यालयका शिक्षक दरबन्दी विवरणः

| तहगत शिक्षक दरबन्दी विवरण | दरबन्दी | राहत | जम्मा |
|---|---|---|---|
| प्राथमिक तह | ९१ | ६ | ९७ |
| नि.मा तह | ३८ | ६ | ४४ |
| कुल जम्मा | १२९ | १२ | १४१ |

स्रोतः EMIS 2081

### ३.२.३ उद्देश्यहरु:

यस योजनाको अन्त्यसम्ममा आधारभूत तहको शैक्षिक अवस्था निम्नानुसार सुधार हुने अपेक्षा अवलम्बन गरिएको छ

१. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु,
३. सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्नु,
४. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्थाको सुनिश्चितता गर्नु,
५. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित गराउनु ,
६. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु,
७. विद्यालय पद्धतिमा विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु ,
८. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित र अन्तरसम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ,
९. शिक्षणमा सुचना प्रविधिको प्रयोग तथा उपयुक्त शिक्षण विधिको प्रयोग गर्नु ।

### ३.२.४ रणनीतिहरू

१. विद्यालय नक्साङ्कन र समुदाय सर्वेक्षण गर्ने ।
२. विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने ।
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने ।
४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने ।
५. विद्यालयबाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने ।
६. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।
७. शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने ।
८. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।
९. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।
१०. सबै विद्यालयहरूमा प्राथमिकताप्राप्त न्यूनतम सक्षमता पुरा गराउने ।
११. शिक्षण सिकाइमा सुचना प्रविधिको प्रयोग तथा शिक्षण विधिमा आवश्यक सुधार गर्ने ।
१२. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।
१३. मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने ।
१४. विद्यार्थीलाई आवश्यक उपचारात्मक शिक्षण सिकाई उपलब्ध गराई सिकाइमा सुधार ल्याउने ।

१५. कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित विद्यार्थीको सिकाइ क्षमता विकास गर्ने ।

१६. शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने ।

१७. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।

१८. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने ।

१९. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने ।

२०. विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्स्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने ।

२१. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

२२. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने।

२३. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सीपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने ।

२४. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने

२५. शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने

२६. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको प्रशासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने

२७. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने

२८. शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने

### ३.२.५ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः

**क) उपलब्धिः**

अनिवार्य तथा निःशुःल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने ।

**ख) नतिजाः**

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा सहभागी भएको हुने ।

२. सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेको हुने ।

३. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने ।

४. आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने ।

५. बालमैत्री र समावेशी वातावरणमा सिकाइ भइरहेको हुने ।

६. विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन भएको हुने ।

७. विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएको हुने ।

८. बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।

९.आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समतासूचकमा सुधार भएको हुने ।

१०. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने ।

११. सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुगेको हुने ।

१२. शिक्षकहरुको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।

### ३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| कार्यक्रम | एकाइ | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | विद्यालय | २ | ० | १ | ० | १ | ० | |
| सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | ४ | ० | १ | १ | १ | १ | |
| विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ४ | ० | १ | १ | १ | १ | |
| कक्षा अवलोकन तथा शिक्षण सिकाई क्रियाकलापका सम्बन्धमा शिक्षकहरुसँग प्राविधिक छलफल | विद्यालय | २७ | ४ | ५ | ९ | ९ | ९ | |
| अपाङ्गता भएका विद्यार्थीलाई शिक्षण सिकाइमा आवश्यक आधारभूत सहयोग | संख्या | १०० | १६ | १८ | २० | २२ | २४ | |
| सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | २० | २० | २० | २० | २० | २० | सबै आधारभूत सामुदायिक र धार्मिक समेत |
| कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | २७ | सबै आधारभूत सामुदायिक र धार्मिक समेत |

| कार्यक्रम | एकाइ | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| व्यवस्थित परीक्षा प्रणालीको कार्यान्वयन | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | सबै आधारभूत सामुदायिक र धार्मिक र संस्थागत समेत |
| वि.व्य.स,शि.अ.सं का पदाधिकारीहरूको क्षमता विकास | विद्यालय | २० | ० | २० | २० | २० | २० | सबै आधारभूत सामुदायिक र धार्मिक समेत |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | विद्यालय | २० | २० | २० | २० | २० | २० | |
| अभिभावक शिक्षा तथा अभिमुखीकरण | विद्यालय | २० | २० | २० | २० | २० | २० | |
| प्रारम्भिक कक्षा (१-३) मा पढाउने शिक्षकलाइ एकिकृत पाठ्यक्रमको तालिम | संख्या | ४० | २० | २० | ० | ० | ० | |
| विद्यालयगत स्मार्ट कक्षाकोठा ब्यवस्थापन | विद्यालय | १० | २ | २ | २ | २ | २ | |
| आधारभूत तहमा शुद्द पठन द्रुतपठनका लागि शिक्षक तालिम संचालन | संख्या | १०० | २५ | ० | २५ | २५ | २५ | |
| आधारभूत तहमा उत्कृष्ट विद्यार्थी,शिक्षक,अभिभावक र विद्यालय सम्मान | संख्या | १२५ | २५ | २५ | २५ | २५ | २५ | |
| विद्यार्थीहरूको अपाङ्गताको प्रारम्भिक पहिचान | संख्या | ९०९० | १८०० | १८०९ | १८१८ | १८२७ | १८३६ | |
| शैक्षिक सुधार कार्यक्रम (विद्यालय जाउँ ज्ञान पाउँ) | वडा | ५ | १ | १ | १ | १ | १ | |

## ३.३ माध्यमिक शिक्षा:

### ३.३.१ परिचय र वर्तमान अवस्थाः

नेपालको संविधान २०७२ धारा ३१ मा प्रत्येक नेपाली नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्न पाउने मौलिक हकको रूपमा उल्लेख गरेको छ । १३ वर्ष देखि १६ वर्ष उमेर समूहका सबै बालबालिकाले माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्न पाउने हकको संरक्षण गर्न र राज्यले शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा गरेका प्रतिबद्धता र विद्यालय क्षेत्र विकास योजनाले समेटेका अवयवहरूको बारेमा दीर्घकालीन र अल्पकालीन योजना तथा नीति तयार गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कामका लागि संविधानले स्थानीय सरकारलाई तोकेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवम् शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउनुपर्ने खाँचो औंल्याएको छ भने माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधीकृत विद्यालयहरूको प्रभावकारी व्यवस्थापन र सञ्चालन गर्ने नीति लिएको छ । नेपालमा विगत लामो समयदेखि अभ्यासमा रहेको माध्यमिक तह कक्षा ९-१० तथा कक्षा ११-१२ को उच्च माध्यमिक तह निकै महत्वपूर्ण र सबैको चासोको विषयको रूपमा रहेको छ । परिवर्तित सन्दर्भमा विद्यालय शिक्षाको कक्षा १-८ आधारभूत र कक्षा ९-१२ लाई माध्यमिक गरी दुई तहमा विभाजन गरिएको छ । माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन र एक सय पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारीसमेत स्थानीय तहलाई दिइएको छ । यद्यपि कक्षा ९-१० र कक्षा ११-१२ का विद्यार्थीहरूले प्राप्त गर्नुपर्ने सक्षमताहरू (सिकाइ उपलब्धिहरू) भने अलगअलग निर्धारण गरिएका छन् । अलगअलग पाठ्यक्रम संरचनाहरू तयार गरिएको र विद्यार्थीहरूको स्तर निर्धारणको लागि एउटै राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत कक्षा १० को अन्त्यमा लिइने माध्यमिक शिक्षा परीक्षा प्रदेश स्तरबाट र कक्षा १२ को अन्त्यमा लिइने राष्ट्रिय बोर्ड परीक्षा सङ्घीय स्तरबाट लिइने व्यवस्था मिलाइएको छ । माध्यमिक शिक्षालाई तपसिलबमोजिम तीन भागमा विभाजन गरिएको छ ।

(१) साधारण शिक्षाअन्तर्गत नियमित र खुला तथा वैकल्पिक शिक्षा,

(२) प्राविधिक तथा व्यावसायिक शिक्षा र

(३) परम्परागत तथा धार्मिक शिक्षाअन्तर्गत संस्कृत शिक्षा, गुरुकुल, मदरसा, गुम्बा आदि ।

माध्यमिक तहमा आत्मविश्वासी, नैतिकवान्, इमानदार, लोकतान्त्रिक आचरण भएका,राष्ट्रिय एकताभाव,बहुसांस्कृतिक मूल्य मान्यता ,विविधता राष्ट्रिय आदर्शमा गौरव गर्न सक्ने, शान्ति, मानवअधिकार, दिगो विकास ,पर्यावरणीय सन्तुलन,द्वन्द्व व्यवस्थापन र विपद् व्यवस्थापनप्रति सचेत र जिम्मेवार,सबै प्रकारकाश्रम र पेसाप्रति सम्मान गर्न सक्ने, सीपयुक्त ज्ञान र प्रविधियुक्त राष्ट्रिय,अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने,व्यक्तिगत ,सामाजिक र राष्ट्रिय रूपमा आइपर्ने समस्याहरूसँग जुध्नसक्ने, अरूको विचार र भावनाको सम्मान एवम् कदर गर्न सक्ने, सकारात्मक सोच, सृजनशील,समालोचनात्मक सोच र अभ्यास गर्न सक्ने असल र सक्षम नागरिक तयार गर्नु माध्यामिक शिक्षाका मूल उद्देश्यहरू रहेका छन् । पाठयव्रmम प्रारूप २०७६ ले माध्यमिक तहको उमेर १३ वर्ष देखि १६ वर्ष सम्मलाई तोकेको छ । उक्त उमेर समूहका बालबालिकाहरूले हासिल गर्नुपर्ने सक्षमताहरू सोही

उमेरमा हासिल गराउनु माध्यमिक शिक्षाको मुख्य लक्ष्य हो । उल्लिखित सक्षमताहरू बालबालिकामा हासिल गराउनका निम्ति माध्यमिक शिक्षाको आवश्यकता परेको हो । सिकाइ र वास्तविकताबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सीप र क्षमतालाई अद्यावधिक गर्ने, नवीनतम ज्ञानको खोजी र प्रयोग गर्ने, अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने, नैतिक आचरण प्रदर्शन गर्ने, विविधतालाई सम्मान गर्ने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने, आधुनिक ज्ञान, सीप र सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सीपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने, सिर्जनशील, उद्यमशील एवम् सकारात्मक सोच भएको, उच्च आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतिहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नेतर्फ माध्यमिक शिक्षा केन्द्रित रहेको छ । यसका लागि माध्यमिक तहका विद्यार्थीमा निम्नानुसारका सक्षमता विकासको अपेक्षा गरिएको छ ।

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह
३. दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक सीपको प्रयोग
४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदानप्रदान
५. व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सीपको खोजी गर्ने बानीको विकास
६. गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सीपको प्रयोग
७. व्यावहारिक गणितीय ज्ञान र सीपको बोध र प्रयोग
८. वैज्ञानिक ज्ञान, तथ्य, सिद्धान्त र प्रविधिको समुचित प्रयोग
९. जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी सीपको प्रयोग गर्दै समाजसापेक्ष व्यवहार प्रदर्शन
१०. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता
११. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन

१२. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रकृयागत सीपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग

१३. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वाससाथ तयारी

१४. प्राविधिक ज्ञान, सीप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग

१५. उच्च तहमा अध्ययनको आधार विकास

सिद्धार्थनगर नगरपालिकाको शैक्षिक अवस्था हेर्दा माध्यमिक तहमा कूल ३३ विद्यालयमा कूल ४६६४ विद्यार्थी अध्ययनरत रहेका छन् । जसमा छात्र २७२६ र छात्रा १९३८ जना अध्ययनरत रहेको अवस्था छ। माध्यमिक तहमा सहजै देखिने र खुद भर्ना दर क्रमशः १०९.९ र ६५.१ रहेको छ । त्यसै गरी सरदर १.२ प्रतिशत बालबालिकाले विद्यालय छाड्ने गरेको अवस्था छ । सिद्धार्थनगर नगरपालिकाका १३ देखि १६ वर्ष उमेर समूहका लगभग सबै बालबालिका विद्यालयमा रहेको तर केही विद्यार्थी माथिल्लो कक्षा (कक्षा ९-१०) मा पुगेर विद्यालय छोड्ने गरेको पाइएको छ । विपन्न समुदायका बालबालिका ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन् । भारतीय सीमा क्षेत्रमा विद्यालय उमेर समूहका बालबालिकाहरु विद्यालय समयमा पनि भारतबाट सामानहरु ओसापसार गर्ने कारणले पनि विद्यालय छोड्ने प्रमुख कारण हो । बालविवाह, आर्थिक विपन्नताका कारण छात्राहरु कक्षा ८ पछि विद्यालय छाड्ने गरेको अवस्था छ । वडा नं. ७ मा सामुदायिक माध्यमिक विद्यालय नभएको अवस्था छ । विद्यालयको थप कक्षा अनुमति दिदा शिक्षक अभाव हुने भएकाले मा.वि थप गर्दा मौजुदा भौतिक संरचना को आधारमा दरबन्दी सहितको अनुमति मात्र दिनुपर्ने देखिन्छ । नगरपालिकामा भएका सामुदायिक माध्यमिक विद्यालय (९ देखि १२ कक्षा) ५ वटा सबैलाई पायक पर्ने ठाउँमा रहेकाले बालबालिकाको पहुँचको शुनिश्चितता रहेको छ । माध्यमिक तहमा कक्षा १० सम्म निःशुल्क र कक्षा ११ र १२ मा अनिवार्य विषयको पाठ्यपुस्तक पालिका मार्फत निःशुल्क रूपमा उपलब्ध गराईएको छ । यस नगरपालिकामा विद्यार्थी सङ्ख्या, संचालित कक्षा र विषयगतरूपमा पर्याप्त शिक्षक नभएकाले निःशुल्क माध्यमिक शिक्षा उपलब्ध गराउन नसकिएको अवस्था छ । माध्यमिक विद्यालयहरु सबैमा विज्ञान प्रयोगशाला रहेको छ । सबै माध्यमिक विद्यालयहरुले सूचना प्रविधि सहयोग (कम्प्युटर तथा इन्टरनेट) सुविधा प्राप्त गरेको अवस्था छ । सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापन र प्रयोगमा रहेका छन् । सरकारको शसर्त अनुदान मार्फत सबै बालिकाहरुका लागि सेनेटरी प्याड निःशुल्क उपलब्ध गराईएको छ । विशेष शिक्षाको पठनपाठन श्री बहिरा बाल मा विमा मात्र छ । यस विद्यालयमा सुनाइ र बोलाइ सम्बन्धी समस्या भएका बालबालिकाहरूका लागि मात्र अवसर छ । तर अन्य सबै किसिमको अपाङ्गता भएका बालबालिकाकालागि विशेष शिक्षाको अवसर प्राप्त छैन ।

### ३.३.२ माध्यमिक शिक्षाका मुख्य समस्या र चुनौतीहरू

१. शिक्षामा नयाँ अनुसन्धान र नयाँ सोचको अभाव छ जसको कारण गुणस्तरको मापदण्ड समाजको अपेक्षासँग सान्दर्भिक हुन सकेको छैन ।

२. विद्यालयप्रति समुदायको चासो कम भएका कारण शिक्षकहरूलाई समुदायको शैक्षिक अपेक्षा पूरा गर्ने दायित्वप्रति सचेत नभएकोले शैक्षिक योजनाहरू कार्यान्वयनमा शैक्षिक प्रशासन कमजोर छ ।

३. समुदायमा भएका अपाङ्गता, पिछडा वर्ग, महिला, पुरुष, विभिन्न प्रकारका पीडित तथा लोपोन्मुख वर्गलाई समेट्ने योजनाहरू निर्माण गरि कार्यान्वयन गर्न स्रोतको अभाव छ । त्यसकारण पालिकास्तरीय घरधुरी सर्वेक्षण गरेर शैक्षिक सूचना रजिस्टर खडागर्नुपर्ने आवश्यकता छ ।

४. विपद् व्यवस्थापनका लागि विद्यालयगत अभ्यास, उद्धार, परामर्श र पूर्वावस्थामा ल्याउने व्यवस्था गर्न संयन्त्रको पुनरसंरचना तयार गर्नुपर्नेछ ।

५. सबै विद्यालयहरूमा बालमैत्री र अपाङ्गमैत्री भौतिक अवस्थाको व्यवस्थाको तथ्याङ्क सङ्कलनगरी आवश्यक सुधार गर्नुपर्नेछ ।

६. शिक्षाका हरेक योजनाहरूको आवधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन गरी त्यसको सुझावलाई कार्यान्वयन गरानुपर्ने अवस्था छ ।

७. तीन तहका सरकारहरूबिचको समन्वय पारदर्शी र विश्वसनीय ढाँचाको तयार भएको छैन, कार्यक्रमहरू एकद्वार प्रणालीमा सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।

८. स्थानीय स्तरमा खपत हुने प्राविधिक तथा व्यावसायिक जनशक्ति तयार गर्नुपर्ने आवश्यकता छ ।

९. स्थानीय स्तरमा ICT विज्ञ उत्पादन र टिकाउ गराउनुपर्ने आवश्यकता छ ।

१०. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई दरिलो र भरपर्दो बनाई नतिजाहरूको प्रतिविम्बन विद्यालयसम्म पुर्याउने व्यवस्था गर्नु जरुरी छ ।

११. नगरपालिकास्तरमा परियोजना मूल्याङ्कनका लागि नगरपालिकाको शिक्षा हेर्ने प्रमुख समेत रहेको विज्ञहरूको एउटा स्वतन्त्र मूल्याङ्कन समितिमार्फत परियोजनाको प्रारम्भिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन गराउनुपर्ने र त्यसको सुझाव सार्वजनिक गरी कार्यान्वयनमा लैजानुपर्नेछ ।

१२. माथिका सबै कार्यहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न नगरपालिकाको शिक्षा शाखामा आवश्यक कर्मचारीको अभाव छ ।

**विद्यालय विवरण**

| क्र.सं. | तह | सामुदायिक | | | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत | धार्मिक | जम्मा | | |
| १. | माध्यमिक (१-१०) | ५ | ० | ५ | १४ | १४ |
| २. | उच्च माध्यमिक (१-१२) | ५ | १ | ६ | १० | १० |
| जम्मा | | १० | १ | ११ | २४ | २४ |

**स्थानीय तहको माध्यमिक तहमा विद्यार्थी सङ्ख्या :**

| सामुदायिक | | | | धार्मिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | माध्यमिक | कक्षा ९-१० | कक्षा ११-१२ | माध्यमिक | कक्षा ९-१० | कक्षा ११-१२ | माध्यमिक | कक्षा ९-१० | कक्षा ११-१२ |
| १ | १७७१ | १३५७ | ४१४ | ५० | ५० | ० | २८४३ | १९५० | ८९३ |

स्रोतः EMIS 2081

**शैक्षिक वर्ष २०८१ को अधारभूत तहमा जम्मा विद्यार्थी सङ्ख्या (सामुदायिक, धार्मिक र संस्थागत समेत)**

| कक्षा | दलित | | जनजाति | | अन्य | | अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ९ | १०२ | १०३ | १९४ | २५० | १३३ | १५३ | १ | ० |
| १० | ८० | १२१ | १८३ | २१३ | १०८ | १५८ | १ | २ |
| ११ | ३० | ५४ | ५८ | ९१ | ५४ | ५७ | ० | ० |
| १२ | ६ | ११ | ५३ | ३३ | २६ | ३६ | ० | २ |
| जम्मा | २१८ | २८९ | ४८८ | ५८७ | ३२१ | ४०४ | २ | ४ |

स्रोतः EMIS 2081

**पुस्तकालय विवरणः**

| विद्यालय | विद्यालयमा पुस्तकालयको अवस्था | |
|---|---|---|
| | भएको | नभएको |
| माध्यमिक तह (कक्षा १-१० सम्म सञ्चालित) सामुदायिक | ३ | |
| माध्यमिक तह (कक्षा १-१२ सम्म सञ्चालित) सामुदायिक | ३ | |
| माध्यमिक तह (कक्षा १-१० सम्म सञ्चालित) धार्मिक | | |
| माध्यमिक तह (कक्षा १-१२ सम्म सञ्चालित) मदरसा | | |
| कुल जम्मा | ६ | ० |

**सामुदायिक विद्यालयमा शौचालयको विवरणः**

| शौचालयको अवस्था | छात्राको लागि छुट्टै | छात्रको लागि |
|---|---|---|
| माध्यमिक तह (कक्षा १-१० सम्म सञ्चालित) सामुदायिक | ३ | ३ |
| माध्यमिक तह (कक्षा १-१२ सम्म सञ्चालित) सामुदायिक | ३ | ३ |
| माध्यमिक तह (कक्षा १-१० सम्म सञ्चालित) मदरसा | १ | १ |
| माध्यमिक तह (कक्षा १-१२ सम्म सञ्चालित) मदरसा | ० | ० |
| कुल जम्मा | ७ | ७ |

**स्वीकृत माध्यमिक शिक्षक दरबन्दी, राहत/शिक्षक अनुदान विवरणः**

| क्र.सं. | किसिम | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | जम्मा |
|---|---|---|---|---|
| १. | दरबन्दी | ३३ | ३ | ३६ |
| २. | राहत | ८ | ० | ८ |
| ३. | संघीय शिक्षक अनुदान (साधारण) | ० | ४ | ४ |
| ४. | संघीय शिक्षक अनुदान (प्राविधिक) | ४ | २ | ६ |
| जम्मा | | ४५ | ४५ | ९ |

### ३.३.३ उद्धेश्यहरुः

१. माध्यमिक तहका विद्यार्थीरुको पहुँच अभिवृद्धि गरि नैतिकवान, व्यावहारिक, सिपयुक्त र प्रतिस्पर्धी जनशक्ती उत्पादन गर्नु ।
२. माध्यमिक तहको शिक्षा अनिवार्य तथा प्रभावकारी कार्यान्यन गरी सबै बालबालिकाको गुणात्मक शिक्षामा पहुँचको सुनिश्चित गर्नु ।
३. माध्यामिक तहको खुद भर्नादर तथा टिकाउमा वृद्धि गर्नु ।
४. सबै बालबालिकाहरुले माध्यमिक तह पूरा गर्ने दर सुनिश्चित गर्नु ।
५. बालबालिकाको न्युनतम सिकाई उपलब्धी वृद्धिको सुनिश्चित गर्नु ।
६. विद्यालयको भौतिक संरचना तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी तथा सुरक्षित गर्नु ।
७. माध्यमिक तह सम्मका सबै विद्यालयमा विज्ञान तथा क्ष्ऋत् प्रयोगशालाको स्थापना गर्ने ।
८. गुणस्तरीय,प्राविधिक,व्यावसायिक तथा वैज्ञानिक र सान्दर्भिक शिक्षाको सुनिश्चित गर्नु ।

### ३.३.४ रणनीतिहरुः

१. माध्यमिक तहको शिक्षालाई अनिवार्य गरी सबै बालवालिकाको शिक्षामा पहुँच भएको सुनिश्चित गरिने छ।
२. असहाय तथा अपाङ्गता भएका बालवालिकाहरुको लागि आवासीय विद्यालयको व्यवस्थापन गरी उनीहको पहुँच सुनिश्चित गर्नु ।
३. आश्यकता रहेका विद्यालयमा बालमैत्री तथा समावेशी भौतिक संरचना निर्माण गरिने छ ।
४. बालवालिकाको टिकाउ दरमा वृद्धि गर्न अभिभावक शिक्षा, जीवन उपयोगी सीप,आवश्यक छात्रवृत्ती तथा शैक्षिक सामग्री सहयोग गरिने छ ।
५. बालबालिकाको सिकाई उपलब्धी वृद्धि गर्नका लागि थप ट्युसन कक्षा संचालन गरिने छ ।
६. शिक्षकको पेशागत क्षमता अभिवृद्धि गरी कक्षा कोठा भित्रको शिक्षणमा सुधार गरिनेछ ।

७. प्राविधिक धारको शिक्षाको विस्तार तथा सुदृढ गरिने छ ।

### ३.३.५ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने ।

**ख) नतिजाः**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
४. पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने
५. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने
६. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने
७. माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने
८. सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने
९. माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने
१०. माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने

### ३.३.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी | पटक | २ | ० | १ | ० | १ | ० | |
| विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन घरधुरी सर्वेक्षण र अद्यावधिक गर्ने | पटक | २ | ० | १ | ० | १ | ० | |
| सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि सघन भर्ना कार्यक्रम संचालन | पटक | ४ | ० | १ | १ | १ | १ | |

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| आवश्यकताअनुसार खुला तथा दूर शिक्षा लगायतका वैकल्पिक सिकाईको प्रबन्ध मिलाउने | पटक | ४ | ० | १ | १ | १ | १ | |
| उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालय सम्मान | पटक | ५ | १ | १ | १ | १ | १ | |
| सिकाइका लागि न्यूनतम वातावरणका लागि विद्यालय सुधार योजनामा आधारित सहयोग कार्यक्रम | पटक | ४ | ० | १ | १ | १ | १ | |
| कक्षाकोठामा आधारित मूल्याङ्कन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | |
| वि.व्य.स, शि.अ.सं का पदाधिकारीहरूको क्षमता विकास | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | |
| बार्षिक एस.इ.इ नतिजा सुधार योजना निर्माण र कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| शैक्षिक शुसासन तथा सिकाइ उपलब्धि वृद्धिका लागि अभिभावक तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया | पटक | ५ | १ | १ | १ | १ | १ | |
| सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | |
| नमुना माध्यमिक विद्यालय निर्माण कार्यक्रम | विद्यालय | २ | ० | १ | ० | १ | ० | |
| विद्यालय स्तरमा बाल समूह, स्काउट, रेड्क्रस क्लब गठन क्षमता विकास र परिचालन गर्ने | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | |
| सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय र वर्तमान अवस्थाः

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको सम्पूर्ण व्यवस्थापन स्थानीय तहलाई जिम्मा दिएको छ । त्यसै गरी शिक्षा ऐनले पनि माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक धारको विषय सञ्चालन गर्न पाउने व्यवस्था गरेको छ । दिगो विकास लक्ष्य ४ को ३ मा उल्लेख भएअनुसार नेपालले सबै महिला पुरुषलाई प्राविधिक, व्यावसायिक र परम्परागत शिक्षामा समान अवसर प्रदान गर्ने प्रतिबद्धता जनाएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरेर देश विकासकालागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार गर्ने उद्देश्य लिएको छ । विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) मा पनि प्राविधिक शिक्षा र व्यवसायिक तालिमलाई महत्वपूर्ण स्थान दिइएको छ । यस योजनाले विद्यालय स्तरमै प्राविधिक शिक्षा र व्यवसायिक तालिमलाई समेट्नका लागि विभिन्न पहलहरू गरेको छ, जसमा प्राविधिक र व्यवसायिक पाठ्यक्रमहरूको समावेशीकरण, क्लस्टर योजना, व्यावसायिक तालिम केन्द्रहरूको स्थापना, साझेदारी र सहकार्य, स्रोत र साधनहरूको आपूर्ति, प्राविधिक र व्यवसायिक शिक्षा प्रदान गर्नका लागि शिक्षकहरूको क्षमता विकास गर्ने समेत उद्धेश्य राखेको छ । कामसँग शिक्षालाई जोड्नु र दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोड्ने गरी शिक्षा प्रणालीलाई अग्रगामी दिशामा निर्देशित गर्ने शिक्षा नै प्राविधिक शिक्षा हो । जुन सम्बृद्धिको आधार पनि हो । प्राविधिक तथा व्यवसायिक सीप विकास गरी सिद्धार्थनगर नगरपालिकामा हरेक प्राविधिक क्षेत्रमा सुनिश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा समृद्ध नगर बन्ने कुरामा कुनै दुई मत रहन्न । नेपालमा सीप र व्यवसायको विकास, हस्तकला, मुर्तिकला र वस्तुकला तथा चित्रकलाहरुको उत्पादन लिच्छविकालदेखि नै भएको पाइन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको सुरुवात वि.स. १९९१ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुलचोक इन्जिनियरिङ कलेज) बाट भएको हो । सघन रुपमा प्रविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न वि.स.२०६८-०६९ देखि भएको हो । हाल नेपाल सरकार शिक्षा विभाग र प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरु सञ्चालन भईरहेको छ । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ ।

सिद्धार्थनगर नगरपालिकाको रुपन्देही लिलाराम न्यौपाने मा.वि मा प्राविधिक धारतर्फ सिटीभिटी अन्तर्गतको ३ वर्षे डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ पढाइ हुने गरेको छ । साथै विश्वविद्यालय अन्तर्गतका २ आङ्गिक क्याम्पस जसमा १ कृषि क्याम्पस, ३ संस्थागत क्याम्पस जसमध्ये १ मेडिकल कलेज र २ सामुदायिक पब्लिक क्याम्पस मुख्य रुपमा सञ्चालित उच्चस्तरीय प्राविधिक शिक्षालय हुन । साथै ५ विद्यालयमा CTEVT द्वारा सञ्चालित ३ वर्षे डिप्लोमा कक्षाहरू सञ्चालनमा रहेका छन ।

सिद्धार्थनगर न.पा भित्र विश्वविद्यालय तह तथा उच्च शिक्षाको पढाइ हुने प्राविधिक शिक्षालयहरुको विवरणः

| क्र.सं. | उच्च शिक्षाको पढाइ हुने संस्थाहरु | ठेगाना | तह | मुख्य विषय | किसिम |
|---|---|---|---|---|---|
| १. | पक्लिहवा कृषि क्याम्पस | सि.न.पा | स्नातक | कृषि विज्ञान | सरकारी |
| २. | युनिभर्सल मेडिकल कलेज एण्ड रिसर्च सेन्टर | सि.न.पा | स्नातक | एम.वि.वि.एस/एम.डि चिकित्साशास्त्र | संस्थागत |

**सिद्धार्थनगर न.पा भित्र सि.टि.ई.भि.टि अन्तर्गतका कोर्ष पढाइ हुने संस्थाहरुको विवरण**

| क्र.सं. | उच्च शिक्षाको पढाइ हुने संस्थाहरु | ठेगाना | तह | मुख्य विषय | किसिम |
|---|---|---|---|---|---|
| १. | रुपन्देही लिलाराम न्यौपाने मा.वि | सि.न.पा | ३ वर्षे डिप्लोमा कोर्ष | कम्प्युटर इन्जिनियर | सामुदायिक |
| २. | निमा प्रतिष्ठान | सि.न.पा | ३ वर्षे डिप्लोमा कोर्ष | मेडिकल | संस्थागत |
| ३. | लुम्बिनी नेत्र विज्ञान प्रतिष्ठान | सि.न.पा | ३ वर्षे डिप्लोमा कोर्ष | आँखा सम्बन्धि | संस्थागत |
| ४. | ओमसाइ नर्सिङ्ग कलेज | सि.न.पा | ३ वर्षे डिप्लोमा कोर्ष | स्टाफ नर्स | संस्थागत |
| ५ | सिद्धार्थ | सि.न.पा | ३ वर्षे डिप्लोमा कोर्ष | एच.ए | संस्थागत |

प्राविधिक धार सञ्चालित विद्यालय र त्यसमा उपलब्ध शैक्षिक तथा भौतिक वातावरणमा जानकार नभएकोले धेरै विद्यार्थीहरु प्राविधिक शिक्षा पाउनबाट वञ्चित भएका छन । पालिकाका १ वटा सामुदायिक विद्यालयमा मात्र प्राविधिक धारको पठनपाठन हुने गरेपनि आर्थिक अभाव र सिमित कोटा  र मेरिटका आधारमा विद्यार्थी छनौट गरिने कारण विद्यार्थीहरुले प्राविधिक शिक्षाको अवसर प्राप्त गरेका छैनन् । विषयगत रुपमा प्रशिक्षकको व्यवस्था गरिए पनि प्राविधिक शिक्षा संचालन भएका विद्यालयमा पर्याप्त प्रशिक्षक छैनन । प्रशिक्षक, कर्मचारी र ल्यावका सामग्री खरिद गर्न अनुदान प्राप्त हुने गरेको छ यद्यपी अपर्याप्त छ । सिद्धार्थनगर नगरपालिकामा प्राविधिक तथा व्यवसायीक तालिम प्रदायक संस्थाहरु रहेपनि नगरपालिकासँग समन्वय हुन सकेको छैन ।

### ३.४.२ प्राविधिक शिक्षाका मुख्य समस्या र चुनौतीहरुः

१. विद्यार्थीको चाहनाअनुसारको विषयमा कक्षा सञ्चालनका लागि सरकारी विद्यालयहरुमा प्रयाप्त मात्रामा प्राविधिक शिक्षा संचालनका लागि अनुमती नहुनु
२. समुदायको पहुँचमा प्राविधिक तथा व्यावसायिक विषयको विद्यालयमा पढाइ सञ्चालन नभएको
३. प्राविधिक तथा व्यावसायिक काम गर्ने स्थानहरूको व्यवस्था नभएको
४. प्राविधिक तथा व्यावसायिक विषय पढाउन आवश्यक पर्ने यन्त्र उपकरण तथा पूर्वाधारहरुको शुनिश्चितता नभएको
५. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपमार्फत उत्पादन भएका जनशक्तिकोको व्यवस्थापन गर्न सक्ने अवस्था नभएको

६. प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट यस क्षेत्रका गरी विपन्न पिछडिएको वर्ग र सीमान्तकृत समुदायको उक्त शिक्षाको पहुँचमा विस्तार गर्नु, शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आवद्ध गर्ने दीर्घकालीन नीति नभएको ।

७. व्यवसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि, लागत साझेदारीको सिद्धान्तमा स्रोत परिचालन, गर्न नसकिनु

८. प्राविधिक शिक्षाका लागि जनशक्तिको व्यवस्थापन गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षाको अध्ययन अनुसन्धान गर्नु, आवश्यक बजेटको व्यवस्था गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धता सहितको ठोस योजना कार्यान्वयनको लागि व्यवस्थापन गर्नु ।

### ३.४.३ उद्धेश्यहरु:

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि गर्ने

२. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसर सृजना गर्ने संयन्त्र विकास गर्ने

३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने

### ३.४.४ रणनीतिहरु:

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको अवसर सृजना गर्ने

२. बहुप्राविधिक शिक्षालय÷तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनका निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने

५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने

६. आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनका निम्ति संस्थागत क्षमता बढाउने

७. पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी÷जनजाति, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने

८. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरू कृषि, ऊर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तनलगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने

९. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने

१०. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने

### ३.४.५ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः

**क) उपलब्धिः**

उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**ख) नतिजाः**

१. सिद्धार्थनगर नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सीपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने ।
२. स्थानीय तहमा बहुप्राविधिक शिक्षालय÷प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने
३. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने
५. स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवद्र्धन हुने
६. वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना हुने
७. खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने
८. उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने ।
९. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने

### ३.४.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | १ | ० | ० | १ | ० | ० | |
| बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | विद्यालय | १ | ० | ० | ० | ० | १ | |

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| छोटो अवधिका सीपमूलक तालिम सञ्चालन | पटक | ४ | १ | १ | १ | १ | १ | |
| स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवद्र्धन कार्यक्रम | पटक | ४ | ० | १ | १ | १ | १ | |
| आर्थिकरूपमा पिछडिएका प्रतिभावान् तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सूचना गर्न आवश्यक स्रोतको व्यवस्था | पटक | २०० | ० | ५० | ५० | ५० | ५० | |
| माध्यमिक तहमा प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्यांक संकलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | २ | ० | ० | १ | १ | ० | |
| प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम संचालन | पटक | ४ | ० | १ | १ | १ | १ | |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाईः

### ३.५.१ परिचय र वर्तमान अवस्थाः

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा वाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा वाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणालि अनौपचारिक शिक्षा हो । औपचारिक पद्धति भन्दा वाहिर लचिलो ढँगवाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागिहरु आफ्नो जीवनमा आइपर्ने समस्याहरुका वारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्छन । संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त दिगो विकासको लक्ष्य नं ४ लुम्विनी प्रदेशको आवधिक योजना मा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा संगै अनौपचारिक शिक्षा प्रणालिले समेत

योगदान गर्दछ । सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । औपचारिक पद्धति भन्दा वाहिर लचिलो ढँगवाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागिहरु आफ्नो जीवनमा आइपर्ने समस्याहरुका वारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्छन । संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त दिगो विकासको लक्ष्य नं ४ लुम्विनी प्रदेशको आवधिक योजना मा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा संगै अनौपचारिक शिक्षा प्रणालिले समेत योगदान गर्दछ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार अनौपचारिक शिक्षाको माध्यमबाट आधारभूत शिक्षामा प्रवेश गराउने नीति लिएको छ । सामुदायिक अध्ययन केन्द्रलाई जीवनपर्यन्त सिकाइका लागि सामुदायिक अध्ययन केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रमा परिणत गरिएको छ । विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) अन्तर्गत अनौपचारिक शिक्षा र आजीवन सिकाइका उद्देश्यहरूमा अनौपचारिक शिक्षा र आजीवन सिकाइको महत्वलाई बढावा दिनु, व्यक्तिको जीवनस्तर सुधार्नका लागि सीप र ज्ञान प्रदान गर्नु, व्यावसायिक तालिम र रोजगारीका अवसरहरू सिर्जना गर्नु, सामाजिक समावेशिता प्रोत्साहित गर्नु, समुदायमा सिकाइका अवसरहरू सृजना गर्नु, आधुनिक प्रविधिको उपयोग गरेर सिकाइको पहुँच विस्तार गर्नु, र सार्वजनिक स्वास्थ्य र जीवनशैली सुधार्न जनचेतना बढाउने उद्धेश्यहरु समावेश गरिएका छन । सिद्धार्थनगर नगरपालिका भित्रका सबै बालबालिका तथा प्रौढहरुलाई शिक्षाको मूलधारमा ल्याउन औपचारिक शिक्षाले मात्र सम्भव नभएको अवस्थामा वैकल्पिक मार्गहरू प्रशस्त गर्नुपर्ने आवश्यकता छ । खुला शिक्षाको नीतिसमेत अवलम्बन गरिएको परिप्रेक्ष्यमा विद्यालय छाड्ने बालबलिकाहरूलाई र विद्यालयमा भर्ना नभएका बालबालिकाहरूलाई उनीहरूको पायक पर्ने स्थानमा रुचि र आवश्यकताअनुकूलको पाठ्यसामग्रीमा अभ्यास गराएर विद्यालय शिक्षाको मूलधारमा ल्याउनुपर्ने आवश्यकता छ । तथापि सिद्धार्थनगर नगरपालिकामा एकातर्फ युवा तथा प्रौढहरू निरक्षर पनि छन् भने अर्कोतर्फ आधुनिक युगमा प्रविधिको प्रयोगबिना जीवनयापन गर्न गाह्रो देखिन्छ । दैनिक जीवन चलाउनका लागि सूचना सञ्चार तथा व्यवसायमा आइपर्ने कामको प्रयोजनमा जान्नुपर्ने ज्ञान र सीपका लागि पनि अनौपचारिक शिक्षाको अनिवार्य आवश्यकता भएको छ । नेपाल सरकारले सामुदायिक सिकाइ केन्द्रहरु को स्थापना गरी सो मार्फत समेत अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरेको पाइएता पनि यस पालिकामा जम्मा एउटा मात्र सामुदायिक सिकाइ केन्द्र रहेको छ जुन पर्याप्त मात्रामा अनौपचारिक सिकाई गतिविधिहरु संचालन गर्ने केन्द्रको रुपमा सञ्चालन हुन सकेको छैन । नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा साक्षरता सम्वन्धी एकिन तथ्यांक उपलव्ध छैन । यसको लागि जनगणनाको नतिजामा भर पर्नुपर्ने अवस्था छ ।

**सामुदायिक सिकाइ केन्द्रको विवरणः**

| क्र.सं. | केन्द्रको नाम | ठेगाना | कक्षा | परिचालक | मोवाइल नं. |
|---|---|---|---|---|---|
| १. | भैरहवा सामुदायिक सिकाइ केन्द्र | सि.न.पा | अनौपचारिक | बिन्दा कुमारी तिवारी | ९८२१४४९३३० |

### ३.५.२ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका मुख्य समस्या तथा चुनौतिहरुः

माथि उल्लेखित सन्दर्भ र विश्लेषणका आधारमा अनौपचारिक शिक्षाका समस्या एवं चुनौतिहरु निम्न अनुसार पहिचान गरिएको छ ।

१. साक्षर नगरपालिका घोषणा गरिएको भएतापनि निरक्षरहरुको संख्या एकिन नहुनु ।
२. नवसाक्षरहरुलाइ साक्षरोत्तर र निरन्तर शिक्षा एवं आय आर्जनका कार्यक्रममा लगाउन नसकिनु ।
३. औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा सहसम्वन्ध कायम गर्न नसकिनु ।
४. युवा तथा प्रौढ हरुमा कार्यमुलक साक्षरता, पढ्ने वानीको कमी र डिजिटल साक्षरताको कमी ।
५. अनौपचारिक शिक्षा , खुला तथा वैकल्पिक सिकाइको अवसरलाइ एकिकृत सिकाइ प्रणालीका रुपमा संस्थागत विकास हुन नसक्नु ।
६. साक्षरता , निरन्तर सिकाइ , आयमुलक सिप , समयसापेक्ष सुचना प्रविधियुक्त कार्यमुलक सिकाइ तथा समकक्षताको व्यवस्था हुन नसक्नु ।

### ३.५.३ उद्धेश्यहरुः

१. सामुदायिक सिकाइ केन्द्रको आवश्यकताअनुसार स्थापना गरि अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
२. अनौपचारिक तथा निरन्तर एवं जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरि डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्ने ।
३. आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई शैक्षिक मुलधारमा ल्याउने ।
४. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने
५. औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षाका बिच अन्तरसम्बन्ध स्थापित गर्ने ।

### ३.५.४ रणनीतिहरुः

१.सामुदायिक सिकाइ केन्द्रको आवश्यकता अनुसार स्थापना गरि अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
२. नगरपालिकाभित्र घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखिकरण गरिनेछ ।
३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग सहकार्य र साझेदारिमा कार्यक्रम सञ्चालन गरिने छ ।
४. नवसाक्षर, प्रौढ महिला तथा पुरुषहरुलाइ आयआर्जनका कार्यक्रमसंग जोडी आत्म निर्भर र व्यवसायिक वनाउन सहयोग गरिने छ ।
५. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने
६. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडलहरू र भाषिक विविधताअनुरूपका सामग्रीको प्रयोग गरिने

### ३.५.५ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः

**क) उपलब्धि**

पालिकाका सबै नागरिकका लागि साक्षरता,निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने ।

**ख) अपेक्षित नतिजा**

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने ।

२. सिकारुको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने ।

३. नगरपालिकामा रहेको भैरहवा नमुना सिकाई केन्द्रलाई अनौपचारिक शिक्षा तथा ब्यवसायिक सिपका क्रियाकलाप प्रवर्दन गर्ने थलोका रुपमा विकास गरिने ।

४. आवश्यकताका आधारमा सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना भई आजीवन सिकाइको केन्द्रका रूपमा विकसित हुने ।

५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने ।

६. बैकल्पिक तथा खुल्ला सिकाई कार्यक्रम मार्फत विद्यालय बाहिर रहेका बालबालिकाहरु विद्यालय भर्ना गर्ने

७. अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अद्यावधिक हुने ।

### ३.५.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| घरधुरी सर्वेक्षण गरेर निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | ० | ० | १ | ० | ० | |
| साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्न थप सामुदायिक सिकाइ केन्द्रको स्थापना | पटक | २ | ० | १ | १ | ० | ० | |
| हाल सञ्चालनमा रहेको सामुदायिक सिकाइ केन्द्रलाई क्रियाशील गराउने | वटा | १ | १ | १ | १ | १ | १ | |
| अनौपचारिक शिक्षा शिक्षण सिकाइ सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | |

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण (व्यवस्थापन तालिम दिने) | वटा | ३ | ० | १ | १ | १ | ० | |
| महिला तथा प्रौढहरुलाइ आधारभूत वित्तिय साक्षरता तथा आधारभूत अंकगणितिय सिप सिकाइ कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| प्रौढहरुलाइ सिप विकास तालिम र आय आर्जनका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| लक्षित वर्गका लागि क्षमता विकास तालिम र जीवन उपयोगी सिप तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | |
| शैक्षिक पहूँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम संचालन | पटक | ५ | १ | १ | १ | १ | १ | |

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय र बर्तमान अवस्थाः

पाठ्यक्रमबिनाको औपचारिक शिक्षा अन्यौलमा नै रहने हुन्छ । के पढाउने ?किन पढाउने ?कसरी पढाउने ? कहिले पढाउने ? र के प्राप्त गर्ने ?भन्ने जस्ता प्रश्न अनुत्तरित हुन्छन् । त्यसकारण पाठ्यक्रमबिना व्यवस्थित पठनपाठनको कल्पना पनि गर्न सकिँदैन । पाठ्यक्रमले उद्देश्य विषयवस्तु, शिक्षण प्रक्रिया, क्षेत्र र क्रम, मूल्याङ्कन प्रक्रियासमेत स्पष्ट पारिदिएको हुन्छ । शिक्षक र विद्यार्थीलाई पाठ्यक्रमले दिशानिर्देश गर्दछ । शिक्षाको स्तर पाठ्यक्रमले प्रस्ट पार्दछ । अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चिततालाई मार्गदर्शन गर्नु ,सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तुलगायत

सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्नु पाठ्यक्रमका मुख्य उद्धेश्यहरु हुन । विभिन्न अध्ययन अनुसन्धानहरूसँग सम्बद्ध सुझाव, ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तन र समाजको आवश्यकता तथा अपेक्षाको विश्लेषणसमेतका आधारमा पाठ्यक्रमको विकास गर्ने र राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेका मान्यता तथा सिद्धान्तहरूलाई आत्मसात गरेर १०-१० वर्षमा पाठ्यक्रमको समीक्षा र परिमार्जन गरेर पाठ्यक्रम विकास र परिमार्जन गर्ने गरिन्छ । विषय विज्ञले विद्यार्थी, शिक्षक, बालमनोविज्ञान र समाजको अपेक्षा तथा समयसापेक्ष आवश्यकताका आधारमा पाठ्यक्रम तर्जुमा गरी विषय समितिमा पेस गरेको खाकामा विषय समितिले अध्ययन गरेर सिफारिस गरेको पाठ्यक्रमलाई पाठ्यक्रम विकास समितिले पारित गरेपछि पाठ्यक्रमले अन्तिम रूप लिने नीतिगत व्यवस्था छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ का मुख्य केन्द्रित विषयवस्तुहरूमा आधारभूत तह कक्षा १-३,४-५ र ६-८ का लागि अलगअलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै एकलपथिय पाठ्यक्रम तयार गरी कार्यान्वयन गरिएको छ ।

सिद्धार्थनगर नगरपालिकाका सबै सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीले नयाँ शैक्षिक सत्रमा भर्ना भएपछि सरकारमार्फत प्राप्त भएका निःशुल्क पाठ्यपुस्तक पाएका छन् भने विद्यालय तहमा पाठ्यक्रम विकास केन्द्रले सिफारिस गरेका पाठ्यपुस्तकहरू पढाइ भएका छन् । शिक्षकहरूलाई पाठ्यक्रम प्रबोधीकरण तालिम संचालन गरिएको छ भने एकीकृत ढाँचाको पाठ्यक्रम कार्यान्वयन गर्नमा शिक्षकहरू सबल भएका छन् । यस सिद्धार्थनगर नगरपालिकामा विगत २०८० सालमा कक्षा १ देखि ८ सम्मको हाम्रो सिद्धार्थनगर नामक स्थानीय पाठ्यक्रम निर्माण गरी २०८१ सालबाट सोहि अनुसारको पाठ्यपुस्तक समेत तयार गरी सबै सामुदायिक, धार्मिक तथा मदरसा र संस्थागत विद्यालयमा समेत लागु गरिएको छ । मूल्याङ्कन सम्बन्धि नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा ४-५ मा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य परीक्षाबाट हुने र कक्षा ६-७ मा ५० प्रतिशत आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत बाह्य परीक्षा गर्ने व्यवस्था छ । कक्षा ८ मा आवधिक परीक्षामार्फत विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था अनुसारकै मूल्यांकन पद्धती रहेको छ । शिक्षण सिकाइमा व्यवहार कुशल सीप एकीकृत गराउन शिक्षकमा समस्या छ । यसका लागि शिक्षकको क्षमता विकास गर्ने र कक्षाकोठामा सहयोग पु¥याउनुपर्ने आवश्यकता छ । कक्षाकोठामा मूल्याङ्कनलाई सिकाइसँग जोड्ने सीप शिक्षकहरूमा कमजोर देखिन्छ साथै निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गर्ने सीप पनि कमजोर छ । त्यसकारण निरन्तर मूल्याङ्कन र स्पेसिफिकेसन ग्रिट्सबमोजिम मूल्याङ्कन गर्ने क्षमता विकास गर्नुपर्ने आवश्यकता छ । विभिन्न विषयमा परियोजनाकार्य गराउने र प्रयोगात्मक कार्य गराउने कार्यमा शिक्षकहरूले प्रक्रिया मात्र पूरा गरेको पाइन्छ । यसका लागि निरन्तर अनुगमन र सहयोगको व्यवस्था गर्नुपर्नेछ । पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि नगर

स्तरीय विषयगत विज्ञ समूह गठन गरी शिक्षकहरूलाई सहयोग उपलब्ध गराइएको छ भने आवश्यकता अनुकुल शिक्षा शाखाबाट अनुगमन र मूल्याङ्कन गर्ने गरिएको छ ।

### ४.१.२ उद्धेश्यहरुः

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम संशोधित पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
२. सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
३. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेशअनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु,
४. सिकारुका सिकाइ समस्याको समाधानमा निरन्तर उन्मुख भई आवधिक तथा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
५. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गर्नुका साथै समयानुकुल विकास तथा परिमार्जन गर्नु,
६. विद्यार्थीहरुलाई अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराइ थप क्षमता अभिवृद्धि गर्नु,
७. समयानुकुल विज्ञान र प्रविधिको विकासलाई कक्षाकोठामा प्रयोग गर्न सक्ने गरि शिक्षकहरुलाई तालिमका माध्यमबाट ज्ञान,सिप र दक्षता अभिवृद्दि गर्नु ।

### ४.१.३ रणनीतिहरुः

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने ।
२. विकास गरिएको स्थानिय पाठ्यक्रम, एकिकृत पाठ्यक्रम तथा नयाँ पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरिने ।
३. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने ।
४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने ।
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने ।
६. शिक्षकको पेसागत सक्षमता विकास गरिने ।
७. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने ।
८. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गरिने ।
९. विद्यालमा आधारित सहयोग पद्धति विकास गरिने ।
१०. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने
११. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने ।

१२. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने ।

१३. विद्यालयको जनशक्तिलाई अनुसन्धान, अवलोकन र मूल्यांकनमा अभिप्रेरित गरिने ।

१४. शिक्षक पेशागत सहयोग कोचिंग मेन्टरिंग र सुपरिबेक्षण प्रणालीमा सुधार ल्याउन नगरपालिकाको क्षमता विकास गरिने ।

१५. निर्धारित शैक्षिक कार्यक्रमको विशिष्ट कार्यान्वयनका लागि आवश्यक ब्यवस्थापन गरिने

### ४.१.४ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः

**क) उपलब्धि**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

**ख) नतिजा**

१. पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने ।

२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने ।

३. सिकाइ दैनिक जीवनसँग सम्बन्धित हुने ।

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण भएको हुने ।

५. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने ।

६. शिक्षण सहजीकरणमा आधुनिक प्रविधिको प्रयोग गर्न शिक्षक सक्षम भएको हुने ।

### ४.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| पाठ्यक्रम अभिमुखीकरण सबै विद्यालयहरूमा | पटक | २ | ० | १ | ० | ० | १ | |
| कक्षा १-३ एकिकृत पाठ्यक्रम अनुसारको मूल्यांकन प्रणाली सम्बन्धि अभिमूखिकरण | विद्यालय | ७३ | १ | ० | ० | ० | ० | |
| आवधिक विद्यार्थी मूल्याङ्कन | पटक | १५ | ५ | ५ | ५ | ५ | ५ | |
| निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | ३० | १ | १ | १ | १ | १ | |
| स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि | विद्यालय | ७३ | १ | ० | ० | ० | ० | |

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| पाठ्यपुस्तकको समेत व्यवस्थापन | | | | | | | | |
| गणित, विज्ञान, भाषा र कम्प्युटर विषयक शिक्षक तालिम | विद्यालय | ३० | १ | ० | १ | ० | ० | |
| सामुदायिक माध्यमिक विद्यालयमा नेपाली विषयको सिकाइ पद्दती विकास | विद्यालय | ११ | १ | ० | ० | १ | ० | |
| सामुदायिक माध्यमिक विद्यालयहरूमा ई-लाइब्रेरी स्थापना | विद्यालय | ११ | २ | ० | २ | ० | २ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय र बर्तमान अवस्थाः

संसारमा ज्ञान, सीप र प्रविधिको तीव्र विकास भइरहेको छ । बालबालिकाहरूमा नयाँनयाँ ज्ञान, सीप र प्रविधिमा सक्षम बनाउनु शिक्षाको उद्देश्य रहेको हुन्छ । त्यसकारण निरन्तर रूपमा शिक्षक व्यवस्थापन र विकासको आवश्यकता हुन्छ । शिक्षकहरुको दैनिक शिक्षण क्रियाकलापमा प्राविधिक सहयोगकर्ता, प्र.अ. विज्ञ शिक्षक वा विषय विज्ञहरुबाट नियमित कक्षा अवलोकन, अनुगमन र निरीक्षण मार्फत शिक्षण सिकाई क्रियाकलापमा सहजता ल्याउनु र शिक्षकलाई आवश्यक प्राज्ञिक तथा प्राविधिक सहयोग पु¥याउनु नै शिक्षक पेशागत सहयोग हो । शिक्षकको पेशागत विकास मार्फत शिक्षण सिकाईमा सुधार ल्याई विद्यार्थीको शिकाई उपलब्धी वृद्धि गर्न कक्षाकोठामा शिक्षण र सिकाईका क्रममा भएका कमीकमजोरीलाई हटाउन अवलोकन अनुगमनलाई प्रभावकारी शिक्षण सिकाई संञ्चालनमा सहयोग गर्नु, आवश्यक छलफल, अन्तरक्रिया र सकारात्मक प्राविधिक पृष्ठपोषण प्रदान गर्नु आवश्यक छ । देश संघीय प्रणालीमा प्रवेश गरको छ वर्तमान अवस्थामा देशमा तीन तहको सरकार क्रियाशिल रहेका छन संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार । देश संघियतामा प्रवेश गरेसंगै शिक्षा सम्बन्धी विगतका संचरनाहरु हटाइएको तथा भुमिका परिवर्तन भएका छन। प्रत्येक स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा रहेको छ । शिक्षा सम्बन्धि बिभिन्न गतिबिधि संचालन भईरहेका छन । पहिला बिद्यालय निरीक्षक, विद्यालय स्रोत व्यक्ति तथा स्रोत विद्यालयको अवधारण रहेको थियो । जसले विद्यालय तहमा शिक्षाको पेशागत सहयोगको लागि प्राविधिक सहयोग गर्दै आएको थियो । तर वर्तमान परिपेक्ष्यमा त्यस्ता संचरना छैन र स्थानीय तहका सबै कार्यक्रम शिक्षा युवा तथा खेलकुद शाखा मार्फत काम भईरहेको छन् ।

त्यस शाखामा कर्मचारीको अभावका कारण बिद्यालय तहमा शिक्षक पेशागत सहयोग पुग्न सकेको छैन भने अर्को तिर अहिले सम्म त्यस्तो संरचना तथा प्रणाली विकास गरिएको छैन जसले गर्दा नियमित रुपमा शिक्षको पेशागत दक्षता अभिवृद्धि गर्नका लागि तालिम, कार्यशाला सञ्चालन गरी निरीक्षण पृष्ठपोषणका क्रियकलाप संचालन हुन सकिरेहका छैनन् । विद्यालय तहमा पनि शिक्षकको पेशागत विकासका लागि प्रधानाध्यापकद्धारा कक्षा अनुगमन गर्ने तथा पृष्ठपोषण तथा सहयोगको अभ्यास गरेको देखिदैन भने अर्को तर्फ  योग्यता प्राप्त प्र.अ. को उचित ब्यवस्थापन छैन । जसले गर्दा शिक्षकले भोगेका समस्याहरु समाधान गर्न नसकिएको तथा पेशागत दक्षता अभिवृद्धि क्रियाकलाप संचालन हुन नसकेको हुदा बालवालिकाको गुणस्तरमा कमी भएको देखिन्छ । शिक्षक सेवा आयोगले कार्यतालिका अनुसार योग्य र तालिमप्राप्त व्यक्तिहरूलाई विषयगत लाइसेन्स प्रदान गर्छ । खाली दरबन्दीमा पदपूर्तिका लागि योग्य व्यक्तिको छनौट गरेर नियुक्तिका लागि सिफारिस गरेको व्यक्तिलाई स्थानीय तहले नियुक्ति गर्दछ । बिचबिचमा अस्थायी शिक्षक नियुक्ति गर्नुपरेको अवस्थामा स्थानीयस्तरमा नियुक्ति गर्न सकिने प्रावधान पनि छ । वर्तमान कानुनअनुसार शिक्षकको वृत्तिविकास, नियुक्ति र पेसागत विकासको जिम्मेवारी स्थानीय तहले गर्ने नीतिगत व्यवस्था रहेको छ ।

सिद्धार्थनगर नगरपालिकामा विद्यालय तहको शिक्षाको जिम्मेवारी प्राप्त भए पनि सोहि अनुसारको संरचना र जनशक्ति ब्यवस्थापन हुन सकेको छैन । विद्यालयहरुको संख्या र स्तर बढदै गएका छन् भने विद्यार्थीको अनुपातमा शिक्षकको संख्या कम रहेको छ । अधिकांश विद्यालयमा तल्लो तहका शिक्षकले माथिल्लो तहमा शिक्षण गर्नुपर्ने अवस्था रहेको छ । शिक्षकको पेसाप्रतिको आकर्षण उच्च देखिएतापनि वृत्तिविकास र पदोन्नतिको व्यवस्था समयानुकुल नभएको अवस्था छ । शिक्षकलाई पाठ्यक्रम पूर्ण रूपले कार्यान्वयन गर्न तयारी गराउन नसकिएको अवस्था छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप र एकीकृत पाठ्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयन गर्न सक्षम बनाउनुपर्ने आवश्यकता छ । शिक्षकहरुको शिक्षण सिकाइ क्रियाकलाप परम्परागत ढाँचाको छ । शिक्षकले बालबालिकाको सिकाइलाई दैनिक जीवनसँग जोड्न, व्यवहार कुशल सीपलाई एकीकृत गरी शिक्षण गर्न तथा व्यावसायिक शिक्षामा परियोजना कार्य गराएर शिक्षण गर्न सकिरहेका छैनन् । शिक्षकहरूलाई एकीकृत ढाँचाको पाठ्यक्रमअनुसार कक्षाकोठामा सहजीकरण गर्न सक्ने बनाउन कक्षाकोठामा क्लिनिकल सुपरीवेक्षण गरेर शिक्षकलाई आवश्यक पर्ने शैक्षणिक सहयोग तथा टेवा प्रदान गर्नका लागि पालिका स्तरीय शिक्षक सहयोगका लागि आधारभूत तथा माध्यमिक तहमा विज्ञ समूह गठन गरेर सहयोग गर्नुपर्ने आवश्यकता रहेको छ । शिक्षकहरूलाई एकीकृत ढाँचाको पाठ्यक्रमअनुसार कक्षाकोठामा सहजीकरण गर्न सक्ने बनाउन कक्षाकोठामा क्लिनिकल सुपरीवेक्षण गरेर शिक्षकलाई आवश्यक पर्ने शैक्षणिक सहयोग तथा टेवा प्रदान गर्नका लागि पालिका स्तरीय शिक्षक सहयोगका लागि आधारभूत तथा माध्यमिक तहमा विज्ञ समूह गठन गरे पनि कक्षाकोठामा आधारित सहयोग र पृष्ठपोषणको पद्धती विकास हुन सकेको छैन ।सामुदायिक विद्यालयहरूको हालको तथ्याङ्कअनुसार शिक्षक विद्यार्थी अनुपात .......... र विद्यालय शिक्षक अनुपात आधारभूत तहमा ......... र माध्यमिक तहमा .......... छ । यसमा राहत, अनुदानका शिक्षकहरू समावेश भएका छन् यद्यपी अधिकांश

विद्यालयहरुले स्थानीय स्रोतका आधारमा निजि स्रोत शिक्षकको व्यवस्था गरेका छन । त्यसकारण नगर शिक्षा समितिले वस्तुगत स्थितिको अध्ययन गरी शिक्षक दरबन्दी मिलान र विद्यालय गाभ्ने वा कक्षा घटाउनेसम्बन्धी सिफारिस गरेपछि सबै दरबन्दीमा स्थायी शिक्षकको पदपूर्ति गर्नुपर्ने अवस्था छ ।

**मौजुदा शिक्षक र विद्यार्थीको विवरण अनुसार शिक्षक विद्यार्थी अनुपातः**

| सामुदायिक विद्यालयमा कार्यरत शिक्षक विवरण | महिला | पुरुष | जम्मा | सामुदायिक विद्यालयको विद्यार्थी विवरण | | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| आधारभूत तह | | | | आधारभूत तह | १६६४३ | ९२.४६ |
| माध्यमिक तह | | | | माध्यमिक तह | ४३७८ | ३९.८ |
| कुल जम्मा | | | | कुल जम्मा | २१०२१ | |

**क) शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति**

शिक्षकको पेसाप्रतिको आकर्षण उच्च देखिएतापनि वृत्तिविकास र पदोन्नतिको व्यवस्था समयानुकुल नभएको अवस्था छ । शिक्षकहरू सङ्घीय सरकारअन्तर्गत रहेर काम गरेकाहुन् जस्तो भान हुन्छ । संविधानले माध्यमिक तहसम्मको शिक्षाको लागि स्थानीय तहलाई जिम्मेवार बनाएको भए पनि कार्यविधिअनुसार शिक्षकको नियुक्ति, सरुवा, बढुवा र वेतनका बारेमा स्थानीय तह माध्यमकारूपमा काम गरिरहेका छन् जस्तो देखिन्छ ।

**ख) शिक्षक तयारी**

शिक्षकलाई पाठ्यक्रम पूर्ण रूपले कार्यान्वयन गर्न तयारी गराउन नसकिएको अवस्था छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप र एकीकृत पाठ्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयन गर्न सक्षम बनाउनुपर्ने आवश्यकता छ ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप**

शिक्षकहरुको शिक्षण सिकाइ क्रियाकलाप परम्परागत ढाँचाको छ ।शिक्षकले बालबालिकाको सिकाइलाई दैनिक जीवनसँग जोड्न, व्यवहार कुशल सीपलाई एकीकृत गरी शिक्षण गर्न तथा व्यावसायिक शिक्षामा परियोजनाकार्य गराएर शिक्षण गर्न सकिरहेका छैनन् ।

**घ) शिक्षक क्षमता विकास कार्यक्रम**

शिक्षकहरूलाई एकीकृत ढाँचाको पाठ्यक्रमअनुसार कक्षाकोठामा सहजीकरण गर्न सक्ने बनाउन कक्षाकोठामा क्लिनिकल सुपरीवेक्षण गरेर शिक्षकलाई आवश्यक पर्ने शैक्षणिक सहयोग तथा टेवा प्रदान गर्नका लागि पालिका स्तरीय शिक्षक सहयोगका लागि आधारभूत तथा माध्यमिक तहमा विज्ञ समूह गठन गरे पनि कक्षाकोठामा आधारित सहयोग र पृष्ठपोषणको पद्धती विकास हुन सकेको छैन । सहयोग गर्नुपर्ने आवश्यकता रहेको छ ।

**ङ) शिक्षक पेसागत सहयोग पद्धति**

माध्यमिक तहमा विज्ञ समूह गठन गरेर सहयोग गर्ने संयन्त्र तयार भएको छ, तर आधारभूत तहमा कक्षाकोठामा पेसागत सहयोग उपलब्ध गरिएको छैन ।

**च) शिक्षक उत्तरदायित्व**

आधारभूत तहमा र माध्यमिक तहमा विद्यार्थीको सिकाइ उपलब्धि स्तरलाई हेर्दा शिक्षकको उत्तरदायित्व पूरा भएको पाइँदैन । यसो हुनुको पहिलो कारण कोभिड १९को महामारीमा लामो समय विद्यालय बन्द हुनु जसले पारेको सिकाईको क्षतीको परिपूर्ती नभएको र दोस्रो कारण वर्तमान अवस्थाको नयाँ पाठ्यक्रम प्रारूप, एकीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र निरन्तर मूल्याङ्कनको मापदण्ड र शिक्षा पद्धतिअनुसार शिक्षकले शिक्षण गर्न नसक्नाले गर्दा हो ।

**छ) शिक्षकको आपूर्ति र वितरण**

सामुदायिक विद्यालयहरूको हालको तथ्याङ्कअनुसार शिक्षक विद्यार्थी अनुपात.......... र विद्यालय शिक्षक अनुपात आधारभूत तहमा ......... र माध्यमिक तहमा ......... छ । यसमा राहत, अनुदान र स्थानीय स्रोतका शिक्षकहरू समावेश भएका छन् । त्यसकारण नगरशिक्षा समितिले वस्तुगत स्थितिको अध्ययन गरी शिक्षक दरबन्दी मिलान र विद्यालय गाभ्ने वा कक्षा घटाउनेसम्बन्धी सिफारिस गरेपछि सबै दरबन्दीमा स्थायी शिक्षकको पदपूर्ति गर्नुपर्ने अवस्था छ ।

**लक्ष्यः**

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने

### ४.२.२ उद्देश्यहरूः

१. सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्नु
२. शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु
३. विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु
४. सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु
५. सुपरीवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
६. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु

### ४.२.३ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
२. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
३. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने

४. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने
५. शिक्षक तथा प्रधानाध्यापकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने
६. शिक्षक नियुक्ति, सरुवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने

### ४.२.४ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धि**

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने

**प्रमुख नतिजा**

१. राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने
२. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने
३. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने
४. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने
५. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने
६. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने
७. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने
८. शिक्षकको आपूर्ति नियमित रूपमा हुने
९. शिक्षकको वृत्तिविकासका लागि परादर्शी, र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने

### ४.२.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| अस्थायी, राहत, अनुदान तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | २ | ० | १ | ० | ० | १ | |
| अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | पटक | ७३ | १ | ० | ० | ० | ० | |
| कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने (वार्षिक एक पटक कोचिङ कक्षा) | पटक | १५ | ५ | ५ | ५ | ५ | ५ | |
| उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | विद्यालय | ३० | १ | १ | १ | १ | १ | |

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| परीक्षाको नतिजा विश्लेषण (वार्षिक ) | विद्यालय | ७३ | १ | ० | ० | ० | ० | |
| विद्यालयमा आधारित सुपरीवेक्षण तथा सहयोगका लागि क्षमता विकास(वार्षिक एक पटक) | पटक | ३० | १ | ० | १ | ० | ० | |
| शिक्षक पेसागत सहयोग तालिम (गणित, विज्ञान, भाषा, कम्प्युटर) | पटक | ३ | १ | ० | १ | ० | १ | |
| असल अभ्यासको अवलोकन भ्रमण (घुम्ती बैठक) | पटक | १० | २ | २ | २ | २ | २ | |
| विज्ञ समूहको गठन र परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | बार्षिक १ पटक |
| सहपाठी कक्षा अवलोकन (प्रत्येक विद्यालयमा वार्षिक २ पटक) | पटक | १० | २ | २ | २ | २ | २ | सबै विद्यालयमा |
| सामुदायिक विद्यालयका प्र.अ र लेखापालका लागि छोटो अवधिको क्षमता विकास तालिम | पटक | २ | १ | ० | ० | १ | ० | |
| विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | ५ | १ | १ | १ | १ | १ | बार्षिक १ पटक |
| कार्यसम्पादन मूल्याङ्कन (वार्षिक १ पटक) अस्थायी, करार र अनुदान शिक्षकको समेत | पटक | ५ | १ | १ | १ | १ | १ | |
| शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण (वार्षिक) | पटक | ५ | १ | १ | १ | १ | १ | |
| प्र.अ बैठकमा विद्यालय शिक्षण क्रियाकलापका सम्बन्धमा नियमित छलफल तथा सिकाइ अदान प्रदान | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | मासिक १ पटक |
| शिक्षक कल्याणकारी कोष स्थापना र कार्यान्वयन | पटक | १० | २ | २ | २ | २ | २ | |
| शिक्षक शैक्षिक डायरीको ब्यवस्थापन र कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| पूर्व प्राथमिक तहका शिक्षकहरूका लागि क्षमता विकास तालिम | पटक | २ | १ | ० | ० | १ | ० | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय र बर्तमान अवस्था

नेपाल सामाजिक सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक सांस्कृतिक तथा जातजातिगत समुदायको बसोबास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितीकरण परेका समुदायहरू पनि छन्। उदाहरणका लागि दलित तथा सिमान्तकृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा सामाजिक आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो वञ्चितीकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ ।

आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुर्‍याई सहभागी बनाउन थप प्रयास आवश्यक छ । उल्लेखित विविधता भएको नेपाली समाजमा विविधतालाई पहिचान दिनु सम्मान गर्नु सेलिब्रेसन गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ । बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्नु आवश्यक छ । यस्तो क्षमताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनुका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ यस प्रकार शिक्षामा विविधता समता र समावेशिताको प्रवर्धन गर्नु आवश्यक छ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकोले महत्वपूर्ण र अत्यावश्यक छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुर्‍याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाई सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ । यस्ता बाधाहरूमा समुदाय तथा परिवेश अनुसार भिन्नता हुन सक्ने कुरालाई पनि ध्यान दिनुपर्दछ। कुनै बाधाहरू भौतिक तथा स्रोत सामग्रीसँग सम्बन्धित हुन सक्दछन् भने कुनै सांस्कृतिक सामाजिक मनोवैज्ञानिक हुन सक्दछन् । कतिपय बाधाहरू संरचनागत पनि हुन सक्दछन् । अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धिको घोषणापत्र १९४८ मा अधिकारमा आधारित भेदभावरहित शिक्षाको सुनिश्चितता गर्ने प्रतिबद्धता जनाएको छ । लैङ्गिक समानता ऐन २०६५ र नेपालको संविधान २०७२को धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने कुरा उल्लेख गरेको छ । । सबैका लागि शिक्षाले पनि सामाजिक समावेशी शिक्षाको सबैलाई समान अवसर उपलब्ध गराउने उद्देश्य राखेको छ । विद्यालय क्षेत्र सुधार योजनामा सबैलाई समावेशी शिक्षाको सुनिश्चितता गर्ने लक्ष्य राखेको छ । स्थानीय सरकार सञ्चालन कार्यविधिमा सबै बालबालिकालाई निःशुल्क र अनिवार्य शिक्षाको पहुँचमा ल्याउने कुरा उल्लेख गरिएको छ ।विद्यालय क्षेत्र

विकास योजना २०७३ ले समूहसमूहका बिचमा हुने विभेदलाई न्यूनीकरण गरी सबैका लागि समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुनिश्चित गर्ने लक्ष्य लिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ को उद्देश्यमा आधारभूत शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच सुनिश्चित गर्ने र माध्यमिक तहमा पनि शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्ने कुरा उल्लेख गरिएको छ ।

सिद्धार्थनगर नगरपालिका विविध जात, धर्म, सम्प्रदाय र अपाङ्गता भएका नागरिकहरू वसोवास गरेको साझा थलो हो । सबै खाले बालबालिकाका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्नु नगरपालिका र समुदायको दायित्व हो भने गुणस्तरीय शिक्षाको अवसर प्राप्त गर्ने बालबालिकाको नैसर्गिक अधिकार हो । त्यसकारण समावेशी शिक्षाको नितान्त आवश्यकता छ । सिद्धार्थनगरमा विभिन्न समुदायको सहभागिता र सफलताको अवस्था फरक छ । महिला तथा पिछिडिएका समुदायका बालबालिकाका लागि स्थानीय स्रोत र ज्ञानमा जोड दिने प्रयासहरु हुन सकेका छैनन् । स्थानीय समुदाय, निकाय र सरोकारवालाहरूको सहकार्यमा महिला तथा पिछडिएका समुदायका बालबालिकाकाको लागि पाठ्यक्रम र शिक्षण सिकाई प्रक्रिया अनुकुल बनाउन केही प्रयासहरु थालिए पनि मूर्तरूपमा दिन सकिएको छैन । अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने कानुनी ब्यवस्था गरिएको छ । जातीयताको हिसावले दलित तथा जनजाति समेतलाई पछाडि परेको बर्गको रूपमा लिइन्छ । यस नगरपालिकामा विद्यार्थी कुल भर्नामा छात्राको सङ्ख्या १२८५५ दलितको सङ्ख्या २७२० रहेको छ भने जनजातिको सङ्ख्या १५७५ रहेको छ । समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू विभिन्न रोगहरूबाट पीडित बालबालिकाहरू अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन । समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूल प्रवाहीकरणमा ल्याउन अझै पनि सकिएको अवस्था छैन । नगरपालिकामा विपन्न समुदायको समेत बसोबास रहेका कारणले सेवा क्षेत्रका केही बालबालिकाहरु विद्यालय शिक्षाको पहुँचमा पुग्न नसकेको अनुमान रहेको छ । यद्यपी शिक्षाको दृष्टिकोणले जोखिममा रहेका बालबालिकाको छुट्टै सर्भे नभएको अवस्था छ । केही विद्यालयहरूले विविध शिर्षकमा विद्यालय ब्यवस्थापनका लागि सेवा शुल्क लिने गरेको कारणले गर्दा पैसा अभावका कारण कतिपय विद्यार्थीहरू विद्यालयमा जान सकेका छैनन् त्यसैले विद्यालय ब्यवस्थापनका लागि नगरपालिकाबाट प्रत्येक सामुदायिक विद्यालयलाई उचित ब्यवस्थापिकय खर्चको ब्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ । विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि भर्ना अभियान ,घरदैलो कार्यक्रम सञ्चालन गरिएको र छात्रवृत्तीका लागि बजेट विनियोजन तथा वितरण गरिएको छ । बालकक्षा देखी कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम, कक्षा १ देखी कक्षा ८ सम्मका दलित छात्रहरू र सबै छात्राहरूलाई प्रोत्साहन छात्रवृत्ती प्रदान गरिएको छ । नयाँ निर्माण भएका विद्यालय भौतिक संरचनालाई अपांगमैत्री र लैङ्गिक मैत्री बनाउन अनिवार्य गरिएको छ तर पुराना संरचनाहरूमा अपांगमैत्री र लैङ्गिक मैत्री बनाउन भौतिक सुधारको आवश्यकता छ । नगरपालिका भित्र एउटा विशेष विद्यालय (बहिरा बाल मा.वि) रहेको छ जहाँ सुनाई र बोलाइ सम्बन्धी समस्या भएका छात्रा ११९ जना, छात्र १५० जना गरि जम्मा २६९

जना बालबालिकाहरुलाई विशेष सुविधासहितको पठनपाठनको व्यवस्था मिलाइएको छ । यद्यपी सिद्धार्थनगर नगरपालिकामा बालविकास देखि कक्षा १२ सम्म अपाङ्गता भएका बालबालिकाहरूमध्ये छात्रा १४६ र छात्र १८० जम्मा ३२६ जना विद्यार्थी रहेका छन् । विद्यालयहरूमा छात्राहरुका लागि सेनेटरी प्याड, आइरन चक्की र फोलिक एसिड निःशुल्क वितरण गरिएको छ । सबै अधारभूत विद्यालयमा पुस्तकालय र पढाइ कुनामा विद्यार्थीको पहुँच छैन । अर्थात सबै आधारभूत विद्यालयहरूमा पुस्तकालयको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ । भने आधारभूत विद्यालयमा आधारभूत प्रयोगशालाको व्यवस्था छैन । जसले गर्दा बालबालिकाहरूको सिकाइको पहुँचलाई सर्वसुलभ गराउन सकिएको छैन । सिद्धार्थ आधारभूत विद्यालयमा छात्रा र छात्रको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था नहुँदा शौचालयमा विद्यार्थीहरूको सहज पहुँच छैन। त्यस्तैगरी शान्ति बगैंचा आ.वि र भैरहवा बालमन्दिरमा खानेपानीको उचित व्यवस्था छैन । भने खेलमदान पनि पाँचवटा विद्यालयमा नरहेको देखिन्छ । सिद्धार्थनगर नगरपालिकाका १७ वटा सामुदायिक विद्यालयमध्ये ६ वटा विद्यालयमा मात्र विद्यार्थीहरूको वार्षिक रूपमा स्वास्थ्य परीक्षण गरिने गरिन्छ भने अन्य ११ वटा विद्यालयमा वार्षिक स्वास्थ्य परीक्षणको समेत पहुँच पुग्न सकेको छैन ।

### ४.३.२ समस्या तथा चुनौतिहरू

माथि उल्लेखित विश्लेषणको आधारमा कमजोर तथा समाजमा पछि परेको बर्गको पहुँचमा देखिएका समस्या तथा चुनौतिहरू निम्न रहेका छन्-ः

१. अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण हुन नसक्नु ।
२. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु ।
३. बिद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु ।
५. बिद्यालयहरूमा अझै पनि विभेद, दुर्व्यवहार, हेपाइ जस्ता व्यवहार कायमै हुनु र बालमैत्री व्यवहार नहुनु ।
६. समाजमा पछि परेका बर्ग दलित, गरिव, अपाङ्गता भएको व्यक्ति समेतलाइ प्रदान गरिने सहायता न्यून हुन् ।

### ४.३.३ उद्देश्यहरू

१. शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु ।
२. सिकाइमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।
३. शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न संघसंस्था र कार्यालयहरूलाई जवाफदेही बनाउनु।
४. समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु ।

### ४.३.४ रणनीतिहरू

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधिक गर्ने ।
२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिकमैत्री बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको , निर्माण गर्न सहयोगगर्ने ।

३. साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गर्ने ।
४. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
५. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितताका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराउने।
६. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गर्ने ।
७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गर्ने ।
८. विद्यालयहरूमा बिशेषत जेन्डर फोकल' छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि : गुनासो सुन्ने अधिकारीको व्यवस्था 'पर्सनगर्ने ।
९. प्रत्येक बिद्यालयहरुमा गुनासो पेटिका बनाई राख्न लगाउने ।

### ४.३.५ उपलब्धी ,नतिजा ,प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रूपमाले कमजोर, अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने ।

**ख) नतिजा**

१. नगरपालिकाका सेवा क्षेत्र भित्रका अपाङ्गता, गरिव, विपन्न, अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने ।
२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।
३. लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एवं प्रोत्साहन प्राप्त गरेको हुने ।
४. विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने ।

### ४.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्यांक संकलन र विश्लेषण | पटक | २ | ० | १ | ० | ० | १ | |
| लक्षित बर्गको लागि छात्रबृत्ति वितरण | जना | ६१२१ | १२०० | १२१२ | १२२४ | १२३६ | १२४९ | |
| सबै प्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | |

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | विद्यालय | ७५ | १ | ० | १ | ० | १ | |
| जटिल रोग लागेका विद्यार्थीलाइ छात्रवृत्ति | जना | २५० | ५० | ५० | ५० | ५० | ५० | |
| शैक्षिक सामग्री, पोशाक तथा न्यानो कपडा वितरण | जना | ५०० | १०० | १०० | १०० | १०० | १०० | |
| अपांगता भएका बालबालिकालाइ शिक्षण सिकाइमा थप सहयोग सामग्री | जना | २०० | ० | ५० | ५० | ५० | ५० | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय र वर्तमान अवस्था :

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणको कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ विद्यालयमा आधारित पोषण तथा स्वास्थ्य सेवाको न्यूनतम प्याकेज अन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण तथा आवश्यकता अनुसार प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस कक्षा ६ देखि १२ का बालिकाहरुलाई आइरन चक्की छात्राहरूका लागि सेनिटरी प्याड छात्र र छात्राका लागि अलगअलग शौचालय व्यवस्थापन समितिको सक्षमतामा सुधार तथा पोषण र स्वास्थ्यका सवालमा बाल क्लबहरूको परिचालन गर्नुपर्ने रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले बालबालिकाको स्वास्थ्य पोषण सरसफाई तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा प्राथमिकता दिए पनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीति स्पष्ट गरेको देखिँदैन। विद्यालय शिक्षा क्षेत्र योजना र १६ औं आवधिक योजनामा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाई सुधार गर्नका लागि जुका नियन्त्रण सूक्ष्मपोषक तत्त्व पुराण तथा दृष्टि एवं श्रावणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने रणनीतिहरू प्रस्ताव गरिएका छन्। यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरूबाट स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने हुँदा कार्यक्रमको नतिजामा एकरूपमाता नदेखिने सम्भावना पनि रहेको छ। विशेषत विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ ।

विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने खानेपानी सरसफाई तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी विद्यार्थी सङ्ख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता सन्दर्भमा प्याड व्यवस्थापन व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्छा घर सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन्। उल्लेखित सुविधा तथा सेवा बाहेक बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्ध पनि विद्यालयमा हुन आवश्यक छ। स्वच्छता प्रवर्धन र दिगोपनका लागि विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ को पुनरावलोकन गरी तदनुकुलको संस्थागत व्यवस्था गर्न आवश्यक छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयनको स्थितिका आधारमा दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ। तर कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ । वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिँदैन ।

सिद्धार्थनगर नगरपालिकामा वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण आइरनचकी र फोलिक एसिड वितरण प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता पक्षहरुमा नगरपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधिहरु एकपटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । उपलब्ध गराइएका प्राथमिक उपचार बाकसमा उपचारका सामग्री औषधि तथा अत्यावश्यक उपकरणहरू समावेश गर्न सकिएको छैन । विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको सेनिटरी प्याडको व्यवस्थापन गर्नु मुख्य चुनौतीका रूपमा रहेको छ। सरसफाई तथा स्वच्छताको मापदण्ड तयार गर्न सकिएको छैन । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका बहुमेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन। यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन् । दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन कम हुने गरेको छ। प्लास्टिक मुक्त विद्यालय क्षेत्र बनाउनका लागि अभियान सञ्चालन गर्न सकिएको छैन। यद्यपि विद्यालयमा रहेका बाल क्लबले सरसफाई प्रवर्धनका क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेका छन्। विद्यालयका

भौतिक संरचनामा पर्याप्त शौचालय र खानेपानी तथा वा सुविधा रहेपनि विद्यार्थीले प्रयोग गर्ने अधिकांश शौचालयहरू दुर्गन्धित छन् । सिद्धार्थनगर नगरपालिकाको सवालमा बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ ।

सिद्धार्थनगर नगरपालिकामा विद्यालय स्वास्थ्यको अवस्था

| क्र.स. | विद्यालयको नाम | प्राथमिक उपचार बक्स तथा औषधी भएको | प्राथमिक उपचार सहायकता/सुविधा | नर्सको व्यवस्था | सेनेटरी प्याडको व्यवस्था भएको | विद्यार्थीहरुको वर्षमा २ पटक स्वास्थ्य जाँच गरेको | विद्यालय स्वस्थ्य तथा पोषण फोकल शिक्षक | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | खजहना आ.वि | १ | ० | ० | १ | ० | १ | |
| २ | पक्लिहवा मा.वि | १ | ० | ० | १ | ० | ० | |
| ३ | भानु मा.वि | १ | ० | ० | १ | ० | १ | |
| ४ | बेलहिया मा.वि | १ | ० | ० | १ | ० | १ | |
| ५ | माहात्मा बुद्ध मा.वि | १ | ० | ० | १ | ० | १ | |
| ६ | भैरहवा नमुना मा.वि | १ | ० | ० | १ | १ | १ | |
| ७ | सुसंस्कृत मा.वि | १ | ० | ० | १ | ० | १ | |
| ८ | शान्ति बगैचा आ.वि | १ | ० | ० | ० | १ | ० | |
| ९ | भुजौली आ.वि | १ | ० | ० | ० | १ | १ | |
| १० | सिद्धार्थ आ.वि | १ | ० | ० | १ | ० | ० | |
| ११ | मेउडिहवा आ.वि | १ | ० | ० | १ | ० | ० | |
| १२ | विन्दबासिनी मिसुजु आ.वि | १ | ० | ० | १ | ० | १ | |
| १३ | भैरहवा बाल मन्दिर | १ | ० | ० | ० | ० | ० | |
| १४ | बहिरा बाल मा.वि | १ | १ | १ | १ | १ | १ | |
| १५ | नवदुर्गा मा.वि | १ | ० | ० | १ | ० | ० | |
| १६ | रूपन्देही लिलाराम न्यौपाने मा.वि | १ | १ | ० | १ | १ | १ | |
| १७ | सुर्यदेव मा.वि | १ | १ | ० | १ | १ | १ | |

| क्र.स. | विद्यालयको नाम | प्राथमिक उपचार बक्स तथा औषधी भएको | प्राथमिक उपचार सहायकता/सुविधा | नर्सको व्यवस्था | सेनेटरी प्याडको व्यवस्था भएको | विद्यार्थीहरुको वर्षमा २ पटक स्वास्थ्य जाँच गरेको | विद्यालय स्वस्थ्य तथा पोषण फोकल शिक्षक | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | १७ | ३ | १ | १४ | ६ | ११ | |

## ४.४.२ समस्या तथा चुनौतीहरू

१. दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका लागि मितव्ययी, प्रभावकारी, दिगो र पर्याप्त व्यवस्थापन नहुनु

२. स्थानीय क्षमता सुदृढीकरण तथा सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न नसकिनु ।

३. दिवा खाजाका लागि अत्यन्त न्यून रकमको उपलब्धता, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध नहुनु ।

४. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्न नसकिनु ।

५. विद्यालय खाजा व्यवस्थापनका लागि मानव स्रोतको व्यवस्था गर्न नसकिनु ।

६. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न नसक्नु ।

७. विद्यालय स्वास्थ्य र पोषणका कार्यक्रमलाई प्रभावकारी रूपमा अनुगमन गर्ने र समयबद्ध मूल्याङ्कन पद्धतिको विकास गर्न नसक्नु ।

८. विद्यालय खाजा विद्यालय स्वास्थ्य पोषण तथा सफाई तथा स्वच्छता सम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउन नसकिनु ।

९. विद्यालय पोषण स्वास्थ्य तथा सरसफाईलाई कार्यान्वयनका लागि नगरपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय प्रभावकारी नहुनु ।

१०. खोप, अइरन चक्की फोलिक एसिडको प्रयोगमा मुस्लिम समुदायका सबै छात्राहरूलाइ समावेश गर्न नसकिनु ।

## ४.४.३ उद्देश्यहरू :

सिद्धार्थनगर नगरपालिकाको विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धि उद्देश्यहरू यसप्रकार रहेका छन् ।

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.४.४ रणनीतिहरू :

दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।

१. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने ।
२. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।
३. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
४. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने ।
५. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
६. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाउने ।
७. वडामा रहेका अधारभूत स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीहरूलाइ वडाका विद्यालयहरूमा स्वास्थ्य सेवा प्रवाहमा परिचालन गर्ने ।

### ४.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि :**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।

**नतिजा**

१. प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये सबैले आवश्यक खोप प्राप्त गरेका हुनेछन् ।
२. सबै विद्यालयले गुणस्तरिय तथा स्थानिय उत्पादनलाइ प्रोत्साहन गर्ने दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी कार्यान्वयन गरेका हुनेछन् ।
३. सबै विद्यालयमा वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था भएको हुनेछ ।
४. सबै विद्यालयमा खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको हुनेछ ।

५. माध्यमिक तहका विद्यालयमा नर्सिङ् सेवा तथा सुविधा पुगेको हुनेछ ।
६. हरित विद्यालय कार्यढाँचा योजनालाइ प्रभावकारी कार्यान्वयन गरिएको हुनेछ ।
७. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित भएको हुनेछ ।
८. विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था भएको हुनेछ ।

### ४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा सिद्धार्थनगर नगरपालिकाले विद्यालय पोषण र स्वास्थ्यका सन्दर्भमा प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य निम्नअनुसार राखिएको छ ।

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय | ३१ | ३१ | ० | ० | ० | ३१ | |
| स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | जना | २२६६४ | ४४४३ | ४४८७ | ४५३२ | ४५७८ | ४६२३ | |
| विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | ३१ | ५ | ५ | ५ | ५ | ५ | |
| कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका | जना | १०१४४ | १०३४७ | १०५५४ | १०७६५ | १०९८० | ११२०० | |

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| लागि स्यानिटरी प्याडको व्यवस्था | | | | | | | | |
| आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड, एच.पी.भी खोप आदि प्रदान) | पटक | ७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | |
| विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | ३१ | ० | ० | ० | ० | ३१ | |
| विद्यालयगत रूपमा हरित विद्यालय कार्यढाँचा योजना निर्माण र कार्यान्वयन | विद्यालय | ३१ | ० | १ | ० | ० | ० | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय र वर्तमान अवस्था :

विद्यालय सुरक्षा एक महत्वपूर्ण मुद्दा हो, जसको प्रमुख उद्देश्य विद्यार्थीहरूलाई सुरक्षित र विश्वसनिय वातावरणमा शिक्षित गर्नु हो । विद्यालय सुरक्षाका लागि सरकार, शैक्षिक संस्थाहरू, र स्थानीय समुदायले मिलेर काम गर्न अति आवश्यक छ । यसमा भवनको सुरक्षा, आपतकालीन योजनाहरू, र विद्यार्थीहरूको भौतिक र मानसिक सुरक्षाहरू पर्दछन् । संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अवस्थालाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रम समावेश हुँदै आए पनि प्रभावकारी देखिएको छैन विशेषत लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेको प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका महामारीहरूका कारणले बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी विद्यालय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८८ सम्म ले आगामी १० वर्षका लागि विद्यालय सुरक्षा, विपद न्यूनिकरणा तथा उत्थानशिलताका कार्यक्रमहरू प्राथमिकता साथ कार्यान्वयन ढाँचामा समावेश गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाई वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवं कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिइ विपदको पूर्व तयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी विद्यालयमा हुन सक्ने हिंसा असुरक्षा भय त्रास गाली बेइज्जती विभेद लगायतका गैर संरचनात्मक विपद तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री छात्रामैत्री अपाङ्गता मैत्री तथा सुरक्षित हिंसारहित र भयरहित सिकाई केन्द्रको रूपमा विकास गर्ने उल्लेख छ।

विद्यालय सुरक्षा, विपत न्यूनीकरण र उत्थानशीलता अन्तर्गत विभिन्न प्रकारका आपत्कालीन अवस्थाहरू समावेश गरिएको छ। जसमा प्राकृतिक प्रकोप, जोखिम न्यूनीकरण, महामारी युद्ध द्वन्द विस्थापन र बसाईसराई का कारणले बालबालिकाको शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई कम गर्नुपर्ने अवस्था छ । यसका साथै अपतकालिन अवस्थामा समेत सिकाइ वातावरण तयार तथा सिकाइ क्षति न्यूनिकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ अपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा ल्याएको छ । जसले जोखिमको अवस्थामा पनि अधिकार समावेशीकरण समता, न्याय र पहुँचलाई अभिवृद्धि गर्न सहयोग पुऱ्याउँदछ।

सिद्धार्थनगर नगरपालिकामा विद्यालय भौतिक निर्माणमा मानकहरूको पालना गर्ने प्रयास गरिएको छ यद्यपी विद्यालय भौतिक संरचनाहरू पुराना पनि रहेका छन् । भूकम्प प्रतिरोधक संरचना निर्माण भएपनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता, र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन । विद्यालयमा विपद सुरक्षाका सम्बन्धमा प्रशिक्षित शिक्षकहरूको उपस्थिति, र विद्यार्थीहरूको लागि नियमित सुरक्षा तालिमहरू सञ्चालन गर्न सकिएको छैन । सिद्धार्थनगर नगरपालिकाको विपद् पूर्वतयारी योजना २०८१ मा आपत्कालीन शिक्षालाई विषयगत क्षेत्रमा समावेश गरिएको छ। सिद्धार्थनगर नगरपालिकामा धेरै विद्यालयहरू शितलहर, तातो हावा, डुबान, आगलागी, चटयाङ तथा मौसमी प्रकोप, रोगजन्य महामारी जस्ता प्रकोपको जोखिममा छन् । र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । २०७२ सालको भूकम्पबाट पनि थुप्रै विद्यालयहरूमा क्षति पुग्यो । कोभिड १९ का कारण लामो समयसम्म विद्यालयहरू बन्द भए । सिद्धार्थनगरको उत्थानशील योजनामा संरक्षण तथा शिक्षा विषयगत क्षेत्रले विपदको समयमा किशोरी गर्भवती महिला सुत्केरी अपाङ्गता भएका व्यक्ति शिशु बालबालिका वृद्धवृद्धाहरुलाई संरक्षण गर्ने, विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्व तयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने, वैकल्पिक सिकाइको निरन्तरताका लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाइको वातावरण तयार गरी शैक्षिक गतिविधिहरुलाई निरन्तरता दिने, संरक्षण तथा शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनस्थापन र पुननिर्माणमा सहयोग गर्ने र विद्यालय मार्फत स्वास्थ्य संकट एवं विपद सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने उद्देश्य राखेको छ। विद्यालयहरूको आपतकालीन योजनाहरू तयार निर्माण भएका छैनन् जसले गर्दा विपद् व्यवस्थापन, तत्काल उद्धार योजना, र विद्यार्थी र कर्मचारीहरूको

सुरक्षा सुनिश्चित गर्ने उपायहरू अवलम्बन हुन सकेका छैनन् । विपद् व्यवस्थापनको लागि विद्यालयका शिक्षक र कर्मचारीहरूलाई नियमित तालिम दिनु, र विद्यार्थीहरूलाई विपद् प्रतिरोधक उपायहरूको बारेमा जनचेतना जगाउनु आवश्यक छ। विद्यालयको उत्थानशीलता भनेको विद्यालयको क्षमता, उत्थानशिल, र दिर्घकालिन विकास सुनिश्चित गर्नका लागि अपनाइने उपायहरू भएपनि यसमा शैक्षिक सुधार, समुदायको संलग्नता, र संरचनात्मक सुधारहरू अपर्याप्त छन् ।

सिद्धार्थनगर नगरपालिकामा कोभिड-१९ जस्तो विपदको समयमा शिक्षाका लागि विभिन्न बैकल्पिक प्रयासहरू गरिएका छन्। यीमध्ये केही प्रमुख प्रयासहरू निम्नलिखित छन्:

१. अनलाइन कक्षाहरू: विद्यालयहरूले अनलाइन प्लेटफर्ममार्फत कक्षाहरू सञ्चालन गरेका छन्। यसमा भिडियो कन्फरेन्सिंग एप्स, जस्तै जूम र गुगल मिटको प्रयोग गरिएको छ।
२. टेलिभिजन र रेडियो कार्यक्रम: शिक्षण सामग्रीको पहुँच सुनिश्चित गर्न टेलिभिजन र रेडियोबाट प्रशारण हुने शैक्षिक विशेष कार्यक्रमहरूमा विद्यार्थी सहभागी भएका छन् ।
३. सामग्री वितरण: विद्यार्थीहरूलाई आवश्यक अध्ययन सामग्रीको वितरण गरिएको छ, जसमा किताब, कार्यपत्र, र अन्य शैक्षिक सामग्री समावेश छन्।
४. सामुदायिक शिक्षण केन्द्र: स्थानीय समुदायमा शिक्षण केन्द्रहरूको स्थापना गरिएको छ, जहाँ शिक्षकहरूले विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा सहयोग गर्ने प्रयास गरेका छन्।
५. मास्क र स्वास्थ्य शिक्षा: विद्यार्थीहरूको स्वास्थ्य र सुरक्षाको लागि मास्क वितरण गरिएको र स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको आयोजना गरिएको छ।
६. अभिभावकको संलग्नता: अभिभावकलाई पनि शिक्षामा संलग्न गराउने विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको छ, जसले उनीहरूलाई घरमै विद्यार्थीहरूको अध्ययनमा सहयोग पुऱ्याउन मद्दत पुर्याएको छ। यी प्रयासहरूले शिक्षा प्रणालीलाई निरन्तरता दिन र विद्यार्थीहरूको शिक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्।

### ४.५.२ उद्देश्यहरू

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु

### ४.५.३ रणनीतिहरू

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने

२. सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने
७. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने
८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने
९. विपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
१०. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने,
११. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
१२. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने,
१३. द्वन्द र राजनितिक आन्दोलन एवं कार्यक्रमबाट विद्यालय परिसरलाई मुक्त गर्न "विद्यालय शान्ति क्षेत्रको अवधारणा" लाइ कार्यान्वयन गर्दै विद्यालय परिसरमा कुनै पनि अबाञ्छित गतिविधि सञ्चालन नगर्ने ।
१४. भौतिक पूर्वाधार अन्तर्गत खुल्ला चौरमा ठूलो फाइबरको हल निर्माण गरि खेलकुद, सभा तथा अन्य सामुहिक कार्यक्रम गर्नका लागि उपयुक्त तयारी गर्ने।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

**नतिजा**

१. बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या

२. हरित विद्यालय सङ्ख्या
३. जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| कार्यक्रम | | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | एकाई | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | १ | | | | |
| स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | २ | | १ | | १ | | |
| विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | २ | | १ | | | १ | |
| शिक्षक तथा वि.व्य.स र शि.अ.सं लाइ विपद् ब्यवस्थापन तालिम | पटक | २ | | १ | | १ | | |
| विपद् प्रतिरोधी विद्यालय सङ्ख्या | सङ्ख्या | ७० | ७ | ६ | ५ | ५ | ७ | |
| सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन | विद्यालय | ३१ | ३० | ३० | ३० | ३० | ३० | |
| विद्यालय विपद उत्थानशील योजना | विद्यालय | ७० | ७० | ७० | ७० | ७० | ७० | |
| सबै विद्यालयहरूमा हरित विद्यालय कार्यढाँचा योजना निर्माण गर्ने | विद्यालय | ७० | ७० | ७० | ७० | ७० | ७० | |
| विद्यालयमा आधारित विपद् पूर्वतयारी अवस्थाको अभ्यास गर्ने | विद्यालय | ३१ | ५ | ५ | ७ | ७ | ७ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय र वर्तमान अवस्था

बालबालिकालाई शिक्षा दिने र नैतिकता सिकाउने थलो हो- विद्यालय । तर,तिनै विद्यालयहरूको भौतिक संरचना कमजोर हुँदा पठनपाठन मात्र प्रभावित हुने गरेको छैन,शिक्षक र विद्यार्थीमा त्राससमेत हुने गरेको छ । कमजोर भौतिक संरचनाकै कारण भूकम्पलगायतका विपत्ति आउँदा क्षतिसमेत धेरै हुने गरेको छ । सरकारले देशभरका करिब १५ हजार विद्यालयका भवन कमजोर रहेको तथ्यांक नै सङ्कलन गरेको छ । शिक्षा मन्त्रालयले सामुदायिक विद्यालयका पूर्वाधारमा एकरूपता कायम गर्न र शिक्षण सिकाई मैत्री बनाउन पहिलो पटक विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड जारी गरेको छ । विज्ञहरूले भने भूकम्प प्रतिरोधी विद्यालय भवन बनाउन जोड दिएका छन् । शिक्षा मन्त्रालयका अनुसार देशभर २८ हजार सामुदायिक विद्यालयको कक्षा १ देखि १० सम्म करिब ५५ लाख विद्यार्थी पढ्छन् । तर यी सबै विद्यालयका भवन सुविधा सम्पन्न र भूकम्प प्रतिरोधी छैनन् । कतिपय विद्यालय त जीर्ण भवन र टहरामा सञ्चालित छन् । यस्तो अवस्था अन्त्य गरी विद्यालय भवनका संरचनामा एकरूपता कायम गर्न शिक्षा मन्त्रालयले विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड नै जारी गरेको छ । मापदण्डमा विद्यालयको कक्षाकोठाको आकार प्रतिविद्यार्थी न्यूनतम १ वर्ग

मिटरको हुनुपर्ने र कक्षाकोठाको साइज ६० वर्ग मिटरभन्दा ठूलो बनाउन नपाइने उल्लेख छ । भौतिक संरचनालाई शिक्षण सिकाई मैत्री बनाउन राष्ट्रिय मापदण्ड बनाइएको हो ।

देशभरका २८ हजार सामुदायिक विद्यालयमध्ये करिब १० हजार पुरानो र कमजोर अवस्थामा छन् । विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड नहुँदा स्थानीय तहले आफूखुशी निर्माण, पुनर्निर्माण र मर्मत सम्भार गर्नै आएका छन् । शिक्षा मन्त्रालयले नै मापदण्ड बनाइसकेपछि अब कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने विद्यालय भवन निर्माणका लागि १५ सय ३० वर्ग मिटर, कक्षा १ देखि ८ सम्मका लागि २५ सय ४५ र माध्यमिक तह १ देखि १० कक्षासम्मका लागि ३३ सय १० वर्गमिटर जग्गा हुनुपर्ने छ । त्यसैगरी कक्षा १ देखि १२ सम्म अध्ययन गराउन विद्यालयका लागि ४ हजार ७२ वर्गमिटर जग्गा अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ । त्यसैगरी विद्यालय भवन बनाउँदा ६० प्रतिशत जमिन खाली छाड्नुपर्ने छ । त्यसैगरी कक्षाकोठासँगै खानेपानी, शौचालय, शिक्षक प्रशासनिक कार्यकक्ष, खेल मैदान, पुस्तकालय, भान्सा तथा खाजाघर, मनोरञ्जन कक्ष, बैठक कक्ष, पोसाक वा स्यानिटरी प्याड परिवर्तन कक्ष अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाले विद्यार्थीको शिक्षण सिकाइमा समेत सकारात्मक परिवर्तन आउने शिक्षक तथा अभिभावकको बुझाई छ । सरकारले विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड बनाउँदा भूकम्प प्रतिरोधी भवन बनाउनुपर्ने भनेको छ । नेपाल भूकम्पीय जोखिम क्षेत्रमा पर्ने भएकाले यस्तो मापदण्डलाई विज्ञहरूले पनि सकारात्मक भनेका छन् ।

बिद्यालय को भौतिक संरचनाको निर्माण पश्चात उक्त संरचनाको मर्मत सम्भार र व्यवस्थित प्रयोग आजको आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज (१३) मा सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन नगरपालिकाको काम, कर्तव्य र अधिकारको रूपमा उल्लेख भएको छ । विद्यालय भौतिक संरचनाको दिगोपनाको लागि सरकारी तथा गैर सरकारी संघसंस्थाको सहयोगमा निर्माण भएका सामुदायिक विद्यालयहरुको विद्यालय परिवार, स्थानीय समुदाय, नागरिक समाजका साथै विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाको सहभागितामा मर्मत सम्भारका कार्यहरु अगाडि बढाउन सहयोग प्राप्त भएको छ ।

सिद्धार्थनगर नगरपालिकामा विद्यालय भैतिक संरचनाको अवस्था यसप्रकार रहेको छ ।

| क्र.स. | विद्यालयको नाम | भवन किसिम | | जम्मा कक्षाकोठा | | छापामय वातावरण | पढाइ कूना | कम्तीमा ५० किताव भएको | पुस्तकालय | विज्ञान प्रयोग शाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| १ | खजहना आ.वि | १ | ० | ८ | ० | ० | ० | ० | ० | ० | |
| २ | पक्लिहवा मा.वि | १ | ० | २६ | ० | ३ | ० | १ | १ | १ | |
| ३ | भानु मा.वि | १ | ० | २९ | ० | ० | १२ | ० | १ | १ | |
| ४ | बेलहिया मा.वि | ३ | ० | २८ | ० | ० | १ | १ | १ | १ | |

| क.स. | विद्यालयको नाम | भवन किसिम | | जम्मा कक्षाकोठा | | छापामय वातावरण | पढाइ कुना | कम्तीमा ५० किताव भएको | पुस्तकालय | विज्ञान प्रयोग शाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| ५ | माहात्मा बुद्ध मा.वि | १ | ० | १ | ० | १ | १ | १ | १ | १ | |
| ६ | भैरहवा नमुना मा.वि | १ | ० | १ | ० | १ | ० | १ | १ | १ | |
| ७ | सुसंस्कृत मा.वि | १ | ० | २५ | ० | १ | ० | १ | १ | १ | |
| ८ | शान्ति बगैचा आ.वि | ० | १ | ० | २ | ० | १ | ० | ० | ० | |
| ९ | भुजौली आ.वि | ३ | ० | ९ | ० | ० | ० | ० | ० | ० | |
| १० | सिद्धार्थ आ.वि | १ | ० | ६ | ० | १ | ० | ० | ० | ० | |
| ११ | मेउडिहवा आ.वि | १ | ० | ८ | ० | १ | ० | ० | ० | ० | |
| १२ | विन्दबासिनी मिसुजु आ.वि | १ | ० | १२ | ० | २ | ० | १ | ० | १ | |
| १३ | भैरहवा बाल मन्दिर | १ | ० | १ | ० | १ | ० | ० | ० | ० | |
| १४ | बहिरा बाल मा.वि | १ | ० | १५ | ० | ० | ० | ० | १ | १ | |
| १५ | नवदुर्गा मा.वि | ६ | ० | २८ | ० | २ | ० | १३ | १ | २ | |
| १६ | रूपन्देही लिलाराम न्यौपाने मा.वि | १ | ० | ४५ | ० | १ | ० | ० | १ | १ | |
| १७ | सुर्यदेव मा.वि | २ | ० | १८ | ० | १ | १ | १ | १ | १ | |
| | **जम्मा** | २६ | १ | २६० | २ | १५ | १६ | २० | १० | १२ | |

| क्र.स. | विद्यालयको नाम | पर्खाल घेरावर | | | | शौचालय | | | | | पिउने पानीको व्यवस्था | | | खेलकूद मैदान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | तारबार | स्थानीय सामग्रीले बारेको | छात्रा | छात्र | महिला शिक्षक | पुरुष शिक्षक | पानीको सुविधायुक्त | धारा | इनार तथा ट्युबवेल | अन्य | | |
| १ | खजहना आ.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| २ | पक्लिहवा मा.वि | १ | ० | ० | ० | ३ | ३ | ९ | ७ | ६ | १ | ० | ० | १ | |
| ३ | भानु मा.वि | १ | ० | १ | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ४ | बेलहिया मा.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | ० | १ | ० | ० | १ | |
| ५ | माहात्मा बुद्ध मा.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ६ | भैरहवा नमुना मा.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ७ | सुसंस्कृत मा.वि | १ | ० | ० | ० | १ | १ | ० | ० | १ | १ | ० | ० | ० | |
| ८ | शान्ति बगैचा आ.वि | ० | ० | ० | १ | ० | १ | ० | १ | १ | ० | ० | ० | ० | |
| ९ | भुजौली आ.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | ० | १ | ० | १ | |
| १० | सिद्धार्थ आ.वि | १ | ० | ० | ० | ० | ० | १ | ० | १ | १ | ० | ० | ० | |
| ११ | मेउडिहवा आ.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | ० | |
| १२ | विन्दबासिनी मिसुजु आ.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | ० | १ | ० | १ | |
| १३ | भैरहवा बाल मन्दिर | १ | ० | ० | ० | १ | १ | १ | ० | १ | ० | ० | ० | ० | |

| क्र.स. | विद्यालयको नाम | पर्खाल घेरावर | | | | शौचालय | | | | | पिउने पानीको व्यवस्था | | | खेलकुद मैदान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | तारबार | स्थानीय सामग्रीले बारेको | छात्रा | छात्र | महिला शिक्षक | पुरुष शिक्षक | पानीको सुविधा युक्त | धारा | इनार तथा ट्युबवेल | अन्य | | |
| १४ | बहिरा बाल मा.वि | १ | ० | ० | ० | २ | २ | १ | १ | १ | ० | ३ | ० | १ | |
| १५ | नवदुर्गा मा.वि | १ | ० | ० | ० | ६ | ५ | १ | १ | १ | ३ | ० | ० | ० | |
| १६ | रूपन्देही लिलाराम न्यौपाने मा.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| १७ | सुर्यदेव मा.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| | जम्मा | १६ | ० | १ | १ | २३ | २३ | २३ | २० | २१ | १४ | ५ | ० | ११ | |

### ४.६.२ उद्देश्यहरू

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु

### ४.६.३ रणनीतिहरू

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने
२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने

**नतिजा**

१. भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण भएको हुने
२. नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या
३. सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या
४. नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या
५. बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| अपाङ्ता मैत्री संरचना सहितको विद्यालय भवन निर्माण | सङ्ख्या | ३१ | ६ | ६ | ६ | ७ | ६ | |
| विद्यालयको सबलीकरण | सङ्ख्या | १० | २ | २ | २ | २ | २ | |
| विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | ३१ | ६ | ६ | ६ | ७ | ६ | |
| छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ३१ | ६ | ६ | ६ | ७ | ६ | |
| विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रुजुसूची भर्ने | विद्यालय सङ्ख्या | ७० | ७० | ७० | ७० | ७० | ७० | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय तथा बर्तमान अवस्था

आजको युग सूचना प्रविधिको युग हो । सूचनाको सङ्कलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथा सञ्चार प्रविधि

भन्ने गरिन्छ । वैज्ञानिक आविष्कार तथा आधुनिकतम् प्रविधिले मानव जीवनमा धेरै ठूला परिवर्तनहरू ल्याउन सफल भएका छन् । मानिसलाई बाँच्न, हिंडडुल गर्न, काम गर्न लगायतका विविध क्षेत्रमा विशेषतः सूचना प्रविधिको प्रयोगले अकल्पनीय बदलाव ल्याएको छ । सूचना प्रविधिमा आएको महत्त्वपूर्ण परिवर्तनले पारम्परिक मूल्य-मान्यतालाई त्याग्दै त्यसको ठाउँमा नवीन मूल्य-मान्यतालाई स्थापित गर्दै लगेको आजको यथार्थ हो ।

सूचना प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रुढीवादी संस्कार र पद्धतिलाई चुनौतीदिंदै शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्याङ्कनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्त्वपूर्ण भूमिका हुन्छ । शैक्षिक प्रतिष्ठानहरूमा जुनसुकै काम र क्रियाकलापलाई अघि बढाउने हो भने त्यो सूचना प्रविधिमा आधारित हुनुपर्छ ।आजको यो समयमा शैक्षिक कार्यक्रमहरुलाई सूचना प्रविधिबिना अघि बढाउने प्रयत्न गरिएमा त्यो अपूर्ण हुन्छ भन्ने मान्यतालाई सबै पक्षले स्वीकार्नुपर्छ । शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणालीभित्रको महत्त्वपूर्ण अवयवको रूपमा रहन गएको छ । कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको शुरुवात भएको पाइन्छ ।
युगानुकूल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहुँच हुने मुलुकहरूको बीचमा ठूलो खाडल रहेको छ । यही असमानतालाई मध्यनजर गर्दै नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सिर्जना गरेको खाडललाई कम गर्दै लैजाने प्रयासको थालनी गरेको छ । शैक्षिक संस्था तथा शिक्षकले प्रविधिको प्रयोग मार्फत आफ्ना पठनपाठनका कार्यहरू गर्नुपर्ने भएको छ । अबको शैक्षिक सामग्रीमा परम्परागत पाठ्यसामग्रीभन्दा रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा तथा इमेल इन्टरनेटजस्ता सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू बढी सान्दर्भिक, उपयुक्त, र प्रभावकारी हुन्छन् ।

चित्र, रङ्ग र ध्वनिको सम्मिश्रण हुने हुनाले यसबाट प्रभावकारी शिक्षा प्रदान गर्न सम्भव हुन्छ । ग्रामीण भेगमा दूर शिक्षाको माध्यमबाट शहरी क्षेत्रको सुविधासम्पन्न विद्यालयमा भएका विविध शैक्षिक क्रियाकलाप एवम् पठनपाठनका तरिका देखाउन सकिन्छ । भौतिक पूर्वाधारको अभावमा प्रयोगात्मक कक्षा हुन नसक्ने ठाउँमा अन्यत्र भएका प्रयोगात्मक कक्षाको श्रव्यदृश्य सामग्रीको प्रयोग गरेर देखाउन सकिन्छ । सूचना प्रविधिको द्रुततर विकास, बढ्दो प्रयोग, यसमा निहित विषय वस्तुको प्रकृति र घट्दो मूल्यका कारण शिक्षण सिकाई प्रक्रियामा यसको प्रयोग अर्थपूर्ण हुने देखिन्छ ।

इन्टरनेट सेवाले विश्वलाई एउटा सानो गाउँ र प्रत्येक विद्यार्थी तथा शिक्षकलाई एकापसमा जोड्ने सेतुको कार्य गर्छ । विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न सकिने र आफ्ना प्रतिक्रियाहरू पनि तुरुन्तै प्रदान गर्न सकिन्छ । यसका कारण शैक्षिक संस्थामा केही आर्थिक बोझ भने अवश्य पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रूपमा पनि सक्षम र दक्ष

बनाउनुपर्ने देखिन्छ । जब हाम्रा शैक्षिक संस्थाहरू प्रविधिमैत्री हुन्छन् तब विद्यार्थीले आवश्यकता अनुसार एकल अथवा समूहमा शैक्षिक क्रियाकलाप गर्नेछन् ।यसले उनीहरूलाई बढी समाजिकीकरण हुन सघाउँछ।

सूचना प्रविधिमा आधारित शैक्षिक प्रणाली शिक्षक केन्द्रितभन्दा प्रविधि केन्द्रित हुन्छ, जसले विद्यार्थीलाई आफैं सिक्न प्रेरित गर्छ र शिक्षकको परम्परागत भूमिकामा परिवर्तन ल्याउउँछ । विकसित देशहरूले यो प्रविधिलाई धेरै पहिले नै प्रयोग गरी शैक्षिक क्षेत्रमा ठूलो फड्को मारिसकेको परिवेशमा प्रविधिप्रति बेवास्ता गर्न मिल्दैन । शिक्षामा सूचना प्रविधिले सिर्जना गरेका चुनौतीचिर्नुपर्ने र पाठ्यक्रमलाई समयसापेक्ष प्रविधिमैत्री बनाउँदै परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता छ । शैक्षिक नीति निर्माताले शिक्षण सिकाइको गुणस्तरलाई वृद्धि गर्नका लागि सफलतापूर्वक सूचना प्रविधिको प्रयोगमार्फत शैक्षिक सेवाहरू दुर्गम ठाउँसम्म कसरी हस्तान्तरण गर्न सकिन्छ भन्नेतर्फ योजना बनाउनुपर्छ ।

सरकारले आ.व. २०७५/०७६ को बजेटमा सूचना प्रविधिमैत्री शिक्षा मार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न ग्रामीण दूरसञ्चार कोषको रकम समेत उपयोग गरी सबै सामुदायिक विद्यालयमा उच्चगतिको निःशुल्क इन्टरनेट सेवा पुर्‍याउने भनेको भए पनि आशातीत प्रगति हुन सकेन । आजको युग द्रुतगतिमा सूचना सम्प्रेषित गरी प्रभावकारी रूपमा कम खर्च र कम मेहनतमा बढीभन्दा बढी सूचना तथा ज्ञान ग्रहण गर्ने युग हव र यस्तो परिस्थितिको निर्माण गर्नु आजको आवश्यकता हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा नयाँ युगको सूत्रपात सूचना प्रविधिको कारणबाट हुन सफल भएको हो । आधुनिक सभ्यताको जग यसबाटै सम्भव भएको हो । समाज विकासको आजको चरणसम्म आइपुग्दा सूचनाप्रविधिको क्षेत्रमा निरन्तर भइरहेको परिवर्तनलाई नजरअन्दाज गर्न सकिँदैन । आवश्यकता नै आविष्कारकी जननी हुन् भने झैं मानिसका भौतिक आवश्यकता र संसारमा बढिरहेको जनसङ्ख्याको कारणबाट सृजित पेचिला संकटको समाधान गर्न सूचना प्रविधिको उपयोग गर्ने प्रचलन बढ्दै गएको छ ।

सूचना प्रविधिको कारणबाट मानवीय सम्बन्धमा पनि फेरबदल आउन थालेको छ । शिक्षा क्षेत्रमा त सूचनाप्रविधि अनिवार्य नै छ । उच्च चेतनाको विकास गरी सम्बन्धित विषयमा दक्ष तथा श्रमको सम्मान गर्ने नागरिक तयार गर्ने आधारको रूपमा रहेको शिक्षालाई सूचना तथा प्रविधिबाट अलग राख्ने हो भने युगका चुनौतिलाई शिक्षाले सम्बोधन गर्न सक्दैन । शिक्षामै आफ्नो भविष्य देख्ने सक्षम जनशक्ति निर्माण गर्नु शिक्षाको मूल उद्देश्य हो । हामी एक्काइसौं शताब्दीको अति आधुनिक युगमा बाँचिरहेका छौं । तर, युगको हाँकलाई सामना गर्न सक्ने र विश्वमा भएका बदलावलाई आत्मसात गर्ने गरी हाम्रो शिक्षा नीतिमा सूचना तथा प्रविधिलाई आत्मसात गर्ने गरी परिवर्तन गर्न आवश्यक छ । नयाँ युगका चुनौतिसँग जुध्न सक्ने र प्राप्त विशाल अवसरलाई उपयोग गरी समाज र राष्ट्रलाई प्रगतिको सुमार्गमा डोर्‍याउन सक्ने सुयोग्य नागरिक उत्पादन गर्ने शिक्षानीति आजको खाँचो हो ।

उच्च चेतनायुक्त प्राविधिक दक्ष नागरिक तयार गर्ने उद्देश्यका साथ शिक्षा नीतिमा आमूल परिवर्तन गर्नु अत्यावश्यक भइसकेको छ । नेपालको शिक्षानीतिमा युग सुहाउँदो सूचना तथा प्रविधिसहितको वैज्ञानिक ढाँचा कस्तो हुनुपर्छ भन्ने कुरा नीति-निर्माता र राजनीतिक तथा शैक्षिक नेतृत्वले निक्यौंल गर्ने विषय हो । यसको निक्यौंल सरोकारवाला सबैसँग गरिने घनिभूत छलफल, बहस र अन्तरक्रियाबाट गरिनु पर्दछ ।

एक्काइसौं शताब्दीका आवश्यकतालाई सामना गर्न सक्ने वैज्ञानिक शिक्षा नीतिको निर्माण प्रगतिशील र लोकतान्त्रिक दृष्टिकोणद्वारा निर्देशित हुनुपर्छ तथा रुढीवाद, अन्धविश्वास र कुरीतिकाविरुद्ध उभिएर सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने लक्ष्य बोकेको हुनुपर्छ । यो लक्ष्य प्राप्तिमा सूचना प्रविधि पहिलो आवश्यकता हो । अबको शिक्षाप्रणाली अध्ययन र अनुशासनलाई गाँस्ने, शिक्षक र विद्यार्थी दुबै आम जनसमुदायसँग जोडिने हुनुपर्छ । पाठ्यक्रम निर्माणमा समेत शिक्षक, विद्यार्थी र अभिभावकबीचको त्रिपक्षीय संयोजनकारी भूमिकाका लागि सूचना प्रविधिको महत्त्वपूर्ण देन हुनसक्छ । मुलुकलाई साँचो अर्थमा लोकतान्त्रिकीकरण र आधुनिकीकरण गर्ने अभिभारा पूरा गर्ने सूचना प्रविधिसहितको पाठ्यक्रम निर्माण गर्ने शिक्षानीति हुनुपर्छ।

सिक्ने र सिकाउने सवालमा विकसित नवीनतम् विधि, नियम र तकनिकीहरूलाई कुशलतापूर्वक प्रयोग गर्नसक्ने उचित वातावरण सृजना गर्दै अन्य विकसित देशको तुलनामा हाम्रो देशलाई पुऱ्याउने आत्मविश्वास उमार्न सक्ने शिक्षानीति अबको युगमा सूचना तथा प्रविधिको क्षेत्रमा आएका परिवर्तनबाटै सम्भव हुन्छ । देशलाई आधुनिकीकरणको दिशामा अघि बढाउने हो र आधुनिकीकरणको मूल मर्मलाई आत्मसात गर्ने हो भने शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई अनिवार्य आधार बनाउन सकिन्छ । सूचना तथा प्रविधिलाई मुलुकको पुनर्संरचनाको लागि एक महत्त्वपूर्ण आधारको रूपमा स्वीकार गरी शिक्षा क्षेत्रमा संरचनागत तथा नीतिगत परिवर्तन आवश्यक छ ।

सूचना प्रविधिको प्रयोगले शिक्षक र विद्यार्थी दुबैका लागि शिक्षण सिकाइ क्रियाकलापमा हुने पहुँचलाई वृद्धि गर्न सकिन्छ । यसले सूचनाको ग्रहण क्षमताको स्तरमा पनि वृद्धि हुन्छ र सबै प्रकारका विद्यार्थीको सहभागितामा हुने सिकाईलाई बढावा दिन सकिन्छ । अफलाइन तथा अनलाइन दुबै माध्यमबाट र दूरशिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने तथा शिक्षा लिने प्रक्रिया एवम् क्रियाकलापलाई सहजीकरण गर्न सकिन्छ । मल्टीमिडियाको प्रयोगले कक्षाकोठा बढी सजीव र प्रभावकारी हुन्छ । इन्टरनेट र इमेलले सूचनाको क्षेत्रमा क्रान्ति नै ल्याएको छ । सूचना प्रविधिको प्रयोग गर्ने क्रम नेपालमा पनि बढेर गएको छ। सफलतापूर्वक सूचना प्रविधिलाई प्रयोग गरेर शिक्षणलाई सशक्तीकरण गर्न धेरै चुनौतीहरू छन् । शिक्षकमा रहेको साधनस्रोतप्रतिको अनविज्ञता र विद्यालय परिवार सूचना प्रविधि मैत्री नहुनु, रेडियो, टीभी, मल्टिमिडिया, कम्प्युटर आदिको प्रयोगबाट सशक्त रूपमा शिक्षण गर्न सकिन्छ भन्ने आत्मविश्वास शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घमा नहुनु प्रमुख अवरोधहरू हुन् । कम खर्चमा पनि सूचनाप्रविधिको प्रयोगबाट उत्तम शिक्षण हुनसक्छ ।

सोहीअनुरूप पाठ्यक्रम निर्माण गर्ने र पाठ्यपुस्तक लेखी व्यवहारमा पनि लागू गर्नु आवश्यक छ । सूचना प्रविधिको प्रयोग गरी आधुनिक प्रविधिमैत्री शिक्षण गरी युगको माग अनुरूपका मानवसंसाधनको उत्पादन गर्नु आजको माग हो । शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई समुचित प्रयोग गर्न सके कृषि, वाणिज्य, उद्योग, पर्यटन लगायतका क्षेत्रमा पनि ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्ने तथ्यलाई हामी सबैले ग्रहण गर्नु आवश्यक छ । आजको मूल कार्यभार युगसापेक्ष सूचना प्रविधिको उपयोग गरी शिक्षा प्राप्त गर्नु र शिक्षा दिनु हो । शिक्षकले हिँड्ने बाटो र विद्यार्थीले ग्रहण गर्ने प्रविधि फरक नभएर समान र साझा साधन र माध्यमको रूपमा सूचना प्रविधिलाई उपयोग गर्नु समयको माग हो ।

सिद्धार्थनगर नगरपालिका अन्तर्गत रहेका सबै विद्यालय शिक्षणमा राष्ट्रिय शिक्षा नीति र स्थानीय आवश्यकता अनुसार सूचना प्रविधिलाई समावेश गर्नु पर्ने देखिन्छ । सिद्धार्थनगर नगरपालिकाका सामुदायिक विद्यालयहरूमा सूचना तथा संचार प्रविधिको अवस्था यसप्रकार रहेको छ ।

| क्र.स. | विद्यालयको नाम | विजुली जडान | वाइफाई जडान | डेस्टप | ल्यपटप | प्रिन्टर | प्रोजेक्टर | स्मार्ट बोर्ड | कम्प्यूटर प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | खजहना आ.वि | छ | छ | ० | १ | १ | १ | ० | ० | |
| २ | पक्लिहवा मा.वि | छ | छ | ६ | ४ | १ | ३ | १ | १ | |
| ३ | भानु मा.वि | छ | छ | १४ | ७ | २ | ३ | १ | १ | |
| ४ | बेलहिया मा.वि | छ | छ | १ | ५ | १ | ३ | ० | १ | |
| ५ | माहात्मा बुद्ध मा.वि | छ | छ | १६ | ५ | २ | २ | १ | १ | |
| ६ | भैरहवा नमुना मा.वि | छ | छ | १ | १ | १ | १ | १ | १ | |
| ७ | सुसंस्कृत मा.वि | छ | छ | ४३ | ४ | ३ | २ | १ | २ | |
| ८ | शान्ति बगैचा आ.वि | छ | छ | ० | १ | १ | १ | १ | ० | |
| ९ | भुजौली आ.वि | छ | छ | १ | २ | १ | १ | ० | ० | |
| १० | सिद्धार्थ आ.वि | छ | छ | २ | १ | १ | १ | ० | ० | |
| ११ | मेउडिहवा आ.वि | छ | छ | ७ | ३ | २ | १ | ० | १ | |
| १२ | विन्दबासिनी मिसुजु आ.वि | छ | छ | ४ | २ | १ | १ | ० | ० | |
| १३ | भैरहवा बाल मन्दिर | छ | छ | ० | १ | १ | १ | १ | १ | |
| १४ | बहिरा बाल मा.वि | छ | छ | १२ | ९ | ३ | ३ | १ | १ | |
| १५ | नवदुर्गा मा.वि | छ | छ | १२ | ७ | २ | ५ | १ | १ | |
| १६ | रूपन्देही लिलाराम न्यौपाने मा.वि | छ | छ | २७ | २१ | ७ | ८ | ३ | १ | |
| १७ | सुर्यदेव मा.वि | छ | छ | ४ | १ | १ | १ | १ | १ | |
| | जम्मा | | | | | | | | | |

सिद्धार्थनगर नगरपालिकाभित्र शिक्षा तथा सूचना प्रविधिमा निम्न समस्याहरू तथा चुनौतीहरू निम्नानुसार देखिन्छन् ।

१. दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु,
२. सूचना प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन हुन नसक्नु,
३. सूचना प्रविधिमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोग नहुनु,
४. सूचना प्रविधिको प्रयोग गरी शिक्षण गर्न शिक्षकहरूलाई तालिम प्रदान गरी सिप तथा क्षमता विकास गर्ने अवसर प्रदान हुन नसक्नु ।
५. सूचना प्रविधिको उपयोगको लागि शिक्षकहरूमा जागरुकता, लगनशिलता नदेखिनु र आफुलाई अद्यावधिक बनाउन नसक्नु,
६. सूचना प्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी नहुनु,
७. सूचना प्रविधिको कार्यान्वयन प्राथमिकतामा नपर्नु
८. परमेपरागत शिक्षण प्रणालीको तुलनामा प्रविधियुक्त शिक्षण प्रणाली केही मात्रामा खर्चिलो हुनु

माथि उल्लिखित चुनौतीहरुका बाबजुद सिकाईलाई सूचना प्रविधिसँग जोड्न सकेमा कोभिड-१९ जस्तै अन्य माहामारीमा समेत सूचना प्रविधिको प्रयोग गरी पठनपाठन र सिकाईलाई निरन्तरता दिन सकिन्छ । विद्यालयतहमा सूचना र प्रविधिको प्रयोगलाई सुनिश्चतता गर्न निम्न उपायहरू अवलम्बन हुन सकेमा यो समस्याको निदानमा केही सकरात्मक परिर्वतन आउन सक्छ ।

### ४.७.२ उद्देश्यहरू

१. विद्यार्थीहरूको सिकाइलाई प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय बनाउन सूचना प्रविधिको प्रयोग सबै विद्यालयमा विस्तार गर्ने
२. सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी शिक्षक तथा विद्यार्थीहरूलाई प्रविधिमैत्री बनाई शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने
३. शिक्षा सेवालाई छिटो, सजिलो तथा सहज र रमाइलो बनाउने
४. शैक्षिक व्यवस्थापन प्रभावकारी, उपलब्धिमूलक र कुशल तथा पारदर्शी बनाउने
५. नगर स्तरिय शैक्षिक सूचनाकेन्द्रको स्थापना गर्ने
६. सूचना प्रविधियुक्त शैक्षिक एप बनाउने ।

### ४.७.३ रणनीतिहरू

१. सबै विद्यालयमा सूचना प्रविधिका आधारभूत संरचनाको व्यवस्थापन गरिने छ ।
२. शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तालिम तथा डिजिटल सामाग्री व्यवस्थापन गरिने छ
३. विद्यार्थीहरूलाई आवश्यक पर्ने डिजिटल सामाग्रीहरू उपलब्ध गराइने छ ।
४. कक्षाकोठाहरू प्रविधि तथा सूचना मैत्री बनाइने छ ।
५. अपाङ्गता भएका बालबालिकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामाग्री वितरण गरिनेछ ।

६. EMIS लाई थप व्यवस्थित गरिने छ ।
७. इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय गरी सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज बनाइने छ ।
८. नगरका शैक्षिक तथ्याङ्क ,सुचना तथा विवरण अद्यावधिक हुने शैक्षिक एप निर्माण गरी प्रचलनमा ल्याइने छ ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

शिक्षक तथा विद्यार्थीहरूको लगि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा अधिकतम् प्रयोग भएको हुने

**ख) नतिजा**

१. सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने
२. सबै विद्यार्थीहरूमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहुच हुने
३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने
४. अनुगमन मूल्याङ्कन, सपरीवेक्षण, सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको बचत हुने
५. शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने
६. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने
७. विद्यालय तथा कक्षा कोठाहरू सूचना प्रविधिमैत्री हुने
८. सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने,

### ४.७.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | ३१ | ४ | ३ | २ | १ | २ | |
| विद्यालयमा इन्टरनेट जडान तथा व्यवस्थापन | विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | |
| शिक्षक तथा कर्मचारीहरूलाई ICT तथा EMIS व्यवस्थापन तालिम | शिक्षक | ३१ | १ | ० | १ | ० | १ | |
| डिजिटल शैक्षिक सामग्री निर्माण | सङ्ख्या | ३१ | १ | १ | १ | १ | १ | |
| पाठ्यक्रम, पा.पु सन्दर्भ सामाग्री डिजिटलरूपमा उपलब्ध गराउने | विद्यालय | ३१ | १ | १ | १ | १ | १ | |
| IEMIS व्यवस्थित गर्ने | विद्यालय | ७० | ७० | ७० | ७० | ७० | ७० | |
| ई- लाईब्रेरीको विस्तार | विद्यालय | | २ | २ | २ | २ | २ | |

# परिच्छेद ५

# अन्य उपक्षेत्रहरू

## ५.१ विद्यालय अतिरिक्त क्रियाकलाप र खेलकुद

### ५.१.१ परिचय तथा बर्तमान अवस्था

विद्यालयका अतिरिक्त क्रियाकलाप र खेलकुदहरूले विद्यार्थीको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्दछन्। केवल कक्षामा सिकाइ नगरी, यी गतिविधिहरूले विद्यार्थीलाई शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा सशक्त बनाउँछन्। अतिरिक्त क्रियाकलाप र खेलकुद विद्यार्थीलाई विविध क्षमतामा उत्कृष्टता हासिल गर्नका लागि प्रोत्साहित गर्छन् र विद्यालयको शैक्षिक वातावरणलाई अझ समृद्ध र विविध बनाउँछन्।

अतिरिक्त क्रियाकलाप भनेको कक्षाबाहेकका यस्तो गतिविधिहरू हुन्, जसले विद्यार्थीलाई सिर्जनात्मक सोच, नेतृत्व क्षमता, र व्यक्तिगत विकासमा मद्दत पुर्याउँछन्। यसमा संगीत, नृत्य, नाटक, चित्रकला, वादविवाद, शास्त्रीय वाचन, विज्ञान प्रदर्शनी, र क्लब गतिविधिहरू जस्ता क्रियाकलापहरू पर्छन्। यस किसिमका क्रियाकलापहरूले विद्यार्थीलाई आफ्नो रुचि र प्रतिभालाई उजागर गर्नको लागि अवसर प्रदान गर्दछन्। यसले विद्यार्थीलाई टीमवर्क सिकाउँछ र विभिन्न दृष्टिकोणबाट सोच्नको लागि प्रेरित गर्छ। उदाहरणका लागि, विज्ञान परियोजना विद्यार्थीलाई अनुसन्धान गर्ने क्षमता र समस्याको समाधानको तरीका सिकाउँछ भने नाटक वा संगीतले तिनीहरूको अभिव्यक्ति र आत्मविश्वासमा वृत्ति ल्याउँछ।

खेलकुद भनेको शारीरिक स्वास्थ्यको मात्रै होइन, मानसिक र भावनात्मक स्वास्थ्यको पनि विकास हो। खेलकुदले विद्यार्थीलाई शारीरिक बल, सहनशीलता, अनुशासन र टीमवर्क जस्ता गुणहरू सिकाउँछ। विभिन्न खेलकुदका गतिविधिहरू जस्तै फुटबल, क्रिकेट, बास्केटबल, भलिबल, दौड र म्याराथन विद्यार्थीको शारीरिक क्षमता र मानसिक सहनशीलता बढाउँछन्। यसका अतिरिक्त, खेलकुदले विद्यार्थीलाई प्रतिस्पर्धात्मक भावना, मित्रता र परिष्कृत सोच पनि सिकाउँछ। विद्यालयका खेलकुद प्रतियोगिताहरू विद्यार्थीलाई उत्साहित र प्रोत्साहित पार्छ र तिनीहरूको आत्मविश्वास बढाउँछन्।

खेलकुदमा सहभागी हुँदा विद्यार्थीलाई केवल शारीरिक विकास मात्र होइन, मनोबलको वृद्धि र मानसिक स्थिति पनि सुधार हुन्छ। खेलकुदले विद्यार्थीलाई समूहमा काम गर्न सिकाउँछ र जीवनका विभिन्न चुनौतीहरूको सामना गर्ने उपायहरू पनि प्रदान गर्दछ। यसै कारण, विद्यालयमा खेलकुद र अतिरिक्त क्रियाकलापहरूको महत्त्व बढ्दो छ, किनकि यी विद्यार्थीलाई केवल पुस्तकीय ज्ञानमा मात्र सीमित नगरी, समग्र व्यक्तित्वको विकासमा योगदान पुर्याउँछन्। समग्रमा, विद्यालयका अतिरिक्त क्रियाकलाप र खेलकुदहरूले विद्यार्थीलाई विविध क्षमतामा विकास गर्न, व्यक्तित्वको निर्माण गर्न र समाजमा जिम्मेवार नागरिकका रूपमा उभिनको लागि तयार पार्छ। यसले विद्यार्थीलाई आत्मनिर्भर, उत्साही, र साहसी बनाउँछ, जसले भविष्यमा जीवनका चुनौतीहरूको सामना गर्न सक्षम बनाउँछ। विद्यालयमा शिक्षा प्रणाली केवल कक्षागत अध्ययनमा सीमित नभई विद्यार्थीसँगको समग्र विकासको

उद्देश्य राख्दछ। यसका लागि विद्यालयहरूले अतिरिक्त क्रियाकलाप र खेलकुदको महत्त्वलाई बुझ्दै यी गतिविधिहरूलाई आफ्नो पाठ्यक्रममा समावेश गर्दै आएका छन्। यद्यपि, केही चुनौतीहरू जस्तै पर्याप्त बजेटको अभाव, साधनस्रोतको कमी र शैक्षिक संस्थाहरू बीचमा अन्तरको कारण यी गतिविधिहरूको प्रभावशीलता र पहुँचमा विभिन्न भिन्नताहरू छन्। विद्यालयहरूमा खेलकुद र अतिरिक्त क्रियाकलापहरूको स्थिति बिभिन्न स्थान र विद्यालयहरूको आधारमा फरक-फरक छ। धेरै विद्यालयहरूले विद्यार्थीलाई पाठ्यक्रम बाहेकका गतिविधिहरूमा पनि भाग लिन प्रोत्साहित गर्छन्, जस्तै संगीत, नृत्य, चित्रकला, वादविवाद र खेलकुद। यद्यपि, कसमसारको अवस्थाले यी गतिविधिहरूको सञ्चालनमा चुनौतिहरू ल्याउँछन्। धेरै विद्यालयहरूमा खेलकुदका लागि पर्याप्त खेल मैदान र यथेष्ट उपकरणको अभाव हुन्छ, जसका कारण विद्यार्थीहरूले खेलकुदका गतिविधिहरूमा सक्रियता देखाउन सक्दैनन्। तथापि, नेपालका केही विद्यालयहरू, विशेष गरी सरकारी विद्यालयहरूमा खेलकुद र अन्य शारीरिक गतिविधिहरूको महत्त्व बढिरहेको छ। सरकारले राष्ट्रिय स्तरमा विभिन्न खेलकुद कार्यक्रमहरू आयोजना गरेर विद्यार्थीलाई शारीरिक विकासको अवसर दिनको लागि प्रयास गरिरहेको छ। अतिरिक्त क्रियाकलापको क्षेत्रमा पनि केही सुधार भएको छ। सांस्कृतिक कार्यक्रमहरू, विज्ञान प्रदर्शनी र कला प्रदर्शनी जस्ता गतिविधिहरूका माध्यमबाट विद्यार्थीहरू आफ्नो रचनात्मकता प्रदर्शन गर्न सक्षम भएका छन्। तथापि, विद्यालयको सञ्जाल र प्रशिक्षकहरूको कमीले यी कार्यक्रमहरूको नियमितता र गुणस्तरमा असर पुर्याउँछ।

सिद्धार्थनगर नगरपालिकामा पनि विद्यालयहरूको शैक्षिक र शारीरिक गतिविधिहरूको विकासमा ध्यान दिइन्छ। यहाँका विद्यालयहरूले खेलकुद र अतिरिक्त क्रियाकलापहरूको महत्वलाई बुझ्दै, विद्यार्थीहरूको समग्र विकासमा प्रोत्साहन दिइरहेका छन्। यहाँको केहि विद्यालयहरूले विद्यालय भित्र खेलकुदका मैदान र उपकरणहरूको व्यवस्था गरेको छ भने केहीले खेलकुद प्रतियोगिताहरू पनि आयोजना गर्छन्। सिद्धार्थनगर नगरपालिकामा रहेका विद्यालयहरूमा विविध खेलकुदका गतिविधिहरू जस्तै फुटबल, क्रिकेट, भलिबल र दौडका प्रतिस्पर्धाहरू आयोजना गरिन्छ। स्थानीय तहले पनि विद्यालयस्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने प्रयास गरिरहेको छ, जसले विद्यार्थीहरूलाई खेलकुदमा सहभागिता जनाउन प्रेरित गरेको छ। साथै, कला र संस्कृतिका क्षेत्रमा पनि विद्यार्थीहरूलाई प्रोत्साहन दिन विभिन्न कार्यक्रमहरूको आयोजना गरिन्छ। खासगरी, विद्यालयका भवन र मैदानहरूको अवस्था सुधार गर्न अझै ठूलो प्रयासको आवश्यकता छ। शिक्षकहरूको प्रशिक्षण र स्रोत सामग्रीको अभावले यस क्षेत्रमा विकासलाई सीमित बनाएको छ।

सिद्धार्थनगर नगरपालिकाभित्र विद्यालय अतिरिक्त क्रियाकलाप र खेलकुद सम्बन्धी समस्याहरू तथा चुनौतीहरू निम्नानुसार देखिन्छन् ।

सिद्धार्थनगर नगरपालिकामा विद्यालय अतिरिक्त क्रियाकलाप र खेलकुदको क्षेत्रमा केही प्रगति भएको भए पनि, अझै पनि केही समस्याहरू र चुनौतीहरू छन् जसले यी गतिविधिहरूको प्रभावकारिता र सफलता सीमित बनाउँछन्। यस नगरपालिकाका विद्यालयहरूले शैक्षिक र शारीरिक विकासका लागि यी गतिविधिहरूलाई प्राथमिकता दिएको भए पनि, तिनीहरूको कार्यान्वयनमा केही अड्चनहरू देखिन्छ।

**साधन र स्रोतको अभावः**

सिद्धार्थनगर नगरपालिकामा धेरै विद्यालयहरूमा खेलकुदका लागि आवश्यक उपकरण र साधनहरूको अभाव छ। खेलकुदका मैदानहरूको अवस्थासमेत सुधारको आवश्यकता छ। खेलका उपकरणहरू जस्तै फुटबल, क्रिकेट, भलिबल, टेबल टेनिस सेट, दौडका ट्र्याकहरू र अन्य आवश्यक सामग्रीको कमी विद्यालयका गतिविधिहरूलाई प्रभाव पार्दछ। साथै, खेलकुदका प्रशिक्षकहरूको पनि कमी छ जसले विद्यार्थीलाई सही दिशामा मार्गदर्शन गर्न सकून्।

**खेलकुद र अतिरिक्त क्रियाकलापका लागि पर्याप्त समयको अभावः**

अधिकांश विद्यालयहरूमा शैक्षिक कार्यहरू प्राथमिकतामा राखिन्छ, जसका कारण खेलकुद र अतिरिक्त क्रियाकलापका लागि पर्याप्त समय छुट्याउन सकिँदैन। अधिकांश विद्यार्थीहरूको दैनिक पाठ्यक्रम धेरै व्यस्त हुन्छ, जसले उनीहरूलाई अतिरिक्त क्रियाकलाप र खेलकुदमा सहभागी हुन कठिनाइ पुर्याउँछ। यसका कारण विद्यार्थीहरूलाई शारीरिक र मानसिक विकासका लागि पर्याप्त अवसर प्राप्त हुँदैन।

**प्रशिक्षकहरूको कमीः**

खेलकुद र अतिरिक्त क्रियाकलापका लागि योग्य र प्रशिक्षित शिक्षकहरूको अभाव छ। यद्यपि केहि विद्यालयहरूमा खेलकुदका शिक्षकहरू नियुक्त छन्, उनीहरूको संख्या प्रायः सीमित छ र तिनीहरूको प्रशिक्षण पनि पूर्ण छैन। प्रशिक्षकहरूको अभावले विद्यार्थीहरूलाई खेलकुदका विभिन्न विधामा दक्ष बनाउने अवसरमा कमी ल्याउँछ।

**विद्यालयको संरचनाको समस्याः**

केही विद्यालयहरूमा खेलकुदका लागि उपयुक्त खेल मैदानको अभाव छ। भौतिक संरचनामा सुधार गर्नुपर्ने आवश्यकता रहेको छ, जहाँ विद्यार्थीहरू स्वतन्त्र रूपमा विभिन्न खेलकुदमा भाग लिन सकून्। भवन, खेल मैदान र अन्य सुविधाहरूको कमीले यी गतिविधिहरूको सञ्चालनमा कठिनाइ ल्याउँछ।

**सम्पूर्ण विद्यार्थीको समान पहुँचको अभावः**

सिद्धार्थनगरका विद्यालयहरूमा सबै विद्यार्थीलाई समान रूपले खेलकुद र अतिरिक्त क्रियाकलापमा सहभागिता जनाउनको अवसर उपलब्ध छैन। आर्थिक रूपमा कमजोर परिवारका विद्यार्थीहरूलाई यी गतिविधिहरूमा समावेश गराउन विद्यालयलाई आवश्यक साधन र स्रोतको अभाव छ। यसले विद्यार्थीहरू बीच असमानता सिर्जना गर्छ र केही विद्यार्थीहरू बाहिर नै बस्ने स्थिति आउँछ।

**सामाजिक र सांस्कृतिक प्रतिबन्धहरूः**

कसैका लागि, विशेष गरी केही परिवारहरूमा, खेलकुद र अन्य बाहिरी क्रियाकलापहरूमा भाग लिन सामाजिक र सांस्कृतिक प्रतिबन्धहरू हुन्छन्। केहि समुदायहरूमा, विशेष गरी लडाइँमा संलग्न समुदायहरूमा, महिलाहरू र केटीहरूको शारीरिक गतिविधिहरूमा कम प्रोत्साहन दिइन्छ। यसले लैंगिक समानताको हकमा पनि समस्या निम्त्याउँछ र खेलकुद र अन्य क्रियाकलापहरूको क्षेत्रमा समान सहभागिता सुनिश्चित गर्न चुनौती पुर्याउँछ।

## ५.१.२ उद्देश्यहरू

१. खेलकुद र अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थीको शारीरिक र मानसिक स्वास्थ्यलाई सुदृढ बनाउँनु।

२. खेलकुद र अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थीमा टीमवर्क र सहकार्यको भावना विकसीत गर्नु।

३. अतिरिक्त क्रियाकलापहरूको माध्यमबाट विद्यार्थीको सिर्जनात्मकता र आत्मविश्वास बढाउनु ।

४. खेलकुद र अन्य क्रियाकलापले जीवन सीप र समय व्यवस्थापनमा सुधार ल्याउँनु ।

## ५.१.३ रणनितीहरू:

१. विद्यालयहरूमा नियमित रूपमा विभिन्न खेलकुद गतिविधिहरू जस्तै फुटबल, क्रिकेट, भलिबल, दौड आदि आयोजना गर्न सक्छ ।

२. विद्यालयको क्रियाकलापमा प्रत्येक हप्ता खेलकुद र शारीरिक व्यायामका लागि निश्चित समय छुट्याउने ।

३. फुटबल, क्रिकेट, भलिबल जस्ता समूह खेलहरूको आयोजन गरेर विद्यार्थीहरूलाई मिलेर काम गर्ने भावना विकास गराउने ।

४. विद्यार्थीहरूको सहकार्य र टीमवर्कलाई प्रोत्साहन दिन समूहमा आधारित चुनौतीहरू र प्रतिस्पर्धाहरू आयोजना गर्ने ।

५. नृत्य, संगीत, चित्रकला, नाटक जस्ता कार्यक्रमहरूलाई नियमित रूपमा विद्यालयमा आयोजना गरेर विद्यार्थीको सिर्जनात्मकता बढाउने

६. रचनात्मक लेखन, शिल्पकला, विज्ञान प्रदर्शनी जस्ता गतिविधिहरूको आयोजना गरेर विद्यार्थीहरूको आत्मविश्वास र सिर्जनात्मक क्षमता विकसीत गर्ने ।

७. विद्यार्थीहरूलाई जीवनका विभिन्न पक्षमा सशक्त बनाउने कार्यशालाहरू र प्रेरक वक्ताहरूको निमन्त्रण गरि आत्मविश्वास विकासमा सहयोग पुर्याउने ।

## ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

विद्यार्थीहरूका लागि विद्यालय अतिरिक्त क्रियाकलाप र खेलकुदको माध्यमबाट अन्तर्निहित क्षमताको विकास तथा पहिचान हुने ।

**ख) नतिजा**

१. विद्यार्थीको शारीरिक र मानसिक स्वास्थ्य सुधार भएको हुने ।

२. अतिरिक्त क्रियाकलाप र खेलकुद गतिविधिहरूले विद्यार्थीहरूमा सहकार्य, संचार र समस्या समाधान गर्ने, टीमवर्क र सहकार्यको भावना विकसीत भएको हुने ।

३. विद्यार्थीको सिर्जनात्मकता र आत्मविश्वासको वृद्धि भएको हुने ।

४. विद्यार्थीलाई प्रभावकारी कामकाजी जीवन र व्यक्तिगत जिम्मेवारीमा उत्कृष्टता ल्याउन सहयोग पुर्याइ लाइफ स्किल्स र समय व्यवस्थापनमा सुधार भएको हुने ।

५. विद्यालय अतिरिक्त क्रियाकलाप र खेलकुदमा सबै विद्यार्थीको समान पहुँच भइ समाजमा समानता र समावेशीता प्रवर्द्धन भएको हुने।

### ५.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्यः

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| पालिका स्तरमा खेलकुद प्रवर्दनका लागि राष्ट्रपति रनिग सिल्ड | पटक | ५ | १ | १ | १ | १ | १ | |
| पालिका स्तरमा विद्यालय स्तरीय खेलकुद प्रतियोगिता र विभिन्न च्याम्पियनसिपहरूको आयोजना गर्ने | पटक | २ | ० | १ | ० | १ | ० | |
| विद्यालय स्तरमा अतिरिक्त क्रियाकलाप तथा कार्यक्रमहरूको आयोजना | विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | |
| विद्यालय स्तरमा विविध कला र सांस्कृतिक कार्यक्रमहरूको आयोजना | पटक | २ | ० | १ | ० | १ | ० | |
| खेलकुद र शारीरिक गतिविधिहरूको लागि विशेष समय निर्धारण | विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | |
| खेलकुद प्रशिक्षकहरूको तालिम र विकास | पटक | ४ | ० | १ | १ | १ | १ | |
| विद्यार्थीहरूको नेतृत्व क्षमताको विकासका लागि कार्यशालाहरू | पटक | ३ | ० | १ | ० | १ | १ | |
| सबै विद्यालयमा संगित तथा खेल सामग्री व्यवस्थापन | विद्यालय | ३१ | ३१ | ० | ० | ३१ | ० | |
| बुक फ्रि फ्राइडे कार्यान्वयन | विद्यालय | ३१ | ० | ३१ | ३१ | ३१ | ३१ | |

# परिच्छेद ६

## सुशासन तथा व्यवस्थापन

## ६.१ संस्थागत संरचना र क्षमता विकास

### ६.१.१ परिचय र वर्तमान अवस्था

देशको बर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको सङ्ख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनामा प्रारम्भिक

बालबिकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतिहरू पहिचान गरिएको छ । पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ ।
वर्तमान अवस्थामा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ ।राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेषगरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन यथार्थ पनि हाम्रो सामु छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९शैक्षिक तालिम केन्द्रहरू मध्ये सातवटा प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् । अन्यतालिम केन्द्रहरू खारेज भएका छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशनालयहरू प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन् । लोक लोकसेवा आयोगले स्थानीय तहका लागि कम्तीमा एउटा स्थानीय तहमा एक जना शिक्षा सेवा कर्मचारी पुऱ्याउने लक्ष्यका आधारमा करिब ७००जना शिक्षा सेवाका कर्मचारीहरूको सिफारिस गरेको छ । तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार २४(घ) १को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदस्थापन अझै व्यवस्थित हुन सकेको छैन । संघीय स्वरूप अनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका तेइसवटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई राखियो तर इकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन । एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुनः परिभाषित गर्नुपर्ने देखियो । जिल्ला समन्वय इकाइ र प्रदेश निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन्

तर उपयोग नहुँदा खेर जाने अवस्था छ । साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ । कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुंगो लागेको अवस्था छैन । शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुंगो लाग्न बाँकी नै रहेको अवस्था छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

संघीय शिक्षा ऐन नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ वटा कार्य के कसरी गर्ने विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा बढुवा, कार्यसम्पादन मूल्याकन, शिक्षक तालिम, दरबन्दी सिर्जना, सरुवा आदि जस्ता कुराहरू अन्यौल नै छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरिएको छ ।

### ६.१.२ उद्देश्यहरू

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्:-

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ,प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु
३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु

४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु

### ६.१.३ रणनीतिहरू

५. स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्य गरिने छ ।
६. संघीय सरकारलाई संघीय शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गरिने छ ।
७. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।
८. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ ।
९. संघ,प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ ।
१०. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहवीचका कार्य विवरण स्पष्ट गरिने छ।
११. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।
१२. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।
१३. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक | जना | - | ३० | ३० | ३० | ३० | |
| २ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | मदरसा समेत |

| क सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | मदरसा समेत |
| ४ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | विद्यालय | - | ७ | - | - | - | |

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | ५ | १ | १ | १ | १ | १ | |
| एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| अनुगमन प्रणाली का लागि सूचक तयारी र अध्यावधिक | पटक | ५ | १ | १ | १ | १ | १ | |
| सुचकका अधारमा विद्यालय अनुगमन | पटक | १५० | ३० | ३० | ३० | ३० | ३० | |
| वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | ५ | ३ | ३ | ३ | ३ | ३ | वार्षिक ३ पटक |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरूपमा कार्यान्वन गर्नेछ । स्थानिय तह र बिद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन् ।कार्यक्रम सञ्चालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको

प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

## ६.२.१ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाहि जनप्रतिनीधिहरुलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएके छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

**(क) चुनौती**

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न कठिन रहनु ।
२. जनशक्ति तथा दक्षताको अभावले योजना कार्यान्वयनमा ढिलाइ वा असफलता निम्त्याउनु ।
३. कार्यान्वयनका लागि आवश्यक संरचना, उपकरण, तथा पूर्वाधारको अभाव चुनौतीपूर्ण रहनु ।
४. सरकारी निकाय, विद्यालय, तथा समुदायबीच समन्वय नहुँदा योजना प्रभावकारी रूपमा अघि बढ्न नसक्नु ।
५. स्थानीय शिक्षा योजनामा राजनीतिक प्रभाव र हस्तक्षेपले कार्यान्वयनमा अनियमितता निम्त्याउनु ।
६. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभावमा योजना सही ढंगले कार्यान्वयन भएको सुनिश्चित गर्न कठिनाइ हुनु ।

**(ख) अवसर**

१. स्थानिय स्तरमा विद्यालय, अभिभावक, शिक्षक र सामुदायिक संस्थाको सहभागिता शिक्षाको गुणस्तर सुधारमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।
२. डिजिटल प्रविधि, अनलाइन शिक्षा, र शिक्षा व्यवस्थापन प्रणालीहरूको प्रयोगले शिक्षामा पहुँच वृद्धि र प्रभावकारी व्यवस्थापनको अवसर दिन्छ
३. स्थानीय स्तरमा उपलब्ध स्रोत र सीपहरूको उपयोगले योजना कार्यान्वयनलाई सशक्त बनाउन मद्दत गर्छ ।
४. दातृ निकाय, गैरसरकारी संस्था, र निजी क्षेत्रसँगको सहकार्यले अतिरिक्त स्रोत र प्राविधिक सहयोग जुटाउने अवसर प्रदान गर्छ।

५. संघीय प्रणालीले स्थानीय आवश्यकताहरूअनुसार योजना बनाउन र कार्यान्वयन गर्न थप स्वायत्तता र लचकता प्रदान गर्दछ।
६. स्थानीय निकायहरूको नेतृत्व र उत्तरदायित्व बढाउँदा शिक्षाको सुधारको लागि ठोस कदम चाल्न सकिन्छ।

### ६.२.२ उद्देश्यहरू

१. बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने,
२. आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका विकास गर्ने,
३. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन का नतिजाहरू को विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्ने,
४. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदानप्रदान का लागि स्थानीय स्तर मा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,
५. विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने,
६. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने,
७. नतिजा मा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने,
८. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथाचुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने,
९. योजनाको लगानी देखि प्रभाव तह सम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने,

### ६.२.३ रणनीतिहरू

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने
७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितितासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने

९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने

१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।

२ प्रभावकारी अनुगमन को माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समय मै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कन मा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने छ ।

३ कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुने छ

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नतिजा मा आधारित अनुगमन प्रणाली स्थापित हुने बिद्यालय सङ्ख्या | विद्यालय | ५ | ५ | ५ | ७ | ८ | |
| २ | अनुगमन का आधारमा नतिजा सुधार हुने बिद्यालय सङ्ख्या | विद्यालय | ५ | ५ | ५ | ७ | ८ | |
| ३ | विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने | पटक | १ | १ | १ | १ | १ | |
| ४ | सिकाईहरुको दस्तावेज तयार हुने बिद्यालय सङ्ख्या | पटक | ५ | ५ | ५ | ७ | ८ | |

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | अनुगमन प्रणाली का लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | सुचकका अधारमा विद्यालय अनुगमन | पटक | ३० | ३० | ३० | ३० | ३० | ३० | |
| ७ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | वार्षिक ४ पटक |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद ७
# लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय र बर्तमान अवस्था

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने

दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो रहेको छ ।

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रूपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन् । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत झण्डै ११ हजार रहेको छ ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रूपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन

पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट रू हजारमा | कैफियत |
|---|---|---|---|
| १ | सङ्घीय सरकार | ३५६७८८/- | अनुमानित |
| २ | प्रदेश सरकार | ७९९८९/- | अनुमानित |
| ३ | स्थानीय सरकार | १८७०७२/- | अनुमानित |
| ४ | सङ्घ संस्था तथा दातृनिकाय | ३९६९७/- | अनुमानित |
| | **जम्मा** | ६६३५४६/- | **अनुमानित** |

## ७.२ उद्देश्यहरू

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

## ७.३ रणनीतिहरू

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय, प्रदेश र स्थानीय सरकारका साथै अन्य संङ्घ संस्थाबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | अपेक्षित अनुदानको स्रोत र रकम (रकम रू. हजारमा) | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | अन्य सङ्घ संस्था | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ३३२४३ | ० | १५९७२ | ५११२ | ५४३२७ |
| २ | आधारभूत शिक्षा | २००६० | ० | ५६३३ | १३९५ | २७०८७ |
| ३ | माध्यमिक शिक्षा | ११०९३ | २००० | ८६७९ | २०८५ | २३८५६ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १६८७३ | १७९०३ | १०४८९० | ११९३ | १४०८५८ |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ४११०१ | २९६९ | १९७२ | १०७९ | ४७१२० |
| ६ | पाठ्यक्रम र पाठ्यसामग्री | ३३१०३ | ० | ४५३० | ८२५ | ३८४५८ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | २५४०५ | ९०० | ६२८३ | ११७९० | ४४३७८ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ६५१९ | ० | २९१९ | १५८९ | ११०२८ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ७२४५८ | ० | १७८८ | ५४५ | ७४७९१ |
| १० | विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | ३३९६ | २८२ | ३८२ | ४६६ | ४५२६ |
| ११ | विद्यालय भौतिक पूर्वाधार | ८२४०३ | ४९४४२ | २४७२१ | ८२४० | १६४८०६ |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ७९०५ | ५३७४ | ३७२२ | १८७४ | १८८७४ |
| १३ | विद्यालय अतिरिक्त क्रियाकलाप र खेलकुद | ६३५ | ८९० | ३९६३ | ३३६३ | ८८५१ |
| १४ | शुसासन र व्यवस्थापन | ११४५ | २३० | १४६९ | ९७ | २९४० |
| १५ | अनुगमन र मुल्यांकन | ५५० | ० | ५५० | ० | ११०० |
| जम्मा | | ३५५८८८ | ७९९८९ | १८७४७२ | ३९६५१ | ६६३००० |

## ७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

सिद्धार्थनगर नगरपालिकाको शिक्षा योजनामा उल्लिखित परिच्छेद ३, ४, ५, ६ र ८ मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाइ प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ । सो एकाइ लागतले लक्ष्य लाई गुणन गरी वार्षिक अनुमानित बजेट निर्धारण गरि क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्र र अन्तरसम्बन्धित विषयक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत र अन्तरसम्बन्धित विषयक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपसिलको तालिकामा प्रस्तुत गरिएको छ । उपक्षेत्रगत र र अन्तरसम्बन्धित विषयक्षेत्रका क्रियाकलापगत विस्तृतीकरणलाई अनुसूचीमा उल्लेख गरिएको छ ।

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान रू हजारमा | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ९६२४ | १०९३३ | ११०९१ | ११३५५ | ११३२४ | ५४३२७ |
| २ | आधारभूत शिक्षा | ५०३१ | ५५६५ | ५५०५ | ५६९७ | ५६९० | २७४८८ |
| ३ | माध्यमिक शिक्षा | १९५५ | ७१९४ | ३६६४ | ७३३५ | ३७०८ | २३८५६ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ३०० | ११०६ | ४६२८ | १०३६५१ | ३११७४ | १४०८५८ |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ८८३१ | ९२५८ | ९६८९ | ९५७६ | ९७६६ | ४७१२० |
| ६ | पाठ्यक्रम र पाठ्यसामग्री | ८९११ | ६९३८ | ७९२२ | ७२०१ | ७४८५ | ३८४५८ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १००५६ | ८०६२ | ८८२५ | ८६८३ | ८७५० | ४४३७८ |
| ८ | शैक्षिक समता र समावेशीकरणा | १८४२ | २२५४ | २२४६ | २२९४ | २३९३ | ११०२८ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १४९८९ | १४५९८ | १४८६६ | १४८३६ | १५५०२ | ७४७९१ |
| १० | विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | ६०० | ११६० | ८२४ | ९८९ | ९५३ | ४५२६ |
| ११ | विद्यालय भौतिक पूर्वाधार | ३१५५० | ३२३३१ | ३२९७८ | ३३६३७ | ३४३१० | १६४८०६ |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ३४१६ | ३७०८ | ३८८२ | ३८५८ | ४०३५ | १८८९९ |
| १३ | विद्यालय अतिरिक्त क्रियाकलाप र खेलकुद | ११५० | २१०० | १५०० | २४०० | १७०० | ८८५० |
| १४ | शुसासन र ब्यवस्थापन | ३५० | ६५४ | ६०८ | ६६२ | ६६६ | २९४१ |
| १५ | अनुगमन र मुल्यांकन | २५० | २०० | २५० | २०० | २०० | ११०० |
| **जम्मा** | | **९८८५५** | **१०६०६०** | **१०८४७८** | **२१२३७५** | **१३७६५६** | **६६३४२५** |

माथिको तालिका अनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत प्रक्षेपण गरी बजेटको अनुमान गरिएको छ ।

## परिच्छेद ८

## अनुगमन तथा मूल्याङ्कन

### ८.१ परिचय र बर्तमान अवस्था

अनुगमन र मूल्याङ्कन भनेको अपेक्षित परिवर्तन र वास्तविक परिवर्तनको विश्लेषण गर्ने प्रक्रिया हो । कार्यक्रमबाट मूल्याङ्कन हटायो भने क्रियाकलाप लक्ष विहिन हुन्छ । मूल्याङ्कनले कार्यक्रमलाई अझ राम्रो पार्न दिशा निर्देस गर्दछ । लगानीको उपलब्धि मापन गर्नेकाम मूल्याङ्कनले गर्दछ । मूल्याङ्कनले कार्यक्रमको डिजायन गर्न, सुधार गर्न, प्रभावकारी गराउन र पुनरावलोकन गर्न सहयोग गर्दछ । जवाफदेहिताकोलागी, योजनाको विस्वसनीयता वृद्धि गर्न, तुलना गर्न र योजनालाई सुधार गर्न पनि मूल्याङ्कन अयिवार्य हुन्छ । त्यस्कारण मूल्याङ्कन कार्यक्रमको अभिन्न अङ्ग हो । यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरूपमा कार्यान्वन गर्नेछ । स्थानिय तह र बिद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन् । कार्यक्रम सञ्चालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि।व्य।स। र प्र।अ।को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको ९शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक० नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

र्तमान अवस्थामा भौतिक निर्माण तर्पmको अनुगमन मूल्याङ्कन खासगरी प्राविधिक शाखा मार्पmत गराइन्छ । यसबाहेक गाउपालिका स्तरीय अनुगमन टोली मार्फत भौतिक तथा शैक्षिक कार्यक्रमको अनुगमन गरी पृष्टपोषण दिने गरिन्छ । शैक्षिक कार्यक्रमको सम्बन्धमा शिक्षा साखाबाट आवश्यकताका आधारमा अनुगमन मूल्याङ्कन र पृष्टपोषण गर्ने व्यवस्था गरिएको छ । समुदाय स्तरमा बार्षिक एक पटक समग्र कार्यत्रmमको सामाजिक परीक्ष गरेर पृष्टपोषण दिने व्यवस्था छ । विद्यालय स्तरमा प्रधानाध्यापकले कक्षा शिक्षण तथा विद्यालयको समग्र कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पृष्टपोषण गरी त्यसको प्रतिवेदन शिक्षा साखामा पेश गर्ने अभ्यास गरीएको छ ।

चुनौती तथा अवसरहरू

**क) अवसरहरूः**

१. समुदाय स्तरमा योजना निर्माण, योजना स्विकृत तथा खर्च स्विकृत र अनुगमन मुल्याङ्कनको सुभिदा भएको छ ।

२. समुदायको सहभागितामा योजना निर्माण तथा कार्यन्वयनको अवसर प्राप्त भएको छ ।

३. कार्यक्रमहरूको सूचना सञ्चारमा छिटो छरितो र विस्वसनीयता वृद्धि भएकोछ ।

**ख) चुनौतिहरूः**

१. नगरपालिकामा कर्मचारीको अभाव

२. समुदायमा सिपयुक्त जनशक्तिको अभाव

३. प्रधानाध्यापकको छुट्टै पद नभएर निमित्तले काम चलाउनु पर्ने

४. शिक्षक तथा कर्मचारीको सरुवा हुदा कार्यक्रम अलपत्रमा पर्ने

५. समुदायको सहभागिताको अभाव

## ८.२ उद्देश्यहरु

१. बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने

२. नगरको शिक्षा शाखाको क्षमता विकास गर्ने

३. आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका विकास गर्ने

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्ने

५. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह, सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने

६. विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने

७. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने

८. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने

९. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने

१०. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने

## ८.३ रणनीतिहरू

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ

२. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिने छ
३. शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिने छ
४. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने छ
५. योजनाका आगत (input), प्रक्रिया (Process), परिणाम (output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिने छ
६. प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने छ
७. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिने छ
८. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ
९. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ
१०. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ
११. पुरस्कार र दण्ड प्रणालीको विकास गरिने छ

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धिः**

प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

**ख) नतिजाः**

नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,
अनुगमनका आधारमा नतिजा सुधार हुने,
अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने,
विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,
विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने,

## ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | | १ | | | २ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | वार्षिक ३ पटक |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १ | |